दश बर्षे स्थानीय तहको शिक्षा योजना -२०८३ -२०९३



# केपिलासगढी गाउँपालिका

## बाक्सिला खोटाङ

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# शिक्षा योजना -२०८३ -२०९३

अद्यावधिक: २०८३


Kepilasgadhimun.gov.np

kepilasmun@gmail.com

## दश बर्षे स्थानीय तहको शिक्षा योजना -२०८३ -२०९३




केपिलासगढी गाउँपालिका

स्थानीय सरकार

# **केपिलासगढी गाउँपालिका खोटाङ**

कोशी प्रदेश, नेपाल

२०८३ जेष्ठ

# सन्देश

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगार मूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रियहितप्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि सो तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी मौलिक हकको व्यवस्था गरिएको छ।



संविधानको अनुसूची ८ ले स्थानीय तहको अधिकार सूचीको क्रम सङ्ख्या (८) मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा अधिकार गाउँपालिकाम /गाउँपालिकालाई प्रदान गरेको शिक्षाको सन्दर्भमा संविधान र कानुनले अङ्गिकार गरेको व्यवहोरालाई आत्मसात गर्दै **"सबल आर्थिक केन्द्र, समुन्नत केपिलासगढी को माध्यमबाट "सुखी केपिलासगढीवासी र समृद्ध केपिलासगढी"**को परिकल्पनालाई साकार पार्न शैक्षिक पहुँच र व्यवस्थालाई अग्रस्थानमा राख्न जरुरी देखिएको छ।

सन् १९७० देखि राष्ट्रियस्तरमा तयार गरिएको योजनाले स्थानीय तहका सबै आवश्यकता परिपूर्ति गर्न कठिनाई भई रहेको अवस्थामा वि.सं. २०५७ सालदेखि शिक्षालाई विकेन्द्रित योजनाको रुपमा निर्माण गर्न शुरुवात गरेसँगै स्थानीय तहमा गाउँ शिक्षा योजना, जिल्ला शिक्षा योजनाको माध्यमद्वारा स्थानीय जनसमुदाय र सरोकारवाला पक्षको संलग्नतामा जिल्ला शिक्षा योजना , गाउँ तथा गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयनको जमर्को गरेको देखिन्छ। यस सन्दर्भमा केपिलासगढी गाउँपालिकाले पनि गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना, विद्यालय शिक्षाको संरचना, शिक्षाको गुणस्तर, कार्यान्वयन तथा कार्यसम्पादनको जिम्मेवारी जस्ता बिषयमा सुधारका रणनीतिहरु मार्फत् विद्यालय बाहिर रहेको बालबालिकाहरुलाई निःशुल्क तथा अनिवार्य शिक्षाको माध्यमबाट शिक्षाको गुणस्तरीय पहुँच पुर्‍याउन, सक्षमता र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै बालबालिकालाई सिकाइका सबै अवसरहरु प्रत्याभूति दिनका लागि यो गाउँ शिक्षा योजना निर्माण गर्ने पहिलो प्रयास गरिएको छ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयताको चुनौतीहरुलाई सामना गर्दै विकसित भई रहेको गाउँ-गाउँ प्रविधि र ज्ञानविज्ञानको क्षेत्रलाई समेट्दै सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरुको समेत मौलिक अधिकारको संरक्षण गर्दै उनीहरुलाई सहज,सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्न कै लागि २०८३ देखि २०९३ सम्मको १० बर्षे शिक्षा योजना सरोकारवाला पक्षको सहभागितामा तयार पारिएको छ। गाउँपालिकाभित्रका शैक्षिक मुद्दा तथा चुनौतीहरुलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त संघ, प्रदेश तथा यस गाउँपालिका सम्बद्ध जनप्रतिनिधि, वडा शिक्षा समिति, विद्यालयहरु, प्राविधिक तथा सीपमूलक शिक्षण संस्थाहरु,विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, शिक्षक अभिभावक संघ,अन्य सम्बद्ध शैक्षिक संस्थाहरुको अन्तरक्रिया, छलफल सम्पन्न गरी योजनाको निर्माणमा प्राथमिकता प्रदान गरिएको छ। यस कार्यमा निरन्तर तथा अहोरात्र खटिनु भएका शिक्षा युवा तथा खेलकुद शाखा, सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, समितिका पदाधिकारीहरु, शिक्षक, समितिका पदाधिकारी साथै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

**समिर राई**
**गाउँपालिका अध्यक्ष**
**केपिलासगढी गाउँपालिका**

# सन्देश

देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई समृद्ध केपिलासगढी सुम्पन गाउँपालिकाले स्थानीय तहको शिक्षामा विभिन्नम कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। केपिलासगढी गाउँपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना २०८३-२०९३ तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ।



शिक्षा क्षेत्रको योजना यस गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्षे मार्गदर्शन हो। यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा गाउँपालिकाले राखेको छ । यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति,शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु।

**गुरुराज राई**
**गाउँपालिका उपाध्यक्ष**
**केपिलासगढी गाउँपालिका**

केपिलासगढी गाउँपालिका १० वर्षे योजना (आ.व.

# हार्दिक आभार

शिक्षा विकासको मेरुदण्ड हो । शिक्षा क्षेत्रको विकास बिना समाज परिवर्तन हुदैन । केपिलासगढी गाउँपालिकाले शिक्षालाई विकासको जग ठानेर स्थानीय तहको स्थापना देखि नै शिक्षालाई प्राथमिकतामा राखेर शिक्षाको सबै क्षेत्रमा लगानी गरिरहेको छ । शिक्षा क्षेत्रमा गरेको लगानीलाई उदेश्यमूलक र अर्थपूर्ण बनाउन गाउँपालिकाले शिक्षा योजना बनाउन आवश्यक छ । राज्यको पुर्नसंरचना पश्चात स्थापित यस गाउँपालिकाको शिक्षा क्षेत्रको यथार्थ विद्यमान अवस्थाको खोजमूलक अध्ययन गरि  गाउँको शैक्षिक विकासको बाटो चित्रण गरेको छ । यस प्रकारको चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरुलाई प्राथिमिकिकरण गरी हामीलाई उपलब्ध सिमित श्रोत तथा साधनको अधिकत्तम सदुपयोग गरी गाउँपालिका शैक्षिक विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पु¥याउने आशा तथा विश्वास लिएको छु । यस योजनाले शिक्षा क्षेत्रका सबै अवयवहरुको यथार्थतालाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा श्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्नुपर्ने आवश्यकता रहन्छ ।




२१ औं शताव्दिमा भएको विज्ञान तथा प्रविधिमा आएको तिव्र परिवर्तन , सूचना तथा संचार प्रविधिको क्रान्ति, ज्ञान तथा खोजमा भएको विस्फोटनलाई ख्याल गरि गाउँपालिकाले शिक्षा  योजना तय गरेको छ । यो शिक्षा योजना निर्माणमा अग्रसरता लिने गाउँपालिकाको शिक्षा , युवा तथा खेलकुद शाखा प्रमुखलाई हार्दिक धन्यवाद दिन चहान्छु । साथै शिक्षा शिक्षा निर्माण कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिका परिवार, शिक्षा समिति परिवार, विद्यालयका प्रधानाध्यापक र शिक्षकहरु तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

**शौ धन राई**
**प्रमुख प्रशासकीय अधिकृत**
**केपिलासगढी गाउँपालिका**

**गाउँ  शिक्षा योजना निर्माणको कार्यदलका सदस्यहरु :**

| | |
|---|---|
| श्री  समीर राई | संयोजक |
| श्री गुरुराज राई | सदस्य |
| श्री  सौ धन  राई | सदस्य |
| श्री  निर कुमार राई | सदस्य |
| श्री  जिवन खत्री | सदस्य |
| श्री  संगम खतिवडा | सदस्य |
| श्री विजय राई | सदस्य |
| श्री  राम प्रसाद आचार्य | सदस्य |
| श्री चण्डी प्रसाद रिमाल | सदस्य |
| श्री दिनेस कुमार राई | सदस्य |
| श्री सुरेन्द्र खनाल | सदस्य सचिव |

**प्रमाणित मिति २०८३।०३।०९**

केपिलासगढी गाउँपालिका १० वर्षे योजना (आ.व. २०८२/८३-९२/९३)

# विषयसूचि


**परिच्छेद १ : परिचय ........ 1**

१.१ पृष्ठभूमि ........ 1

१.२ वर्तमान अवस्था ........ 2

१.२.१ भौगोलिक अवस्थितिको विश्लेषण ........ 2

१.२.२ जनसाङ्ख्यिक संरचनाको विश्लेषण ........ 3

१.२.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण ........ 4

१.२.४ आर्थिक अवस्थाको विश्लेषण ........ 5

१.२.५ शैक्षिक अवस्थाको विश्लेषण ........ 5

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ........ 9

१.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण ........ 12

१.४ प्रमुख अवसरहरु ........ 13

१.५ योजना निर्माण प्रकृया ........ 15

**परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ 16**

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिइएका आधार ........ 16

२.२ दूरदृष्टि ........ 16

२.३ ध्येय ........ 16

२.४ लक्ष्य ........ 16

२.५ उद्देश्य ........ 16

२.६ रणनीतिहरू ........ 17

२.६: तत्कालका प्रमुख प्राथमिकताका ६ क्षेत्रहरु ........ 27

२.७ मुख्य कार्यसम्पादन सुचकहरु ........ 28

**परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु ........ 30**

३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा ........ 30

३.१.१ परिचय ........ 30

३.१.२ वर्तमान अवस्था ........ 30

३.१.३ अवसर र चुनौतिहरु ........ 31

३.१.४ उद्धेश्यहरु ........ 31

३.१.५ रणनीति ........ 32

३.१.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ............ 32

३.२ आधारभुत शिक्षा ............ 36

३.२.१ परिचय ............ 36

३.२.२ वर्तमान अवस्था ............ 36

३.२.३ अवसर र चुनौतीहरु ............ 36

३.२.४ उद्देश्यहरु ............ 37

३.२.५ रणनीतिहरु ............ 37

३.२.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ............ 37

३.३ माध्मिक शिक्षा ............ 43

३.३.१ परिचय ............ 43

३.३.२ वर्तमान अवस्था ............ 43

३.३.३ अवसर र चुनौतिहरु ............ 43

३.३.४ उद्धेश्यहरु ............ 44

३.३.४ रणनीतिहरु ............ 44

३.३.६ उपलब्धि तथा प्रमूख नतिजाहरु ............ 45

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा ............ 49

३.४.१ परिचय ............ 49

३.४.२ वर्तमान अवस्था ............ 49

३.४.३ उद्देश्य ............ 49

३.४.४ रणनीतिहरू ............ 49

३.४.५ प्रमुख उपलब्धि तथा नतिजा ............ 50

३.४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ............ 51

३.५ अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ ............ 52

३.५.१ परिचय ............ 52

३.५.२ वर्तमान अवस्था ............ 52

३.५.३ अवसर तथा चुनौतिहरु ............ 52

३.५.४ उद्धेश्य ............ 53

३.५.५ रणनीतिहरु ............ 53

३.५.६ उपलब्धि, नतिजा, प्रमूख क्रियाकलाप तथा लक्ष्य ............ 54

**परिच्छेद ४ अन्तरसम्बन्धित क्षेत्रहरु ............ 57**


कैलाश गाउँपालिका १० वर्षे योजना (आ.व. २०८२/८३-०९२/९३)

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ..... 57

४.१.१ परिचय ..... 57

४.१.२ वर्तमान अवस्था ..... 57

४.१.३ उद्देश्य ..... 58

४.१.४ रणनीतिहरू ..... 58

४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... 59

४.२ शिक्षक व्यवस्थापन र विकास ..... 61

४.२.१ परिचय ..... 61

४.२.२ वर्तमान अवस्था ..... 61

३.२.३ उद्देश्य ..... 62

४.२.४ रणनीतिहरू ..... 62

४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... 62

४.३ शैक्षिक समता र समावेशीकरण ..... 64

४.३.१ परिचय ..... 64

४.३.२ वर्तमान अवस्था ..... 64

३.३.३ उद्देश्य ..... 64

४.३.४ रणनीतिहरू ..... 65

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ..... 67

४.४.१ परिचय ..... 67

४.४.२ वर्तमान अवस्था ..... 67

४.४.३ उद्देश्य ..... 68

४.४.४ रणनीतिहरू ..... 68

४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... 69

४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता ..... 70

४.५.१ परिचय ..... 70

४.५.२ वर्तमान अवस्था ..... 70

४.५.३ उद्देश्यहरू ..... 70

४.५.५ रणनीतिहरू ..... 71

४.५.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू ..... 72

४.६ विद्यालयको भौतिक पुर्वधार विकास ..... 73

**४.६.१ परिचय** 73
**४.६.२ वर्तमान अवस्था** 73
**४.६.३ अवसर र चुनौतिहरु** 75
**४.६.४ उदेश्यहरु** 75
**४.६.५ रणनितिहरु** 75
**४.६.६ उपलब्धि, नतिजाहरु र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु** 76
**४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि** 77
**४.७.१ परिचय** 77
**४.७.२ वर्तमान अवस्था** 78
**४.७.३ अवसर र चुनैतिहरु** 79
**४.७.४ उद्धेश्यहरु** 79
**४.७.५ रणनितिहरु** 79
**४.७.६ उपलब्धिहरु, नतिजा र प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु** 80
**परिच्छेद ५: सुशासन तथा व्यवस्थापन** **81**
**५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास** 81
५.१.१ परिचय 81
५.१.२ वर्तमान अवस्था 82
५.१.३ उद्देश्यहरू 82
५.१.४ रणनीतिहरू 82
५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप 83
प्रमुख क्रियाकलाप र लक्ष्य 83
**५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** 84
५.२.१ परिचय 84
५.२.२ वर्तमान अवस्था 84
५.२.३ उद्देश्यहरू 85
५.२.४ रणनीति 85
५.२.५ प्रमुख उपलब्धि तथा नतिजा 86
**परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन** **88**
६.१ परिचयः 88
६.२ वर्तमान अवस्थाः 88
कैलाससाढा गाउँपालिका १० वर्षे योजना (आ.व. २०८२/८३-०९२/९३)

६.३ अवसर तथा चुनौतीहरू ..... 89

६.४ उद्देश्यः ..... 89

६.५ रणनीतिहरूः ..... 90

६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमानः ..... 90

**परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन ..... 94**

७.१. परिचय ..... 94

७.२. वर्तमान अवस्था ..... 94

७.३. अवसर र चुनौतीहरू ..... 95

७.४. उद्देश्यहरुः ..... 95

७.५.रणनीतिहरू ..... 95

७.६.  उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... 96

**सन्दर्भ सामाग्रीहरु : ..... 99**

**सरोकारवालाहरुसँग सुझाव संकलन कार्याशाला ..... 106**

केपिलासगढी गाउँपालिका १० वर्ष योजना (आ.व. २०८२/८३-०९२/९३)

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

शिक्षा सामाजिक तथा आर्थिक रुपान्तरणको मुल आधार हो। शिक्षाको माध्यमबाट नै व्यक्तिले आफु, आफ्नो समुदाय र राष्ट्रको परिवर्तनको लागि सशक्त भुमिका खेल्न सक्छ। त्यसैले नै, समाज रुपान्तरण तथा परिवर्तन, सामाजीकीकरण, सामाजिक न्याय, शान्ति स्थापनाको आधारका साथै आर्थिक वृद्धि तथा वातावरणीय संरक्षणको एक प्रभाबशाली शक्ति, उत्प्रेरक, माध्यमका रुपमा शिक्षा  रहदै आएको छ। शिक्षाले राष्ट्र निर्माण तथा विकासको लागि चाहिने मानव संसाधनको विकासमा अहम् भुमिका रहेको छ।गाउँपालिकाको शिक्षा विकास नै समग्र गाउँ को विकासको एक प्रमुख आधार हो।

नेपालको वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निशुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क गर्ने हकको सुनिश्चत गरेको छ । त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रुपले पिछाडिएका बालबालिकाहरुको शिक्षामा कानुन बमोजिम निशुल्क गर्ने कुराको समेत सुनिश्चत गरेको छ। संघीय स्वरुपको राज्य ब्यवस्था भए अनुरुप तीनै तहका सरकारहरु स्थापना भइ क्रियाशिल अवस्थामा छन्। सबै सरकारहरुका आआफ्ना परिवेश भए अनुरुप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ। तीनै तहका सरकारहरुले समन्वयात्मक ढंगबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तब्यहरुलाई उक्त योजनामा प्रतिबिम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरु पुरा गर्नु आजको आवश्यकता हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को  परिच्छेत ६ (२४) मा योजना तयारको सन्दर्भमा नीतिगत ब्यवस्था भएको छ। जसमा गाऊँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, बार्षिक, क्षेत्रगत योजनाहरु बनाउनुपर्ने, यसरी योजना बनाउँदा संघ र प्रदेश सरकारको नीति, लक्ष्य तथा उद्देश्यसँग तादात्म्यता कायम गर्नुपर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिनुपर्ने, छिटो र उच्च प्रतिफल दिने, रोजगारीमूलक, दीगो एवं सामाजिक न्याय अभिवृद्धि गर्ने विषयलाई प्राथमिकता दिने, स्थानीय तहले मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची ( तयार गर्नुपर्ने, सहभागितामूलक योजना तर्जुमाको पद्धति अवलम्बन गर्ने र सरोकारवालाहरुको अधिकतम सहभागिता सुनिश्चित गर्ने जस्ता विषयहरुका विषयमा नीतिगत भए बमोजिम नै क्षेत्रगत योजना तयार गर्नु नीतिगत ब्यवस्था छ।

नेपाललाई वि.सं. २०७९ (सन् २०२२) सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न र वि.सं. २०८७ (सन् २०३०) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरण गर्न आवश्यक जनशक्ति उत्पादन गर्नका साथै नेपालले सरकारले राखेको २५ बर्षीय दीर्घकालिन सोच संमृद्द नेपाल खुसी नेपाली सहितको राष्ट्रको विकासमा पनि शिक्षा क्षेत्रको विकास र सुधार आजको अपरिहार्यता रहेको छ।  संघीय शासन प्रणाली अन्तरगत सहकारिता समन्वय र सहअस्तित्वको मुल मर्मलाई आत्मसात गर्दै **'समद्द नेपाल सुखी नेपाली'** को लक्ष्य प्राप्तिमा स्थानीय सरकारको सहभागिता र योगदान सुनिश्चत गर्न स्थानीय सरकारले सहयोग पुर्याउनु आजको अपरिहार्यता छ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरु को ब्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० बर्ष योजना, शिक्षा नीति २०७६, विद्यालय सबलीकरण दशक (२०७६ -२०८५), १५ बर्षे दिगो विकासको लक्ष्य, १५ औं आवधिक योजनाले तय गरेका लक्ष्यहरु पुरा गर्न का लागि  र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ।  त्यसैगरी सन् २०३० सम्म प्राप्त गर्ने भनेर तय भएको १७ दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नं ४ मा सबैका लागि समावेशी र समतामुलक गुणस्तरीय

शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरु प्रोत्साहित गर्ने लक्ष्य निर्धारण गरेको छ। जसको लागि ७ उदेश्य तथा ३ माध्यमहरु तय गरेको छ। त्यसको साथै यस गाउँ पालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उदेश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेको छ।

हरेक आवमा स्थानीय सरकारले बार्षिक बजेट तथा कार्यक्रम तयार गर्नु पर्ने हुन्छ र आगमि दिनमा एकमुष्ट संघीय सरकारबाट बजेट प्राप्त हुने र त्यसबाट स्थानीय सरकार आँफैले बार्षिक कार्यक्रम बनाउनु पर्ने सन्दर्भ रहेको छ। हालै कोभिड १९ ले शिक्षा क्षेत्रमा पारेको प्रभावलाई मध्यनजर गर्दै शिक्षा क्षेत्रको सुधारका लागि एवम् गाउँपालिकामा भएका सिमित स्रोत साधन तथा शिक्षा क्षेत्रको सुधारका असिमित आवश्यकता तथा समस्याहरुको सम्बोधनका लागि पनि ब्यवहारिक रुपमा कार्यान्विनयन योग्य योजना को विकल्प नभएको हालको अवस्था रहेको छ ।

सन्दर्भमा राज्यको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उदेश्य पुरा गर्न स्थानीय गाउँपालिकाका आवश्यकताहरु पुरा गर्न गाउँपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० बर्ष योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ। यसैले केपिलासगढी गाउँ पालिकाले आफ्नो शिक्षा योजना तयार गरेको छ।

## १.२ वर्तमान अवस्था

### १.२.१ भौगोलिक अवस्थितिको विश्लेषण

केपिलासगढी गाउँपालिका कोशी प्रदेश अन्तर्गत खोटाङ जिल्लामा पर्दछ। केपिलासगढी गाउँपालिका खोटाङ जिल्लाको सदरमुकाम दिक्तेल बाट करिब ४२ किलोमिटर उत्तर-पुर्व तर्फ १६१० मिटरको उचाइमा १९१.९३ वर्ग कि.मि क्षेत्रफलमा अवस्थित छ। यस गाउँपालिकाको छिमेकी गाउँपालिकाहरुमा पुर्व तर्फ टेम्के मैयुम गाउँपालिका र साल्पा सिलिचोङ गाउँपालिका छन भने पश्चिम तर्फ ऐसेलुखर्क गाउँपालिका र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका रहेका छन त्यस्तै उत्तर तर्फ ऐसेलुखर्क गाउँपालिका, सोलुखुम्वुको सोताङ गाउँपालिका र महाकुलुङ गाउँपालिका रहेका छन भने दक्षिण तर्फ दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका र भोजपुरको टेम्के मैयुम गाउँपालिका रहेका छन। यस गाउँपालिकामा जम्मा ७ वटा वडाहरु (फेदि–१, खार्तम्छा–२, बास्पानी–३, बाक्सिला–४, सप्तेश्वर–५, दिप्सुङ–६ र सुङ्देल–७) रहेका छन् भने गाउँ कार्यपालिकाको कार्यालय वडा नं ४ अन्तर्गत बाक्सिला बजारमा रहेको छ। यस गाउँपालिकालाई पर्यटकिय क्षेत्रको दृष्टिकोणले हेर्ने हो भने पूर्वमा लौरेडाँडा, ढोलटासे, ढालतरवार डाँडा, घ्याङ्डखर्क, वाहानेडाँडा, चिलिमढुङ्गा पूर्व दक्षिणमा जुगे हक्कुले र ४ नं. वडाको केपिलिसगढी डाँडा अत्यन्तै सम्भावना बोकेको पाइन्छ। त्यति मात्र हैन गाउँपालिकाबाट दक्षिण-पुर्व तर्फमा अवस्थित मैयुमडाँडा पनि सुन्दरताले भरिपूर्ण रहेको पाइन्छ।

नेपाल सरकारको २०७३ साल फाल्गुण २७ गते प्रकाशित राजपत्र बमोजिम ७ ओटा गाविस समावेस गरी केपिलासगढी गाउपालिका नाम राखी ७ वटा वडामा विभाजित छ।

| .सं. | नयाँ वडा | समावेश गाविस | जनसंख्या | क्षेत्रफल(वर्ग कि.मी.) |
|---|---|---|---|---|
| १ | १ | फेदी(१-९) | ३२६४ | ५८.२४ |
| २ | २ | खार्ताम्छा(१-९) | १८४१ | १४.९५ |
| ३ | ३ | बास्पानी(१-९) | १५६९ | ६.८९ |

| | | | | |
|---|---|---|---|---|
| ४ | ४ | बाक्सिला(१-९) | ३२६१ | १६.७१ |
| ५ | ५ | सप्तेश्वर(१-९) | २०७६ | १०.१७ |
| ६ | ६ | दिप्सुङ(१-९) | ८३३ | १३.०९ |
| ७ | ७ | सुङ्देल(१-९) | २४४४ | ७१.५ |
| | **जम्मा** | | **१५२८८** | **१९१.५५** |

### १.२.२ जनसाङ्ख्यिक संरचनाको विश्लेषण

जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या १३,२३१ रहेको छ। जसमा ४९.४ प्रतिशत पुरुष रहेकाछन् भने ५०.६ प्रतिशत महिला रहेकाछन्। लैङ्गिक अनुपात ८९.०७ रहेको छ। जनघनत्व प्रति वर्गकिलोमिटर ६९ रहेको छ भने कुल परिवार सङ्ख्या ३,३१८ रहेको छ। यस गाउँपालिकाको वडागत जनसङ्ख्या विवरण यस प्रकार रहेको छ।

| वडा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | १३२३ | १४४४ | २७६७ | २०.९ |
| २ | ७८९ | ७३७ | १५२६ | ११.५ |
| ३ | ५९३ | ६१९ | १२१२ | ९.२ |
| ४ | १५३२ | १५५१ | ३०८३ | २३.३ |
| ५ | ८२१ | ८९५ | १७१६ | १३.० |
| ६ | ४२० | ३८६ | ८०६ | ६.१ |
| ७ | १०५७ | १०६४ | २१२१ | १६.० |
| **कुल** | **६५३५** | **६६९६** | **१३२३१** | |




### १.२.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

केपिलासगढी गाउँपालिका एक सामाजिक तथा सांस्कृतिक रुपमा विविधतापुर्ण स्थानीय सरकार हो । विभिन्न जातजातिको बसोबास भएको यो गाउँ आ-आफ्नै परम्परा र संस्कृतिको केन्द्र बनेर हालसम्म रहेको छ । हाल यहाँ राई, ब्राह्मण, क्षेत्री, नेवार, सुनुवार, शेर्पा, तामाङ्ग, दमाई, कामी, सार्की, भुजेल आदी लगायतका जातजातिहरूको बसोबास छ । यस गाउँपालिकामा सबै भन्दा बढी जनजाती समुहको मानिसहरुको बाहुल्यता रहेको छ । जनजाती मध्य पनि राई जातीको बाहुल्यता पाईन्छ । यहाँ क्रमश राई, ब्रामण, क्षेत्री, मगर, तामाङ, नेवार, कामी, गुरुङ, दमै, लिम्बु, शेर्पा, सुनुवार, घर्तिभुजेल र अन्य रहेकाछन् ।

यस पालिकामा रहेका मुख्य राई जातीहरुले उधौली र उभौली पूर्णीमालाई मुख्य चाडको रुपमा मनाउँदछन् । राईहरु किराँत धर्म मान्दछन् । तामाङ, शेर्पा, गुरुङ ल्होसार, बुद्ध पूर्णिमालाई मुख्य पर्वकोरुपमा मान्दछन् । तामाङ, शेर्पा बुद्ध धर्म मान्दछन् । यस पालिका ईसाई धर्मावलम्वीहरु पनि रहेका छन् । ईसाईहरु क्रिसमसलाई मुख्य पर्वकोरुपमा मान्दछन् । यस गाउँपालिकामा रहेका ब्राह्मण, क्षेत्री, नेवार, घर्ती, भुजेल, दमै, कामी आदी हिन्दु धर्म मान्दछन् । हिन्दु परम्परानुसारका सवै पर्वहरु मनाइने गरिएको छ ।

### १.२.४ आर्थिक अवस्थाको विश्लेषण

यस गाउँपालिकाका बासिन्दाहरू अधिकाम्स कृषि पेशामा निर्भर रहेका छन भने केही मात्रामा सरकारी नोकरी, व्यापार, व्यवसाय, वैदेशिक रोजगार, सिकर्मी तथा डकर्मी पेशामा निर्भर रहेका छन् । यस पालिकाको आर्थिक क्रियाकलापमा सहभागीहरुको जनसंख्याहरुको विवरण तल प्रस्तुत गरिएको छ ।

| क्षेत्र | कुल | पुरुष | महिला |
|---|---|---|---|
| सरकारी | ३.० | ३.५ | २.५ |
| वित्तिय | ०.१ | ०.२ | ०.१ |
| गैरवित्तिय | ४.७ | ४.७ | ४.६ |
| गैर नाफामूलक | ०.१ | ०.१ | ०.१ |
| घरायसी क्षेत्र | ९२.१ | ९१.५ | ९२.८ |

जनगणना २०७८ अनुसार यस क्षेत्रका मानिसहरु देहायका क्षेत्रमा क्रियाशिल रहेकाछन् ।

| क्षेत्र | कुल | पुरुष | महिला |
|---|---|---|---|
| सशस्त्र बल | ०.० | ०.० | ०.० |
| व्यवस्थापक | १.२ | १.३ | १.२ |
| पेशाविद्‌हरू | २.२ | २.४ | २.१ |
| प्राविधिक तथा सहायक पेशाविद्‌हरू | ०.५ | ०.५ | ०.५ |
| कार्यालय सहायकहरू | ०.३ | ०.३ | ०.२ |
| सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरु | १.३ | १.४ | १.१ |
| कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरु | ९१.७ | ९०.७ | ९२.६ |
| शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | ०.६ | १.० | ०.२ |
| कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरु | ०.२ | ०.३ | ०.१ |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरु | १.९ | १.९ | २.० |

### १.२.५ शैक्षिक अवस्थाको विश्लेषण

नेपालको शैक्षिक संरचनाको दृश्ट्रिले हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ। एक वर्ष अवधिको प्रारम्भिकबालविकास तथा शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने ब्यवस्था गरिएको छ। आधारभूत तहलाई अनिवार्य तथा निशुल्क गरिएको छ भने माध्यमिक तहलाई निशुल्क रहने ब्यवस्था गरिएको छ। विद्यालय शिक्षालाई दुई तरीकाहरु नीजि लगानी र सरकारी लगानीबाट ब्यवस्थापन गरिएको छ।

गाउँपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकामा सामुदायिकतर्फ २६ वटा बालविकास केन्द्रहरू रहेका छन्। सामुदायिक विद्यालयतर्फ आधारभूत तहका २६ वटा, माध्यमिक तह सञ्चालन भएका ९ वटा रहेका छन्। यस गाउँपालिकामा २ वटा सिकाइ केन्द्रहरू पनि सञ्चालनमा रहेका छन्। यसका अतिरिक्त १ प्राविधिक धारको विद्यालय रहेका छ । जसमा बाली विज्ञान

(Agriculture) विषयको अध्ययन अध्यापन हुँदै आएको छ । केपिलासगढीगाउँपालिकाको शैक्षिक सत्र २०८२ अनुसारको कक्षा १ बाट ५ सम्म १२७० जना रहेकाछन् । जसमा ६५९ जना छात्रा र ६०१ जना छात्र रहेकाछन् । त्यसैगरी कक्षा ६ बाट ८ सम्म ७०३ जना रहेकाछन्। जसमा ३५४ जना छात्रा र ३४९ जना छात्र रहेकाछन् । कक्षा ९ बाट १० मा जम्मा ४३१ जना र कक्षा ११ र १२ मा १११ जना अध्ययरत रहेकाछन् ।

केपिलासगढीगाउँपालिकाको सामुदायिक विद्यालयको शिक्षक अवस्था दृष्टिगत गर्दा बालविकासमा २६ जना महिला शिक्षकहरू रहेको देखिन्छ । आधारभूत तह (कक्षा १-५) मा स्थायी दरबन्दी ८३, राहत ३०, पालिकाका १ गरी समेत ११४ जना रहेका छन् । आधारभूत तह (कक्षा ६-८) मा स्थायी दरबन्दी ९, राहत २०, पालिकाका  शिक्षण सहयोग अनुदान ३ गरी ३२ जना रहेका छन् । त्यसैगरी माध्यमिक तह (कक्षा ९-१०) मा स्थायी दरबन्दी १०, राहत ८  र शिक्षण सहयोग अनुदान १२ र पालिकाको १ गरी समेत गरी ३१ जना रहेका छन् ।  कक्षा ११ र १२ मा २ जना शिक्षकहरू रहेका छन् ।  प्राविधिक धारमा ८ जना शिक्षकहरू रहेका छन् ।  विद्यालय सहयोगी ३७ जना र विद्यालय कर्मचारी लेखामा ७ जना कर्मचारी रहेका छन ।

जनगणना २०७८ अनुसार यस गाउँपलिकाको साक्षरताको अवस्था  ७५.० प्रतिशत रहेको छ । त्यसमा पुरुषको ८१.७ प्रतिशत रहेको छ भने महिलाको प्रतिशत ६८.५ रहेको छ । १० जोड २ वा सोसरह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्रअनुसारको जनसङ्ख्याको अवस्था हेर्दा सबैभन्दा बढी अध्ययन व्यवस्थापन विषय पढ्ने रहेकाछन् । प्राविधिक शिक्षातर्फ पहुँच अत्यन्त न्यून छ । समग्र अवस्था हेर्दा शिक्षा र व्यवस्थापन विषयको अध्ययन गर्नेको सङ्ख्या बढी देखिन्छ । यसको विस्तृत विवरण तलको ग्राफमा देखाइएको छ ।




त्यसैगरी केपिलासगढी गाउँपालिकाको शैक्षिक सुचक अवस्था तलको तालिममा प्रस्तुत छ ।

| सुचक | लिंक | पालिकाको अवस्था |
|---|---|---|
| **इसिडिको कुल भर्नादर** | **छात्रा** | ६४.४ |

| | | |
|---|---|---|
| | छात्र | ६६.२ |
| | जम्मा | ६५.२ |
| **इसिडिको खुद भर्नादर** | छात्रा | ६३.० |
| | छात्र | ५२.८ |
| | जम्मा | ५८.३ |
| **कुल प्रवेशदर कक्षा १** | छात्रा | १२२.९ |
| | छात्र | १५७.० |
| | जम्मा | १३९.२ |
| **खुद प्रवेशदर कक्षा १** | छात्रा | ९४.५ |
| | छात्र | ९४.० |
| | जम्मा | ९४.३ |
| **कुल भर्नादर कक्षा १ बाट ५** | छात्रा | १२७.६ |
| | छात्र | १३१.७ |
| | जम्मा | १२९.७ |
| **खुद भर्नादर कक्षा १ बाट ५** | छात्रा | ९६.७ |
| | छात्र | ९७.२ |
| | जम्मा | ९७.० |
| **कुल भर्नादर कक्षा ६ बाट ८** | छात्रा | १२०.१ |
| | छात्र | १२६.२ |
| | जम्मा | १२२.९ |
| **खुद भर्नादर कक्षा ६ बाट ८** | छात्रा | ९१.५ |
| | छात्र | ९५.० |
| | जम्मा | ९३.१ |
| **कुल भर्नादर कक्षा १ बाट ८** | छात्रा | १२४.७ |
| | छात्र | १२९.८ |
| | जम्मा | १२७.२ |
| **खुद भर्नादर कक्षा १ बाट ८** | छात्रा | ९४.६ |
| | छात्र | ९६.५ |
| | जम्मा | ९५.५ |
| **कुल भर्नादर कक्षा ९ बाट १०** | छात्रा | ९७.९ |

| | | |
|---|---|---|
| | छात्र | ९६.७ |
| | जम्मा | ९७.३ |
| **खुद भर्नादर कक्षा ९ बाट १०** | छात्रा | ६३.६ |
| | छात्र | ७६.९ |
| | जम्मा | ७०.३ |
| **कुल भर्नादर कक्षा ११ बाट १२** | छात्रा | २९.७ |
| | छात्र | ३७.६ |
| | जम्मा | ३२.५ |
| **खुद भर्नादर कक्षा ११ बाट १२** | छात्रा | १८.४ |
| | छात्र | १६.८ |
| | जम्मा | १७.८ |
| **कुल भर्नादर कक्षा ९ बाट १२** | छात्रा | ६८.२ |
| | छात्र | ७९.३ |
| | जम्मा | ७३.१ |
| **खुद भर्नादर कक्षा ९ बाट १२** | छात्रा | ४३.९ |
| | छात्र | ५९.२ |
| | जम्मा | ५०.७ |
| **कक्षा ५ सम्मको टिकाउदर** | छात्रा | ८८.५ |
| | छात्र | ८६.९ |
| | जम्मा | ८७.६ |
| **कक्षा ८ सम्मको टिकाउदर** | छात्रा | ८४.९ |
| | छात्र | ८१.७ |
| | जम्मा | ८३.३ |
| **५ बाट १२ बर्षे उमेर समूहका विद्यालय बाहिरका बालबालिकाहरुको प्रतिशत** | छात्रा | ६१.० |
| | छात्र | ५०.० |
| | जम्मा | १११.० |
| **कक्षा १० सम्मको टिकाउदर** | छात्रा | ७२.८ |
| | छात्र | ६६.० |
| | जम्मा | ६९.२ |
| **कक्षा १ मा इसीडी सहितको अनुभवको प्रतिशत** | **छात्रा** | ८४.५ |

| | | |
|---|---|---|
| | | ७०.९ |
| | | ७७.० |

माथिको तालिकाको विश्लेषण गर्दा आधारभूत तहको कक्षा १-८ को कुल भर्ना दर १२७.२ र कक्षा ९-१२ हेर्दा ३२.५ देखिन्छ । यसरी हेर्दा सही उमेरमा बालबालिकाहरू भर्ना नहुने देखिएको छ । समयमा नै विद्यालय भर्ना गराउनु पर्ने यस पालिकाको प्रमुख चुनौती देखिन्छ । त्यसैगरी आधारभूत तहमा खुद भर्ना दर ९५.५ र माध्यमिक तहमा खुद भर्ना दर १७.८ रहेको छ । यसरी हेर्दा अझै पनि आधारभुत तहमा ४.५ र माध्यमिक तहमा ८२.२ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् । यस गाउँपालिकाको कक्षा उत्तीर्ण दर राम्रो भए पनि कक्षा छोड्ने तथा दोहोऱ्याउने दर उच्च रहेको छ । त्यसमा पनि कक्षा १ बाट ५ सम्मको कक्षा छोड्ने दर उच्च रहेको छ । विद्यार्थीको कक्षा अनुसारको उमेर मिल्दो छैन । माथिल्लो उमेर समूहको विद्यार्थी तल्लो कक्षामा अध्ययन गरिरहेको अवस्थाका कारण सहजै देखिने भर्नादर बढी छ । कक्षा छोड्ने दरमा छात्रा भन्दा छात्रको दर उच्च रहेको छ । तर कक्षा दोहोऱ्याउने दरमा छात्राको भन्दा छात्रको उच्च रहेको छ । त्यसैले अबको योजनामा बालबालिकाहरूलाई कक्षा छोड्ने र दोहोऱ्याउने दरलाई पनि कम गर्नु पर्ने र प्रत्येक कक्षामा तोकिएको उमेर अनुसारको विद्यार्थी राख्ने क्रियाकलापहरूलाई प्राथमिकता दिनु पर्ने देखिन्छ । यस गाउँपालिकाको आन्तरिक सक्षमतालाई हेर्दा कक्षा ८ को टिकाउ दर ८३.८ र कक्षा १० को टिकाउ दर ६९.२ रहेको छ । यसरी हेर्दा बालबालिकाहरूको टिकाउदर ज्यादै कमजोर रहेको छ । लैगिङ्गरुपमा हेर्दा पनि छात्राको भन्दा छात्रको टिकाउदर कम रहेको छ । शैक्षिक सत्र २०८१ को सामुदायिक विद्यालयको कक्षा त्यसैगरी कक्षा ८ को सिकाइ उपलब्धिको जिपिए २.६३ रहेको छ ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

समग्रमा यस गाउँपालिकाको सिकाइ उपलब्धि कमी हुनु प्रमुख समस्या रहेको छ । छलफलबाट प्राप्त प्रमुख समस्यालाई तल राखिएको छ ।

**मुद्दाहरु**

- मातृभाषा, शिक्षणको माध्यम भाषा,
- आवासीय विद्यालय सञ्चालन,
- विद्यालय समायोजन,
- एकल पथीय पाठ्यक्रम कि बहुलपथीय
- उच्च विद्यार्थी सिकाइ उपलब्धि
- प्रविधिमैत्री विद्यालय
- शिक्षकमा विषगत दक्षता वृद्दि गर्नु
- विषयशिक्षक दरबन्दी मिलान गर्नु

**समस्या**

- विषयगत शिक्षकको अभाव हुनु ।
- पाठ्यक्रममा आधारित सिकाइ उपलब्धि अनुसार सिकाइ सहजीकरण नगर्नु ।
- शैक्षिक सामग्रीको प्रयोगमा पर्याप्तता नहुनु ।

- पाठ्यक्रममा आधारित सिकाइ मूल्याकन प्रभावकारी नहनु।
- अति सिमान्तकृत/सिमान्तकृत समुदायका बालबालिका एवम् अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ उपलब्धिको स्तर न्यून रहनु,
- प्रविधिमैत्री शिक्षण सिकाइ वातावरणको निर्माणमा कमी हुनु,
- अपेक्षित शैक्षिक गुणस्तर सुधार गर्न नसक्नु,
- शिक्षकको पेशागत क्षमताको विकासका अवसरहरूको कमी,
- शिक्षाप्रति सरोकारवालहरूको चासो र सहभागितामा कमी,
- विद्यार्थीको सिकाइप्रति अभिभावक सचेत नहुनु,
- विद्यालय विद्यार्थीको सिकाइप्रति सचेत नहुनु,
- शैक्षिक संस्थाको नक्शाङ्कनको हुन नसक्नु,
- शैक्षिक विकासको लागि आवश्यक वित्तीय स्रोतको कमी,
- बालमैत्री, अपाङ्ता मैत्री, सिकाइ वातावरणको निर्माणमा कमी,
- विद्यार्थीहरूलाई स्वास्थ्य, पोषण र दिवाखाजाको व्यवस्थापनमा कमी,
- विद्यार्थीको कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने प्रवृत्ति कायमै रहनु,
- शैक्षिक सुशासन पद्धति कमजोर हुनु।
- चुस्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको अभाव रहनु।
- शिक्षक पेशागत सहयोग प्रणालीको अभाव रहनु।
- अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था नहुनु।
- विद्यालयको शैक्षिक गतिविधिको अभिलेखीकरण प्रभावकारी नहुनु।
- समयमा तथ्याङ्क अद्यावधिक नहुनु।
- तोकेको समयमा विद्यालयले रिपोर्टिङ नगर्नु।
- विद्यालय नेतृत्वको क्षमतामा अपर्याप्तता रहनु।

सरोकारवालाहरुको छलफलबाट देहायका कुराहरु प्राप्त भएका थिए।

**पहुँच**

- सबै विद्यालयका बाल विकास केन्द्र नहुनु।
- अझै पनि केहि बालबालिकाहरु विद्यालय आउन सकेका छैन।
- मुलत अपाङ्गता भएका बालबलिकाहरु आउन सकेका छैन।
- न्युन आर्थिक अवस्था भौगोलिक दुरी टाढा भएका
- अभिभाबकको सचेतनाका कमी भएर सबै बालबालिकाहरु विद्यालय आउन सकेका छैन।
- भर्ना अभियानलाई घरदैलो मार्फत विद्यालय नगएका बालबालिकाहरुको एकिन नगर्नु।

टिकाउ

- अझै बालबालिकाहरु विद्यालयमा आए पनि टिक्न सकेका छैन ।
- बसाँई सराई
- अभिभाबकको भूमिकामा कमी
- साथी संगत
- गरिवीले आयआर्जनमा सहभागी
- विद्यार्थी फेल हुनु
- बालविवाह हुनु

सिकाउ

- कमजोर सिकाइउपलब्धी हुनु। त्यसमा पनि प्रारम्भिक कक्षामा पढाइ तथा गणीय सिपमा कमजोर ।
- शिक्षकले सिकेछन् तर सोही अनुरुप कक्षाकोठामा लागु नगर्नु ।
- शैक्षिक सामग्रीको अभाव
- विद्यार्थी नियमिति नहुनु
- अभिभाबकको भूमिकामा कमी
- विद्यार्थीको रुची अनुसारको विषयवस्तु नहुनु ।
- तोकेको पाठ्यक्रम अनुसारको शिक्षण विद्यार्थी मूल्यांकन प्रभावकारी रुपमा कार्यान्वयन नहुनु ।
- शिक्षकको पेशागत सहयोग नहुनु ।

विकाउ

- विद्यार्थीमा आयआर्जनको वा उद्धमशिलताको सीप तथा अभ्यासहरुको कमि

व्यवस्थापन

- पालिकाबाट विद्यालयको नियमित अनुगमन तथा निरीक्षण
- विद्यालयको सरकारले तोकेको अनुरुपको व्यवस्थापकीय पक्षको कमजोरी हुनु ।
- विब्यसको सबै जिम्मेवारी प्रअलाई दिनु ।
- शिअसंको जिम्मेवारी र भूमिका कमजोर हुनु ।

सुशासन

- नियमित विद्यालयको शैक्षिक गतिविधिहरुलाई सबै अभिभाबकहरु माझ सार्वजानिक नगरिनु ।
- वडापत्र तथा आचारसिंहता नहुनु ।
- गुनासो सुनुवाई संयन्त्रको कार्यान्वयन नहुनु ।

वातावरण

- प्रस्तावित मावि र आविमा शिक्षक अभाव हुनु ।

- कतिपय विद्यालयमा भौतिक पक्ष कमजोर हुनु ।

शिक्षामा के गर्नुपर्छ

- प्रत्येक शिक्षकलाई विषयगत तालिम दिनु
- डिजिटल सिकाइ सामग्री विद्यालयमा दिनु
- कक्षागत शिक्षण प्रणाली लागु
- आवश्यक शिक्षकको व्यवस्थापन
- सरोकारवालाले अनुगन तथा निरीक्षण
- विद्यालय मर्ज तथा कक्षा कटौती
- विद्यालय व्यवस्थापनको बजेट वृद्दि गर्नु
- शिक्षक अभाबलाई सम्बोधनका लागि शिक्षक बैंकको स्थापना गर्ने ।

अन्त्यमा, शिक्षा मानव जिवनको अनिबार्य र अपरिहार्य बिषय हो । शैक्षिक गतिबिधि लाई राज्य यस गाउँपालिका साथै समग्र राज्य र राष्ट्रको उदेश्य र रणनिति अनुरूपको लक्ष्य पुरा गर्न आम नागरिक अग्रसर हुनु जरुरि देखिन्छ । एक जना ब्यक्ति बाट मात्र यस्को सम्भब छैन । शैक्षिक क्षेत्रहरुमा भएको यस प्रकारको समस्याहरुलाई केलाउदै आफ्नो कर्तब्य र प्रतिबद्धतालाई आत्मासात गरि शैक्षिक क्षेत्रमा अग्रसर हुने हो भने शैक्षिक क्षेत्रमा अब्बल परिवर्तन नहुने कुरामा दुईमत छैन् ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

यस गाउँपालिकाको शिक्षाको मुख्य  चुनौतीहरूलाई को SWOT विश्लेषणलाई तल प्रस्तुत गरिन्छ ।

| सवल पक्ष | अवसर |
|---|---|
| • शिक्षाको कानुन नीति तथा योजनाको अभ्यास,<br>• शिक्षा क्षेत्रमा स्थानीय सरकारबाट बजेट विनियोजनको सुरुआत,<br>• विद्यालय सुपरीवेक्षण तथा निरीक्षणमा स्रोत विज्ञको नियुक्ति र परिचालन,<br>• नियमित प्रअ बैठक र छलफलको अभ्यास,<br>• पालिकागत शैक्षिक क्यालेन्डरको अभ्यास,<br>• स्थानीय तहबाट विद्यालयहरूको नजिकबाट प्रशासनिक निरीक्षणको सुरुआत | • संविधानले नै स्पष्ट रुपमा कानुनी आधार प्रदान गरेको,<br>• विद्यालय शिक्षामा गर्ने भूमिकाको विषयमा स्पष्ट रहेको,<br>• सङ्घीय सरकारबाट स्थानीय सरकारलाई नियमित प्राविधिक सहयोग तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भइरहेका,<br>• स्थानीय सरकारलाई ससर्तका साथै समपुरक बजेटको समेत व्यवस्था गरेको, वार्षिक रुपमा शिक्षाको बजेटको रकममा वृद्धि हुँदै गरेको |
| **सुधारका पक्ष** | **चुनौति** |

| | |
|---|---|
| • शिक्षाका कर्मचारीहरूमा प्रशासनिक तथा शैक्षणिक क्षेत्रमा अपेक्षाकृत सिप जिम्मेवारीबोधको अभाव<br>• शिक्षामा क्षेत्रमा कम लगानी र छुट्याएको बजेटको पनि सिकाइ केन्द्रित भन्दा भौतिक निर्माणमा बढी रुची तथा जोड,<br>• कार्यक्रम कार्यान्वयनमा समयमा अभाव र कार्यान्वयन गरिएका कार्यक्रमहरूको नतिजामा आधारित प्रमाणिकरण प्रक्रियाको अभाव,<br>• उचित दस्तावेजीकरण वा अभिलेख प्रणाली अभाव, | • अनिवार्य तथा निःशुल्क शिक्षा नीति कार्यन्वयन गर्नु<br>• सबै बालबालिकाहरूलाई शिक्षाको अवसर प्रदान गर्नु।<br>• सबै बालबालिकालाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु।<br>• विषयगत र कक्षागत शिक्षक दरबन्दी उपलब्ध गराउनु।<br>• विद्यालयमा सिकाइ वातावरण सुनिश्चित गर्नु।<br>• विद्यालय बाहिरको उमेर समूहलाई अनौपचारिक शिक्षा पद्धतिमा ल्याउनु।<br>• सङ्घीय शिक्षा ऐन जारी नहुँदा स्थानीय तहले पनि पुरानै कानुनमा टेकेर मात्र कानुन बनाउनु पर्ने बाध्यता रहनु,<br>• स्थानीय तहको शिक्षा शाखामा सरकारले तोके अनुसारको दरबन्दीमा कर्मचारी नहुनु |

## १.४ प्रमुख अवसरहरु

विविध चुनौतिहरु विच पनि शैक्षिक क्षेत्रमा अव्वल परिवर्तन गर्न का निम्ति थुप्रै अवसरहरु पनि रहेको छ। कालो बादल भित्र सुन्दर चाँदिको घेरा हुन्छ भनेझै यि तमाम चुनौतिका वावजुत बिद्यालय विद्यालय शिक्षाको सुदृढिकरणका लागि थुप्रै अवसर विद्यमान रहेको छ। शैक्षिक क्षेत्रमा यस पालिका स्थानिय सरकारको शिक्षा क्षेत्रमा थुप्रै लगानि रहेको छ। राज्यले निर्धारण गर्न नसकेका दरबन्दि (कोटा) गाउँपालिका अनुदानबाट बिभिन्न बिद्यालयहरुमा शिक्षक नियुक्ति गरि शैक्षिक क्षेत्रमा थप उर्जा मिलेको छ। शिक्षा क्षेत्रलाई पहिलो प्राथमिक्तामा राख्दै यस क्षेत्रका बालबालिकालाई उनिहरुको मनोबल बृद्धि गर्न, उत्प्रेरित गर्न को निम्ति जेहेन्दार बिद्यार्थिलाई मासिक खर्च उपलब्ध गर्ने काम यस केपिलासगढी गाउँपालिकाको लागि प्रमुख योग्दान रहेको छ।

अनेकौ समस्या र चुनौतिका वावजुद यस गाउँपालिकाको शैक्षिक क्षेत्रमा थुप्रै अवसरहरु छन्। मुलभुत अवसरहरु लाई वुदागत रुपमा देहायअनुसार उल्लेख गर्न सकिन्छ।

- बर्तमान संविधानले बालबालिकाको अधिकार र शिक्षालाई बालबालिकाको मौलिक अधिकार को रुपमा स्विकार गरेको छ।
- संघिय संरचना अनुसार कार्यन्वयन भएको गाउँपालिकाले शिक्षा क्षेत्रमा भएको अपुग दरबन्दिमा थप दरबन्दि सिर्जना गरि शिक्षा क्षेत्रमा ठुलो सहयोग गरेको छ।
- विभिन्न गैरसरकारी क्षेत्रको लगानि आकर्षित भएको छ।

- अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ ले आधारभुत शिक्षा अनिवार्य र निशुल्क हुने गरी व्यवस्थापन गर्नुका साथै अनाथ, असहाय, गरिव, जेहेन्दार बालवालिकाको लागि सम्बन्धित स्थानिय तह तथा वडा जिम्मेवार हुने व्यवस्था गर्नु ।
- योजना तथा बजेट निर्माणमा स्थानिय स्वयक्त हुनु ।
- शिक्षा ब्यवस्थापनमा स्थानिय  सरकार सञ्चालन ऐन २०७४ को (ज) मा यथेस्ट ब्यवस्था हुनु ।
- राष्ट्रिय शिक्षा निति २०७६ ले वालविकास र शिक्षा लाई प्रथमिकता दिनु ।
- गुणस्तरीय शिक्षाको लागि सबै अभिभावकहरुको उच्च चाहाना रहनु ।
- संबिधानत : प्रारम्भिक बाल बिकास कक्षा देखि माध्यामिक तह सम्मको शिक्षाको अधिकार स्थानिय सरकार लाई प्रदान गर्नु ।
- संघियतामा शिक्षाको नारालाई स्थानिय स्तरमै समाधान गर्नको निम्ति स्थानिय सरकारको स्थापना र उपस्थिति वोध हुनु ।
- संधियता  कार्यन्वयन सँगै केन्द्रिकृत विद्यालय शिक्षा प्रणाली स्थानिय तहमा हस्तान्तरण भएको छ ।
- सरकारले चालु आर्थिक बर्ष देखि उच्च शिक्षालाई सर्बसुलभ वनाउन प्रदेश रुपमा विश्वबिद्यालय स्थापना कार्यक्रमलाई निरन्तर दिएर उच्च शिक्षालाई स्थानिय तहमा लैजाने निति लिएको छ ।
- सरकारले माध्यामिक तह सम्मका बिद्यालय तहसम्माका विद्यालय सञ्चालन तथा ब्यवस्थापन अनुदान बापतको रकम, शिक्षण सिकाई तर्फको रकम स्थानिय तहबाट नै खर्च गर्न मिल्ने गरी नितिगत ब्यवस्था गरेको छ ।
- वर्तमान संविधानमा आधारभुत तथा माध्यामिक शिक्षा सहित शैक्षिक ब्यवस्थापनको महत्वपुर्ण कार्य र जिम्मेवारी स्थानिय तहको अधिकार क्षेत्र भित्र रहेको छ ।
- शैक्षिक योजना निर्माण तथा कार्यन्वयन, प्रारम्भिक वालविकास, आधारभुत शिक्षा, शिक्षक ब्यवस्थापन तथा जनशक्ति बिकास, प्रौढ तथा अनौपचारिक शिक्षा, समुदायिक अध्यायन केन्द्र स्थानिय तहको अधिकारको स्थापित भएको छ ।
- नेपालको संविधान प्रदक्त अधिकार र क्षेत्रगत कार्यन्वयन ब्यबस्थापनलाई स्थानिय सरकार मातहत व्यवस्थापन गर्ने गरी स्थानिय सरकार ऐन २०७४ मा आधारभुत तथा माध्यामिक शिक्षा क्षेत्रमा स्थानिय तहको २३ वटा काम कर्तब्य र अधिकारले शिक्षामा मुहार फेरिने सम्भव र अबस्था भएको छ ।
- प्रबिधिक शिक्षा तथा ब्यवासायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन र नियमन गर्ने अधिकार स्थानिय तहले पाएको छ ।
- पाठ्यक्रम,पाठ्यक्रम सामाग्रि वितरण तथा स्थानिय पाठ्यक्रम बिकास र कार्यन्वयन गर्ने अधिकार स्थानिय तहले पाएको छ । यसले गर्दा स्थानिय तहको शैक्षिक कार्यक्रममा अवसर मिलेको छ ।

शिक्षा नै मानव श्रोत, सामाजिक आर्थिक विकास तथा उन्नयनको आधार हो । वर्तमान संविधानमा आधारभुत तथा माध्यामिक शिक्षा सहित शैक्षिक ब्यवस्थापनको महत्वपुर्ण कार्य स्थानिय तहको अधिकार क्षेत्रभित्र छ । बिभिन्न समस्या र चुनौतिहरु हुदाँहुदै

पनि शैक्षिक सुधारको लागि स्थानिय निकायले यस क्षेत्रका आम नागरिकको सामुहिक सोच कार्यशैलिबाट र सहभागितामुलक व्यवस्थापन बाट यस क्षेत्रको गुणास्तर क्षेत्रमा अवसर प्राप्त गर्न सकिन्छ ।

## १.५ योजना निर्माण प्रकृया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन  गरिन्न कार्यहरूको समिश्रण नै योजना हो । योजना पालिकाको सपना हो ।  पालिको शिक्षा कस्तो बनाउने भन्ने विषयमा जनप्रतिनिधिले सपना देख्नु पर्छ । योजना आफैमा निर्मित हुने विषय होइन र  यो एउटा जटिल र चुनौतीपूर्ण कार्य पनि हो । यस कार्यलाई व्यवस्थित रुपमा अगाडि बढाउनको लागि तपसिलका चरण र प्रक्रियाहरूलाई  अनुसरण गरिएको छ ।

- गाउँ शिक्षा योजना निर्माण समितिले मिति २०८१।०३।१७ गते गाउँ शिक्षा योजना निर्माण तथा लेखनका लागि एक कार्यदल (लेखन समिति) गठन गरेको थियो भने २०८३ वैशाखमा यसको अद्यावधिक गरि नयाँ कार्यदल मार्फत शिक्षा योजनाको अद्यावधिक गरिएको थियो ।
- त्यसपश्चात योजना लेखनपूर्व पालिकाको शैक्षिक अवस्था तथा शैक्षिक तथ्याङ्कहरूको विश्लेषण सहितको कार्यशाला २०८३ बैशाख महिनामा सम्पन्न गरिएको थियो।
- उक्त कार्यशालापछि विभिन्न चरणमा कार्यदलको बैठकहरू बसी शिक्षा योजनाको मस्यौदा तयार गरिएको तथा वडा, विद्यालय र पालिका स्तरका सरोकारवालाहरूबीच छलफल गरी सुझाव सङ्कलन गरिएको थियो।
- त्यसपछि शिक्षा क्षेत्रका सरोकारवालाहरूको सहभागितामा अन्तिम मस्यौदामाथि छलफल तथा अन्तरक्रिया गरी आवश्यक संशोधनसहित अन्तिम रूप दिइएको थियो।
- प्राविधिक विज्ञमार्फत शिक्षा योजनाको प्राविधिक समीक्षा (technical review) गरी आवश्यक सुझावहरू सङ्कलन गरिएको थियो।
- तयार भएको अन्तिम मस्यौदालाई लेखन समितिले शिक्षा योजना समितिमा पेश गरेको र सो समितिले कार्यपालिकामा पेश गरेको थियो।
- अन्ततः गाउँसभाबाट उक्त शिक्षा योजनाको अन्तिम मस्यौदा प्रमाणित गरिएको थियो।

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिइएका आधार

नेपालको संविधानद्वारा प्रत्याभूत शिक्षा प्राप्त गर्ने मौलिक हकलाई व्यवहारमा उतार्न, सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न समयानुकूल स्थानीय शिक्षा योजना निर्माण गर्नु अपरिहार्य बनेको छ । राज्यको बदलिंदो शासकीय स्वरूपसँगै स्थानीय, राष्ट्रिय र विश्वव्यापी परिवेश, सामाजिक माग, आवश्यकता तथा सन्दर्भलाई सम्बोधन गर्न राष्ट्रले तय गरेका नीतिगत उद्देश्य, आधार, मापदण्ड र स्तर निर्धारणले योजना निर्माणमा मार्गदर्शन प्रदान गर्दछ । यस्तै, प्रदेशस्तरमा परिभाषित क्षेत्रगत उद्देश्य, रणनीति र मापदण्डहरू भित्र रही स्थानीय स्तरमा तयार पारिने योजनाले आफ्नो विशेषता प्रस्तुत गर्दछ । तीनै तहका योजनाहरूबीचको अन्तरसम्बन्धले योजना अपेक्षित उपलब्धिमूलक, व्यावहारिक तथा कार्यान्वयन योग्य बन्ने सुनिश्चितता प्रदान गर्दछ । संविधानमा व्यवस्था गरिएका समन्वय, सहअस्तित्व, सहकार्य र सामञ्जस्यताका सिद्धान्तहरूले योजना निर्माण र कार्यान्वयन प्रक्रियामा मार्गदर्शन गर्ने गर्दछन् । यस्ता समन्वयात्मक प्रयासले स्रोत साधनको उपलब्धता तथा प्रभावकारी प्रयोगलाई सम्भव बनाउँछन् । यस योजनाको आधार नेपाल सरकारको सोह्रौ योजना, अन्तर्राष्ट्रिय प्रतिबद्धता, प्रचलित शिक्षा नीति तथा ऐनहरू र स्थानीय सरकार सञ्चालन ऐन हुन् ।

## २.२ दूरदृष्टि

केपिलासगढी गाउँपालिकाको अपेक्षा, सबैलाई समतामुलक तथा प्रविधिमैत्रि गुणस्तरीय शिक्षा

## २.३ ध्येय

आधुनिक पूर्वाधार, प्रविधिमैत्री शिक्षण र स्थानीय पहिचानसहितको गुणस्तरीय शिक्षामार्फत केपिलासगढीका प्रत्येक बालबालिकालाई दक्ष, चरित्रवान र आत्मनिर्भर बनाउने।

## २.४ लक्ष्य

विद्यालय जाने उमेर समुहका सबै बालबालिकाहरुको शिक्षाको पहुँच सुनिश्चित गर्दै समतामुलक प्रविधिमैत्री गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने ।

## २.५ उद्देश्य

- प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षाको पहुँचमा वृद्धि गर्नु ।
- विद्यालय शिक्षाको सबै कक्षाको सिकाइ उपलब्धिमा वृद्धि गर्नु ।
- विद्यालयलाई आवश्यक पर्ने न्यूनतम भौतिक पुर्वाधारको सुधार गरी सिकाइ वातावरणमा सुधार ल्याउनु ।
- विद्यालय शिक्षा र शिक्षणमा प्रविधिको प्रयोगमा विस्तार गर्नु ।
- विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्न नेतृत्व व्यवस्थापन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु ।
- विद्यालयहरूलाई वातावरणमैत्री, सुरक्षित तथा दिगो अभ्यास अपनाउने हरित विद्यालयका रूपमा विकास गर्ने।

## २.६ रणनीतिहरू

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षाको पहुँचमा वृद्धि गर्नु । | • बाल विकास केन्द्रलाई थप प्रभावकारी बनाउने।<br>• विद्यालय तहको भर्ना अभियानलाई थप प्रभावकारी बनाइ पहुँचमा सुधार गर्ने।<br>• बालबालिकाहरूको पुहँचमा सुधार ल्याउन अभिभावक शिक्षा, विद्यार्थी सहयोग कार्यक्रम लागु गर्ने। | • हरेक शैक्षिक सत्रको पहिलो महिनाभित्र विद्यालय व्यवस्थापन समिति (वि.ब्य.स.) र शिक्षक अभिभावक सङ्घ (शि.अ.स.) को नेतृत्वमा कार्यदल गठन गरी भर्ना अभियानलाई प्रभावकारी बनाइनेछ।<br>• विद्यालय जान नसक्ने वा भर्ना हुन नसकेका बालबालिकाको तथ्याङ्कको आधारमा पालिकास्तरमा सघन भर्ना सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।<br>• अभिभाबकविहिन बालबालिकाहरुक लागि पालिकाले अभिभाबकत्व ग्रहण गरी आबासको व्यवस्थापन सहित सबै प्रकारको सेवासुविधाहरु सहित रोजगारीमूलक सुनिश्चित सहित उनीहरुको सामाजिक तथा सांस्कृतिक पक्षलाई संरक्षण गरिनेछ ।<br>• सबै बालबालिकाहरूको पहुँचमा वृद्धि गर्न विद्यालय मार्फत आमा समूह गठन र परिचालन गर्ने व्यवस्था गरिनेछ।<br>• विद्यालयमा भर्नामा हुँदा स्वागत गर्ने अभ्यासको सुरुआत गरिनेछ।<br>• सीमान्तकृत विपन्न बालबालिकाहरूको लागि शैक्षिक सामग्री उपलब्ध गराइनेछ । यथोचित पहिचानको आधारमा ‘‘बालबालिका शैक्षिक सहयोग कार्यक्रम’’ लागु गरिनेछ, जसले सीमान्तकृत तथा पछाडि पारिएका वर्गका बालबालिकाको शिक्षामा समावेशी सहभागिता सुनिश्चित गर्नेछ।<br>• वार्षिक रुपमा विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय समायोजन कक्षा कटौती गर्न प्रबन्ध गरिनेछ।<br>• आवश्यक सुविधा सामग्री सहितको न्यूनतम सिकाई वातावरण सुनिश्चित गरी वडा तथा टोलहरूमा नमूना बालविकास केन्द्र स्थापना तथा सञ्चालनको लागि विभिन्न सङ्घ संस्था तथा दाताहरूसँग सहजीकरण र सहकार्य गरिनेछ।<br>• बालविकास शिक्षकमा कक्षा १२ उत्तीर्ण र तालिम प्राप्त व्यक्तिले मात्र शिक्षक हुने नीति कार्यन्वयनमा ल्याइनेछ।<br>• बालबालिकामैत्री विद्यालय वातावरण सुनिश्चित गर्न सम्बन्धित वडा, स्थानीय सङ्घ संस्था र समुदायसँग समन्वय गरिनेछ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | • प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर मात्र कक्षा एकमा भर्ना हुने व्यवस्था मिलाइनेछ ।<br>• अनिवार्य आधारभूत शिक्षा कार्यक्रम कार्यन्वयन गर्न सकारात्मक विभेदको नीति लागु गरिनेछ ।<br>• बालबालिका विद्यालयमा भर्ना नगराउने, नियमित विद्यालय नपठाउने अभिभावकहरूको पहिचान गरी वडा तथा पालिका स्तरबाट प्रवाह हुने सेवा सुविधाबाट वञ्चित गर्ने  गरी नीति क्रमशःलागु गरिनेछ ।<br>• वडा तथा पालिका तहमा शतप्रतिशत विद्यालय पहुँच सुनिश्चित गर्न लक्षित घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• शैक्षिक सत्रको प्रारम्भमै भर्ना अभियानसँगै विद्यालय वा समुदायमा निश्चित तालिम प्याकेजअनुसार अभिभावक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• जनप्रतिनिधि, सार्वजानिक पद तथा सरकारी सेवासुविधा प्राप्त गर्ने सबैले सामुदायिक विद्यालयमा नै बालबालिकाहरू अध्ययन गर्न वार्षिक रुपमा  सूचना जारी गर्ने व्यवस्था मिलाइनेछ । |
| विद्यालयलाई आवश्यक पर्ने न्यूनतम भौतिक पुर्वाधारको विकास र सिकाइ वातावरणमा सुधार ल्याउनु । | • सिकाइ वातावरण सुनिश्चित गरी विद्यालय सुधार योजना कार्यान्वयन गर्ने ।<br>• न्यूनतम सिकाइ मापदण्डलाई चरणबद्ध कार्यान्वयन गर्ने ।<br>• सिकाइ वातावरण सुधारको लागि बहुपक्षीय साझेदारीमा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गर्ने । | • हरेक विद्यालमा आवश्यक वातावरण अनुकुल भौतिक संरचना बनाइनेछ ।<br>• क्षेत्रगत स्मार्ट विद्यालयको अवधारणा ल्याइनेछ ।<br>• आवश्यकताको मूल्याङ्कन तथा विद्यालय सुधार योजनाको प्रस्तावनामा आधारित रही "गाउँपालिका शैक्षिक गुणस्तर सुधार कार्यक्रम" सञ्चालन गरिनेछ ।<br>• शिक्षण सिकाइ क्रियाकलापलाई सशक्त बनाउनका लागि बालमैत्री, सुरक्षित, समावेशी र सिकाइका लागि उपयुक्त कक्षा कोठा निर्माणमा सरकारी एवं अन्य निकायको सहयोगको नीति लिइनेछ ।<br>• हरेक विद्यालयले वर्षको सुरुमा आफ्नो भौतिक, शैक्षिक र व्यवस्थापन पक्षको आन्तरिक मूल्याङ्कन गरी सुधारका प्राथमिकता तय गरी विद्यालय शिक्षा क्षेत्र योजना (SESP)ले तोकेका न्यूनतम मापदण्डहरू क्रमशः ५ वर्षभित्र पुरा गरिनेछ । |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | • हरेक शैक्षिक वर्षको प्रारम्भमा विद्यालयहरूको न्यूनतम मापदण्ड (शिक्षक सङ्ख्या, कक्षा कोठा, पिउने पानी, शौचालय, शैक्षिक सामग्री आदि) को अवस्थाको पहिचान गरी विद्यालयको अवस्थाअनुसार प्राथमिकतामा आधारित पालिकाको वार्षिक कार्यक्रम सञ्चालन गरिनेछ।<br>• सिकाइ वातावरणको गुणस्तर सुधारका लागि अभिभावक, समुदाय, स्थानीय सरकार, NGO/INGO लगायत सरोकारवालासँग समन्वय एवं साझेदारी गरिनेछ।<br>• विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र समुदायबीचको सहकार्यमा स्थानीय स्रोतको परिचालन गरी सिकाइ सुधार कार्यक्रम सञ्चालन गरिनेछ।<br>• सबै विद्यालयहरुमा एक कार्यक्रमको ढाँचाको विकास गरी टीनरहितको विद्यालय बनाइनेछ।<br>• अपाङ्गता भएका बालबालिकाका लागि स्रोत कक्षाहरुको सुदृढीकरण र पहुँचयुक्त संरचनाहरुको विकास गरिने छ। |
| | • विद्यार्थीको टिकाउमा सुधार ल्याउने। | • बालबालिकाहरूको टिकाउका लागि खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।<br>• टिकाउको लागि विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। |
| विद्यालय शिक्षाको सबै कक्षाको सिकाइ उपलब्धिमा वृद्धि गर्नु । | • शिक्षकको पेशागत विकास मार्फत विद्यार्थी सिकाइ सहजीकरणमा सुधार ल्याउने र शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धि र सक्षमता प्रति जिम्मेवार र उत्तरदायी बनाउने। | • प्रारम्भिक बालविकास केन्द्रको पाठ्यक्रम २०७७ सहित विद्यालयको पाठ्यक्रमलाई पूर्ण कार्यान्वनयन गर्ने व्यवस्था मिलाइनेछ।<br>• कक्षा १ बाट ५ सम्ममा अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि विषयको फोकल शिक्षक तयार गरी क्षमता विकास गरिनेछ।<br>• तहगत तथा विषयगत शिक्षकको तालिमको व्यवस्था गरिनेछ।<br>• शिक्षकको पेशागत विकास टिपीडीको तालिम पालिकाबाट नै सुरुआत गरिनेछ।<br>• सबै विद्यालयहरूमा प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन गरी सिकाइ सहजीकरणको वातावारण मिलाइनेछ।<br>• कक्षा १–३ मा थिमगत मूल्याङ्कन र कक्षा ४–१२ मा पाठ्यक्रमले तोके अनुसारको परियोजना तथा प्रयोगात्मक मूल्याङ्कनलाई पूर्ण रुपमा लागु गरिनेछ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| | | • कक्षा ४ बाट १२ सम्मको आन्तरिक मूल्याङ्कनमा अभिभापकले गर्ने मूल्याङ्कनलाई समेत जोड्ने व्यवस्था गरिनेछ।<br>• कक्षा ५ र ८ को पालिका स्तरीय परीक्षा थप व्यवस्थित गरिनेछ ।<br>• कक्षा ३, ५, ८ र १० मा विद्यार्थीको सिकाइ उपलब्धी परीक्षणका लागि स्तरकृत परीक्षण गरी कमजोर विद्यालयलाई सुधारात्मक शिक्षण तथा मेन्टरिङ सहयोग गरिनेछ।<br>• विद्यालय र पालिका स्तरमा सिकाइ उपलब्धि विश्लेषण र वार्षिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।<br>• शिक्षण सुधार योजना (TIP) पूर्ण कार्यान्वयनमा ल्याइनेछ।<br>• कक्षा १-३ मा पढ्नको लागि सिक्ने अवधारणामा आधारित क्रमिक सिकाइ सहजीकरण रणनीति लागु गरिने छ।<br>• विद्यार्थी केन्द्रित क्रियाकलापमा आधारित सिकाइ र प्रविधिमैत्री शिक्षण विधिहरूलाई प्राथमिकताका दिई कार्यन्वयन गरिनेछ।<br>• शिक्षकलाई Low cost, no cost शिक्षण सामग्रीको प्रयोग गरी अर्थपूर्ण, व्यवहारिक र प्रविधिमैत्री शिक्षण गर्न प्रेरित गरिनेछ।<br>• छापामय कक्षाकोठाहरू व्यवस्थापन गरिनेछ।<br>• प्रत्येक शिक्षकले आफ्ना विषयका पाठ्यपुस्तक, पाठ्यक्रम र निर्देशिका प्रयोग गरेर नवीनतम विधि र प्रविधिमा आधारित शिक्षण गर्ने व्यवस्था गरिनेछ।<br>• विद्यार्थीको सिकाइ उपलब्धि सुधारको लागि अनिवार्य रुपमा विद्यालयले विद्यालयमा शिक्षण नभएको समयमा विद्यालयमा वा समुदाय स्तरमा नै मूख्य विषयहरूको वा सुधारको क्षेत्रहरू आधारमा उपचारात्मक वा सुधारात्मक कक्षा सञ्चालन गरिनेछ। उक्त कार्यको लागि सम्बन्धित विद्यालयले विद्यार्थीका अभिभावकहरू र पालिकाबाट साझेदारीमा आर्थिक स्रोत व्यवस्थापन हुने व्यवस्था मिलाइने छ।<br>• पालिकास्तरबाट हरेक वर्ष शिक्षकलाई पाठ्यक्रम अनुसार छोटो अवधिको तालिम उपलब्ध गराइनेछ । तालिम प्राप्त शिक्षकले विद्यालयमा पुनः तालिम (cascade training) दिने व्यवस्था अनिवार्य गरिनेछ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | • महिनामा कम्तिमा एक दिन विद्यालयमा नै विषयगत शिक्षकको आवश्यकतामा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• पालिकास्तरमा विषयगत शिक्षकहरूको पेशागत सहयोगको लागि बैठक, छलफल/अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• विद्यालय सुपरीवेक्षण तथा शिक्षक पेशागत सहायताको लागि विषयगत समिति तथा शिक्षक सहयोगको लागि विज्ञ सेवा परिचालन गरिनेछ ।<br>• कार्यवधि बनाई शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरको शिक्षण सिकाइ समन्वयकर्ताको व्यवस्था गर्ने प्रबन्ध गरिनेछ ।<br>• आफूले पठनपाठन गरेको विषयको सिकाइ उपलब्धिको जिम्मेवारी सम्बन्धित शिक्षकलाई बनाइनेछ । विद्यार्थीले प्राप्त सिकाइ उपलब्धिको आधारमा शिक्षकलाई प्रोत्साहन पुरस्काRर अन्य वृत्ति विकासको अवसर उपलब्ध गराइनेछ ।<br>• विद्यालय स्तरमा कक्षागत/तहगत सहभागी सङ्ख्याको कम्तिमा वर्षको दुई पटक अभिभावक परामर्श/ अन्तरक्रिया/छलफल कार्यक्रमको आयोजना गरिनेछ ।<br>• प्रत्येक विद्यालयमा महिनाको अन्तिम शुक्रवार सिकाइ केन्द्रित शिक्षक/स्टाफ बैठक गरी पठनपाठनको समीक्षा गर्ने व्यवस्था मिलाइनेछ ।<br>• हरेक दुई महिनामा पालिका सभाहलमा वा क्लस्टर स्तरीय घुम्ती रुपमा प्रअ शिक्षक बैठक सञ्चालन गरी पठनपाठनको समीक्षा गरिनेछ ।<br>• राम्रो अभ्यास भएका विद्यालयको अवलोकन/शैक्षिक भ्रमणका लागि विव्यस, प्रअ, शिक्षक र कर्मचारीलाई प्रोत्साहन गर्न कार्यक्रम ल्याइनेछ ।<br>• सबै प्रकारका विद्यालयहरुमा सरकारले तोकेका पाठ्यक्रम कार्यान्वयनलाई पुर्ण रुपमा लागु गरिनेछ र त्यसको अनुगमनलाई स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक समन्वय समन्त्रलाई थप प्रभावकारी बनाक्कइनेछ । |

| उद्देश्य | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| | | • एक माध्यमिक विद्यालय एक उघम कार्यक्रम: माध्यमिक विद्यालयहरुमा उघमशीलता सिकाउन साना परियोजनाहरु शुरु गरिनेछ। |
| स्थानीय पाठ्यक्रमलाई पूर्ण कार्यान्वयन गर्नु। | स्थानीय आवश्यकता सहभागिता र सिपमा आधारित पाठ्यक्रमको परिमार्जन तथा विकास गरी कार्यान्वयन गर्ने। | • स्थानीय आवश्यकतामा आधारित व्यवसायिक तथा सिपमूलक जनशक्ति उत्पादनका लागि स्थानीय पाठ्यक्रमलाई परिवर्तन तथा परिमार्जन गरिनेछ।<br>• स्थानीय पाठ्यक्रममा अतिरिक्त क्रियाकलापहरूका विषयवस्तुहरू जोडेर परिमार्जन तथा परिवर्तन गरिनेछ।<br>• पाठ्यक्रम पुस्तकलाई परिमार्जन गरिने र शिक्षक निर्देशिका विकास गरी लागु गरिनेछ।<br>• शिक्षकहरूलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिम प्रदान गरिनेछ।<br>• स्थानीय पाठ्यक्रम लागु गरिएका कक्षाहरूको सुपरीवेक्षण र सहजीकरण पालिका शिक्षा शाखाको समन्वयमा गरिनेछ।<br>• हरेक शैक्षिक वर्षको अन्त्यमा स्थानीय पाठ्यक्रमको कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन गरिनेछ।<br>• प्राप्त नतिजा र सुझावका आधारमा पाठ्यक्रममा आवश्यक परिमार्जन/सुधार गरिनेछ।<br>• खजुरामा रहेको कृषी अनुसन्धान केन्द्र र पशु प्रजनन केन्द्रसँग समन्वय गरी आधुनिक खेती पशुसेवा विकास र माटो परीक्षण सम्बन्धी जानकारी दिइनेछ। |
| विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्न नेतृत्व व्यवस्थापन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु। | • विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र प्रधानाध्यापकको नेतृत्व र संरचनाको संस्थागत सुधार गर्ने।<br>• विद्यालयहरूको अनुगमन, मूल्याङ्कन र जवाफदेहिता प्रणाली सुदृढ पार्ने।<br>• विद्यालय नेतृत्व र शिक्षक क्षमताको विकास गर्ने। | • ऐन बनाई सामुदायिक विद्यालयका पालिका स्तरमा प्र.अ. को खुला प्रतिस्पर्धाबाट नियुक्ति प्रणाली कार्यान्वयन गरिनेछ।<br>• प्र.अ. नियुक्तिसँगै ५ वर्षे कार्यसम्पादन मूल्याङ्कन र करार सम्झौता व्यवस्था गरिनेछ।<br>• हरेक शैक्षिक वर्ष प्रारम्भमा प्र.अ.सँग कार्यसम्पादन करार गरिनेछ र मासिक प्रअ भत्तालाई वृद्धि गरिनेछ।<br>• वि.व्य.स. गठन प्रक्रिया सुधार गर्न गाउँपालिकाको शिक्षा ऐन संशोधन गरी सङ्घीय सरकारको कानुन बमोजिम गरिनेछ र विद्यालय सुधारप्रति जवाफदेही बनाइनेछ।<br>• शिक्षक अभिभावक सङ्घलाई क्रियाशील बनाउन अभिभावक शिक्षा र समुदाय परिचालनका साथै मासिक रुपमा विद्यालय अभिभावक छलफल कार्यक्रमको नेतृत्व गर्ने व्यवस्था गरिनेछ । |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | • लेखा व्यवस्थापनलाई प्रविधिमा आधारित प्रभावकारी बनाउने<br>• स्रोत व्यवस्थापन र प्रोत्साहन प्रणाली सुधार गर्ने ।<br>• विद्यालयमा सम्पादित समग्र कार्यहरूको जिम्मेवारी बाँडफाँड र कार्य विभाजन गर्ने ।<br>• इमिसको सुदृढीकरण : तथ्यांकमा आधार योजना बनाउन Real Time मा अपडेड गर्ने व्यवस्था गर्ने ।<br>• दिवाखाजा तथा पोषणलाई थप प्रभावकारी बनाइने ।<br>• शुद्द खानेपानी स्वाथ्यपरीक्षण मनोपरामर्श मार्फत शिक्षामा स्वास्थ्य कार्यक्रमलाई जोड दिने । | • वडास्तरीय अनुगमन समितिले विद्यालयको बजेट, कार्यान्वयन र प्रगति स्थलगत रूपमा मूल्याङ्कन गरिनेछ ।<br>• विद्यालयले कार्यसम्पादन मूल्याङ्कन, सामाजिक परीक्षण, लेखा परीक्षण समयमै पूर्णरूपमा कार्यान्वयन गर्ने र यी मूल्याङ्कनहरूलाई विद्यालयमा जाने निकासासँग जोडिने गरी कार्यान्वयन गरिनेछ ।<br>• समयमा तथ्याङ्क अद्यावधिक नगर्ने र अभिलेख नराख्ने विद्यालयहरूलाई विद्यालयमा जाने निकासा वा प्रोत्साहनका कार्यमा कटौती गरिनेछ ।<br>• विद्यालयले भरेको इमिस तथ्यांकलाई सत्यापन कार्य अभ्यास गरिनेछ ।<br>• विद्यालयको नेतृत्व क्षमताको अभिवृद्धि गर्न विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• विद्यालयमा आचारसंहिता निर्माण र कार्यान्वयन अनिवार्य गरिनेछ ।<br>• वार्षिक रूपमा प्रअ र शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ र सुधारका योजना बनाइनेछ ।<br>• वार्षिक रुपमा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने व्यवस्था गरिनेछ ।<br>• विद्यालयमा वार्षिक रुपमा सम्पादन गर्ने कामको विषयमा विभिन्न समिति उपसमिति निर्माण गरी कार्यविभाजन गरिनेछ ।<br>• "एक विद्यालय एक अक्षयकोष" नीति अन्तर्गत विद्यालयको नामबाट प्रोत्साहन तथा छात्रवृत्ति अक्षय कोषको स्थापना र सञ्चालनको लागि विद्यालयलाई प्रेरित गरिनेछ ।<br>• प्रोत्साहन तथा छात्रवृत्ति अक्षय कोषमा रहेको मुलधन नास्न, मास्न वा अन्य प्रयोजनमा खर्च गर्न नपाउँने तर व्याजबाट प्राप्त रकम ७० प्रतिशत प्रोत्साहन/छात्रवृत्तीमा, १० प्रतिशत व्यवस्थापन खर्च र बाँकी २० प्रतिशत मुलधनमा थप गर्ने नीति कार्यन्वयन गरिनेछ ।<br>• पूर्व विद्यार्थी सञ्जाल निर्माण गरी शैक्षिक सुधारका लागि स्रोत परिचालन गरिनेछ ।<br>• गाउँ शिक्षा समितिबाट निर्माण भएको मापदण्ड अनुसार उत्कृष्ट विद्यालय, शिक्षक, प्र.अ., विव्यस र शि.अ.सं. वार्षिक रूपमा छनोट गरी पुरस्कार/प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | • उत्कृष्ट शिक्षक र नविनत्तम प्रयोग गर्ने शिक्षकलाई केपिलासगढी शिक्षा पुरस्कार मार्फत सम्मान गरिनेछ।<br>• वार्षिक रुपमा पालिकाभित्र दरबन्दी मिलान र शिक्षक व्यवस्थापन सम्बन्धी कार्य गरिनेछ।<br>• शिक्षक अभाव भएका विद्यालयमा स्वयम्सेवक शिक्षकको व्यवस्था गरिनेछ।<br>• कार्यविधि बनाई सुत्केरी विदामा रहेको शिक्षकको सट्टा शिक्षकको व्यवस्था गरिनेछ।<br>• पालिकामा सङ्गीत र खेलकुदको विकास गर्न एक शिक्षकको व्यवस्था हुने प्रबन्ध गरिनेछ।<br>• वार्षिक रुपमा विद्यालयको स्थलगतम भम्रण गरी असोज महिनामा विद्यार्थी प्रमाणीकरण प्रणाली लागु गरिनेछ।<br>• शिक्षकले कक्षाकोठामा बिताएको समय कार्यविधि २०७४ लाई पूर्ण रुपमा कार्यान्वयन गरी शिक्षक उपस्थिति बढाइनेछ।<br>• विद्यालयको नियमति अनुगमनलाई व्यवस्थित गर्न वडास्तरीय शिक्षा समितिलाई परिचालन गरिनेछ।<br>• शिक्षक स्टाफ बैठक, विव्यस बैठक, शिअसं बैठक, अभिभावक भेला, सामाजिक परिक्षण, लेखापरीक्षण, सूचना अधिकारीको व्यवस्था, आर्थिक पारदर्शिता, विद्यालयको प्रगति समीक्षा एवं सार्वजनिक जस्ता विषयलाई विद्यालय सञ्चालन, व्यवस्थापन र सुशासनको आधार बनाइनेछ।<br>• गुणस्तर सुधारका लागि लिडर विद्यालयको अवधारणालाई कार्यान्वयन गरिने छ र उक्त अवधारणा मार्फत अन्य आधारभूत विद्यालयहरूको क्षमता विकास र प्राविधिक सहयोग गरिनेछ।<br>• चौमासिक रुपमा सामुदायिक र संस्थागत विद्यालयहरू बीच भएका सफल अभ्यासहरूका बारेमा अन्तरक्रिया, क्षमता विकासका कार्यक्रमहरू तथा शैक्षिक सुधारमा सहकार्य सञ्चालन गर्ने प्रबन्ध गरिनेछ।<br>• सामुदायिक र संस्थागत विद्यालयहरू बीच भएका शैक्षिक कार्यक्रमहरूमा एकअर्कोमा सहभागिता गर्ने गराउने प्रबन्ध गरिनेछ।<br>• सामुदायिक र संस्थागत विद्यालयहरूमा सार्वजनिक विदा र स्थानीय विदाहरूलाई एकरुपता गरिनेछ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | • संस्थागत विद्यालयहरूले शिक्षक नियुक्ती गर्दा शैक्षिक योग्यताको न्यूनतम मापदण्ड लागु गर्ने प्रबन्ध गरिनेछ । <br>• संस्थागत विद्यालयको अनुगन, शुल्क निर्धारण तथा छात्रवृती विवरणलाई एक कार्यदल बनाइ थप व्यवस्थित र प्रभावकारी बनाइनेछ । <br>• परम्परागत शिक्षालाई आधुनिक पाठ्यक्रममा समायोजन गरी मुलप्रवाहीकरण गरिनेछ । <br>• विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभाबक संघलाई सक्रिय बनाइ विद्यालय अनुगमन र जवाफदेहीताको सुनिश्चित गर्ने कार्यको शुरुवात गरिनेछ । <br>• खाजा कार्यक्रमको स्थानीय उत्पादनमा आधारित साप्ताहिक मेन्यू कार्यान्वयन गरिनेछ । <br>• करेसाबारी प्रत्येक विद्यालयमा विद्यार्थीको सक्रियतामा तरकारीखेतीको अभ्यासको शुरुवात गरिनेछ । <br>• पोषणशिक्षा सम्बन्धी हरेक विद्यालयमा विद्यार्थीको लागि पोषण कक्षा सञ्चालन गरिनेछ । <br>• एक विद्यालय एक नर्स कार्यक्रमलाई प्रभावकारी बनाउदै विद्यार्थीको स्वाथ्य पहिचान र सहजीकरण किशोरी यौन तथा प्रजनन शिक्षा तथा परामर्शलाई जोड दिइनेछ । <br>• बार्षिक रुपमा विशेषज्ञको उपस्थितिमा आँखा कान र दाँत को परीक्षण गरिनेछ । <br>• बालबालिकाहरुमा बढ्दो डिजिटल लत घटाउनको लागि शिक्षकलाई मनोपरामर्श सम्बन्धित तालिम दिइनेछ । <br>• विद्यालयमा हुने सबै प्रकारका हिंसा र दुर्व्यवहार, बालविवाह, लागुऔषध दुव्र्यसन, मानव बेचबिखन तथा आत्महत्यालाई शून्यमा झार्ने र पूर्णखोपयुक्त पालिका निर्माण गर्ने उद्देश्यले एकीकृत कार्यक्रम निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ। <br>• ग्रुप हेन्ड वासिङ अभ्यास र खाना खानु पुर्व हात धुने अभ्यासलाई थप प्रभावकारी बनाइनेछ । |
| • विद्यालय शिक्षा र शिक्षणमा | • डिजिट केपिलासगढीस्मार्ट शिक्षालाई उच्च प्राथमिकता दिइने । | • विद्यालयहरूमा स्मार्ट कक्षा (Smart Classroom) स्थापना र विस्तार गर्न एक कार्यविधि बनाइ कार्यान्वयन गरिने छ । <br>• शिक्षण–सिकाइ प्रक्रियामा डिजिटल उपकरण, ई–सामग्री र अनलाइन प्लेटफर्मको प्रयोगलाई प्रवर्द्धन गरिन्छ । |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| प्रविधि को प्रयोग मा विस्तार गर्नु। | | • शिक्षकहरूलाई स्मार्ट शिक्षण विधि तथा ICT प्रयोग सम्बन्धी नियमित तालिम प्रदान गरिनेछ।<br>• विद्यालयहरूमा भरपर्दो इन्टरनेट सेवा र आवश्यक प्रविधि पूर्वाधारको व्यवस्था गरिनेछ।<br>• विद्यार्थीहरूमा डिजिटल साक्षरता र प्रविधि प्रयोग गर्ने सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>• स्मार्ट शिक्षा कार्यान्वयनका लागि स्थानीय तह, निजी क्षेत्र र विकास साझेदारसँग सहकार्य बनाइनेछ।<br>• विद्यालय व्यवस्थापन तथा शैक्षिक सूचना प्रणालीलाई डिजिटल प्रणालीमा आधारित बनाइनेछ। |
| अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु। | • सामुदायिक सिकाइ केन्द्रहरूलाई जीवनपर्यन्त सिकाइको थलोको रूपमा संस्थागत र सुदृढ बनाउने।<br>• औपचारिक र अनौपचारिक शिक्षाबीचको सहकार्य बढाउने।<br>• सिप र रोजगारीमुखी शिक्षामा जोड दिने।<br>• जीवनपर्यन्त सिकाइको मूल्याङ्कन, अभिलेख र प्रवर्धन प्रणाली विकास गर्ने।<br>• विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी केपिलासगढीउज्यालो अभियान मार्फत कक्षा ८ सम्ममा सतप्रतिशत भर्ना र टिकाउ सुनिश्चित गर्ने। | • अनौपचारिक शिक्षा कार्यक्रमको माध्यमबाट २०८५ वैशाखभित्र विद्यालय उमेर समूह बाहिरको जनसङ्ख्यालाई आधारभूत तह कक्षा ८ सम्मको शिक्षाको अवसर उपलब्ध गराउने नीति लिइनेछ।<br>• अनौपचारिक शिक्षा प्रयोजनको लागि अभियानको रुपमा वडागत रुपमा तथ्याङ्क सङ्कलन गरिनेछ।<br>• अनौपचारिक शिक्षाको कार्यक्रम सञ्चालनमा सामुदायिक सिकाइ केन्द्र लगायतका स्थानीय सङ्घ संस्थाहरूलाई परिचालन गरिनेछ।<br>• सामुदायिक सिकाइ केन्द्रहरूलाई स्थायी संरचना, मानवसंसाधन र कार्यक्रमसहित स्थानीय सरकारमार्फत पुनः सशक्तीकरण गरिनेछ।<br>• सामुदायिक सिकाइ केन्द्रमा साक्षरता, वित्तीय साक्षरता, प्राविधिक सिप, स्वास्थ्य, लैङ्गिक समानता, कृषि, वातावरण जस्ता विषयमा छोटो तालिमहरू सञ्चालन गरिनेछ।<br>• विद्यमान स्रोत र समुदायको विशेषज्ञता प्रयोग गर्दै विविध उमेर र पृष्ठभूमिका व्यक्तिका लागि उपयुक्त सिकाइ कार्यक्रमहरू तयार गरिनेछ।<br>• सिकाइ केन्द्रहरूमार्फत ICT (सूचना प्रविधि) आधारित सिकाइ कार्यक्रम सुरु गरिनेछ।<br>• माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई कुनै एक विषयको प्रयोगात्मक सिकाइका लागि अनिवार्य गरिनेछ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | • विशेष गरी युवा, महिला, सीमान्तकृत समुदायका लागि उद्यमशीलता, प्राविधिक शिक्षा र व्यावसायिक तालिमहरू सञ्चालन गरिनेछ।<br>• वार्षिक रूपमा सिकाइ मेला वा प्रदर्शनी आयोजना गरी अनौपचारिक सिकाइको उपलब्धि सार्वजनिक गरिनेछ।<br>• विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान र उनीहरुको शिक्षाको लागि विद्यालय बाहिर रहेको बालबालिकाहरु सम्बन्धी अभ्यास नोट निर्देशिका विकास गरी प्रभावकारी रुपमा कार्यान्वनय गरिनेछ। |
| विद्यालयहरूलाई वातावरणमैत्री, सुरक्षित तथा दिगो अभ्यास अपनाउने हरित विद्यालयका रूपमा विकास गर्ने। | • विद्यालय शिक्षामा जलवायु परिवर्तन तथा वातावरण संरक्षणसम्बन्धी ज्ञान, सीप र व्यवहारको समावेश र सुदृढीकरण गर्ने।<br>• विद्यालयलाई वातावरणमैत्री र दिगो अभ्यास अपनाउने हरित विद्यालयको रूपमा विकास गर्ने। | • विद्यालयको पाठ्यसामग्री, सह–पाठ्यक्रम गतिविधि तथा परियोजनामूलक सिकाइमा जलवायु परिवर्तन र वातावरण संरक्षणसम्बन्धी विषयवस्तु समावेश गरिनेछ।<br>• विद्यार्थी, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा हरित अभ्याससम्बन्धी तालिम र अभिमुखीकरण सञ्चालन गरिनेछ।<br>• विद्यालय परिसरमा वृक्षरोपण, विद्यालय बगैँचा, जैविक खेती, पानी संरक्षण तथा सरसफाइ प्लाष्टिकमुक्त विद्यालय अभियान कार्यक्रम सञ्चालन गरिनेछ।<br>• विद्यालयस्तरमा फोहोर व्यवस्थापन (Reduce, Reuse, Recycle) प्रणाली विकास गर्दै ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रवर्द्धन गरिनेछ। |

## २.६: तत्कालका प्रमुख प्राथमिकताका ६ क्षेत्रहरु

- शिक्षण–सिकाइ प्रक्रियामा डिजिटल प्रविधिको उच्चतम प्रयोग गर्ने।
- “पढ्दै कमाउँदै” कार्यक्रममार्फत विद्यालयलाई आर्थिक रूपमा सक्षम बनाउने।
- हरेक विद्यालयमा शिक्षकहरूकै क्षमता विकासमार्फत ICT शिक्षकको सुनिश्चितता गर्ने।
- विद्यालय बाहिर रहेका बालबालिकाको संख्या शून्यमा झार्ने।
- सामुदायिक विद्यालय शिक्षालाई पहिलो रोजाइ बनाउन सिकाइ वातावरणमा जोड दिने।
- सामुदायिक विद्यालयका विद्यार्थीका सिकाइ उपलब्धीमा उल्लेखनीय सुधार ल्याउने।

## २.७ मुख्य कार्यसम्पादन सुचकहरु

| मुख्य कार्यसम्पादन सुचक | | | | | | |
|---|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | आव २०७७ | आव २०८२ | आव २०८७ | आव २०९२ |
| १.१ | **प्रारम्भिक बाल विकास** | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ५०.३ | ६५.२ | ७५ | ९५ |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ४९.६ | ५३.३ | ५८ | ७३ |
| १.३ | | न्यनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | ८० | ९० | १०० | १०० |
| १.४ | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ८० | ९० | १०० | १०० |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ४९.२ | ७७.० | ८३ | ९५ |
| २.१ | **आधारभूत तह** | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९८ | ९५.१ | ९९ | १०० |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १०७.३ | १३९.२ | ११५ | १०० |
| २.३ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९८ | ९७.३ | ९९ | १०० |
| २.४ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | ११७.५ | १२९.७ | ११० | १०० |
| २.५ | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९९.५ | ९३.० | १०० | १०० |
| २.६ | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | ११२.७ | १२२.९ | १०७ | १०५ |
| २.७ | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९८.७ | ९५.५ | १०० | १०० |
| २.८ | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ११५.९ | १२७.२ | ११० | १०५ |
| २.९ | | आधारभूत तह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | ०.९८ | १ | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **२.१०** | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ८१.७ | ८३.३ | ९० | ९५ |
| **२.११** | | विद्यालय वाहिर रहेका बालबालिका* (%) कक्षा १-८ | १.३ | ४.५ | ० | ० |
| **३.१** | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ७५.६ | ७०.३ | ८० | ८५ |
| **३.२** | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | ९३.६ | ९७.३ | ९८ | १०० |
| **३.३** | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | २१.८ | १७.८ | ३० | ४० |
| **३.४** | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | ६५.१ | ३२.५ | ४० | ५० |
| **३.५** | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ४८.७ | ५०.७ | ६५ | ७५ |
| **३.६** | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ८३.४ | ७३.१ | ८८ | ९२ |
| **३.७** | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउ दर (%) | ६३.६ | ६९.० | ७५ | ८० |
| **३.८** | | कक्षा १-१२ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १ | १ | १ | १ |
| **४.१** | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | ५ बर्ष माथिको साक्षरता दर | ६२ | ७२ | ७८ | ७८ |
| **५.१** | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा१-८) | ३१.२९ | ३८ | ४० | ५० |
| **५.२** | | माध्यमिक तह (कक्षा९-१२) | १२.५ | १५ | १८ | २२ |
| **६.१** | **PMEC पुरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | ७० | ८५ | १०० | १०० |
| **६.२** | | आधारभुत | ६० | ८० | ९० | ९५ |
| **६.३** | | माध्यमिक | ४० | ५३ | ६४ | ७४ |
| **७.** | **स्थानीय तहमा शिक्षाको बजेट प्रतिशत** | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | ६.८४ | ७ | ९ | १० |
| **८** | **सिकाइ उपलब्धि दर** | कक्षा ५ को जीपिए | N/A | २.८ | ३.२ | ३.६ |
| | | कक्षा ८ को जीपिए | N/A | २.८ | ३.२ | ३.६ |

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बाल विकास तथा शिक्षा आधारभुत तहको एक महत्वपुर्ण उप क्षेत्र हो। चार बर्ष उमेर पुगेका बालबालिकालाई दिईने शिक्षालाई प्रारम्भिक बालशिक्षा भनिन्छ। शारीरिक,मानसिक (बौद्धिक), संवेगात्मक र सामाजिक क्षेत्रको समुचित विकासलाई नै बाल बिकासको आधारमा लिएको हाल रहेको छ। हाल बालविकास केन्द्र विद्यालयमा आधारित तथा समुदायमा आधारित २ प्रकारका रहेका छन्। प्रारम्भिक बालविकास देखि १२ कक्षा सम्मलाई सरकारले विद्यालय शिक्षाको संरचनामा राखेको छ।

पाठ्यक्रम प्रारुप २०७६ का अनुसार चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख गरिएको छ भने चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ। प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुने छ भन्ने कुरा उल्लेख गरिएको छ। प्रारम्भिक बालविकास र शिक्षाका ७ सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सिपको विकास रहेका छन्।

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच गुणस्तरमा जोड दिइएको छ भने शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उदेश्य लिएको छ भने उपयुक्त पूर्वाधार सहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ। त्यस्तैगरी १५ औ योजनाले प्रारम्भिक शिक्षा लाई विद्यालय शिक्षाको अभिन्न अंगका रुपमा लिइ सबै बालबालिकाहरुको पहुँचको सुनिश्चित गर्ने रणनीति लिइएको छ भने कार्यनितिका रुपमा बालविकासको विकासको लागि लगानी साझेदारी गर्ने दक्ष योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने प्रारम्भिक शिक्षाको ब्यवस्थापनको न्युनतम मापदण्ड पुरा गर्ने लिएको छ।

### ३.१.२ वर्तमान अवस्था

यस केपिलासगढी गाउँपालिकामा वाल विकास केन्द २६ वटा सामूदायिक, र २ वटा संस्थागत (बोर्डिङ) गरी जम्मा २८ वटा बालविकास केन्द्र रहेका छन्, भने ३२९ जना बालबालिका जस्मा २६ जना बालविकास सहजकर्ता रहेको अवस्था छन्। यस

गाउँपालिकामा अधिकांश बालविकास केन्द्रहरु सरकारले तोकेका मापदण्ड पुरा नभएको, बालविकास शिक्षामा सबै बालबालिकाहरुको पहुँचमा अझै पनि नआएको देखिन्छ, भने इसीडिको अनुभव सहित कक्षा १ मा भर्ना हुनेको प्रतिशत ४९.२ मात्र भएको पाइन्छ। त्यसैगरी बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभई कुनै स्थानमा आधा घण्टा वा सो भन्दा बढी र कुनै स्थानमा एउटा पनि बालविकास केन्द्र नभएको अवस्था रहेको छ। भूगोल, जनसंख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ। यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानु जरुरी हुन आउँछ।

### ३.१.३ अवसर र चुनौतिहरु

बालविकासको क्षेत्रमा प्रत्येक बर्ष प्रतिविद्यार्थी रु ५०० का दरले अनुदान विद्यालयले प्राप्त गर्नु प्रदेश सरकारले यस क्षेत्रमा जोड दिदै आउनु, यस गाउँपालिकाले बालविकासमा जोड दिनु, खाजा कार्यक्रम लागु हुनु, बालविकास केन्द्रको लागि धेरै विद्यालयहरुमा छुट्टै कक्षाकोठा हुनु, अभिभाबकहरुमा क्रमश ४ बर्ष पछि बालविकासमा भर्ना गर्नु पर्छ, भन्ने चेतना बढ्दै जानु स्थानीय सरकारले स्थानीय शिक्षा ऐन जारी गरी ब्यवस्थापन प्रक्रिया शुरु गर्नु लगायतका गतिविधिले यस क्षेत्रको सुधार र विकासको स्पस्ट अवसर देखिन्छ।

यस क्षेत्रको चुनौतिका रुपमा सहजकर्ताहरुले विद्यालयमा शिक्षकको अभावले अन्य कक्षाहरु पनि सहजिकरण गर्नु पर्ने, बाल विकास सहजकर्ताले कम पारिश्रमिक प्राप्त गर्नु, बालविकास केन्द्रहरुको बर्गीकरण नगर्नु, धेरै बालविकास केन्द्रहरुका सरकारले ताकेका न्युनत्तम मापदण्ड पनि पुरा नगर्नु रहेको छन्। मुलत यस क्षेत्रका मुख्य समस्या तथा चुनौतिहरुमा यस प्रकार रहेका छन्।

- प्रारम्भिक बाल विकास केन्द्रको न्युनत्म भौतिक मापदण्ड पुरा गर्दै बालबालिकाहरुको सर्वाङ्गिण् विकास गर्न नसक्नु।
- पिछडीएका वर्गका बालबालिकाहरुलाई बाल शिक्षाको पहुँचमा सुनिश्चत नगर्नु।
- योग्यता तथा तालिम प्राप्त सहजकर्ताको ब्यवस्था गर्नु तथा टिकाइ राख्न नसक्नु।
- प्रारम्भिक बालहेरचाह, पोषण, सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभाबक जागरण गर्न नसक्नु।
- बालशिक्षा सहजकर्ताको पारिश्रमिक न्युन रहेको।
- नियमित अनुगमन र सुपरिवेक्षण व्यवस्थित गर्न नसकिएको।

### ३.१.४ उद्धेश्यहरु

यस गाउँपालिकाको प्रारभिभक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको उद्धेश्य हुने छ :-

- ४-५ बर्षका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षाको पहुँचमा सुनिश्चित गर्नु।
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड गुणस्तरिय बनाउनु।
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु।

## ३.१.५ रणनीति

यस गाउँपालिकाले सबै बालविकास केन्द्र तथा शिक्षालाई गुणस्तरीय बनाउदै सबैको पहुँचलाई विस्तार गर्ने रणनीति लिनेछ। जसको लागि तलका कार्यनीतिहरु कार्यान्वयनमा ल्याइनेछ।

- १ विद्यालय १ बालविकास केन्द्रको अभियान सञ्चालन गरिने छ ।
- बालविकासमा भर्ना भएका वालवालिकाहरुलाई प्रोत्साहन गर्न आकर्षक कार्यक्रम ल्याइनेछ।
- वाल विकास केन्द्रलाई तोके वमोजिम सञ्चालन गर्न कक्षाकोठालाई छापामय वनाइनुका साथै सिकाइ वातावरणका लागि न्यूनतम सामग्रीको व्यवस्था गरिनेछ।
- खेल तथा मन्टेश्वरी विधि मार्फत शिक्षण सिकाइ कार्य सञ्चालन गर्ने वातावरण निर्माण गरिनेछ।
- प्रारम्भिक बालविकासका शिक्षकको क्षमता विकासमा ध्यान दिदै तालिम प्राप्त शिक्षकबाट सिकाइ सहजीकरण गरिनेछ।
- बालविकास केन्द्रलाई ब्यवस्थित बनाउनको लागि अभिभाबक तथा समुदायलाई समेत परिचालन गरिने छ।
- प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाइ व्यवस्था र सरसफाइलाई ध्यान दिई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जनात्मक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ।
- एक वडा एक नमुना बालविकास केन्द्रको निर्माण गर्दै लगिने छ।
- संघीय सरकारले निर्धारण गरेका मापदण्ड र ढाँचा अनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक वाल विकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय मौलिकताको आधारमा गरिनेछ।
- वाल शिक्षालाई अझ प्रभावकारी वनाउन नियमित अनुगमन तथा समीक्षा बैठक सञ्चालन गरिने छ।
- बालविकास सहजकर्तासँग कार्यसम्पादन करार सम्झौता गरी निश्चित सुचकको आधारमा प्रोत्साहित गरिनेछ।

## ३.१.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

### उपलब्धि

यस क्षेत्रको चुनौतिका रुपमा सहजकर्ताहरुले विद्यालयमा शिक्षकको अभावले अन्य कक्षाहरु पनि सहजिकरण गर्नु पर्ने, बाल विकास सहजकर्ताले कम पारिश्रमिक प्राप्त गर्नु, बालविकास केन्द्रहरुको बर्गीकरण नगर्नु, धैरै बालविकास केन्द्रहरुका सरकारले तोकेका न्युनत्तम मापदण्ड पनि पुरा नगर्नु रहेको छन्।

### प्रमुख नतिजाहरु

मुलत यस क्षेत्रका मुख्य उपलब्धि तथा प्रमूख नतिजाहरु यस प्रकार रहेका छन्

- प्रत्येक विद्यालयमा बालविकास केन्द्रको स्थापना हुनेछ ।

- ५ वर्ष मूनिका सबै बालबालिकाहरु बालबिकास केन्द्रमा भर्ना हुनेछन् ।
- बालविकासका सहजकर्ताहरुको क्षमता विकासमा टेवा पुग्नेछ ।
- बालविकास केन्द्रहरु व्यवस्थित भइ बालमैत्री हुनेछन् ।
- प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाई व्यवस्था र सरसफाइलाई ध्यान दिई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन भईसकेका हुनेछन् ।
- प्रारम्भिक बालविकास सहजकर्ताको क्षमता विकासका कार्यक्रम सञ्चालन हुनेछ ।
- गाउँपालिकाको सबै बालविकास केन्द्रहरु नमुना बालविकास केन्द्रको रुपमा हुनेछन् ।
- प्रत्येक वडा वा टोलमा बालबालिकाहरूलाई स्थानिय स्तरका तथा कम लागतका खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरू सहितको  बालउद्यान निर्माण हुनेछन् ।
- सबै बालविकास केन्द्रको सहजकर्ताहरु पुरस्कृत हुनेछन् ।

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समुदाय भम्रण र विद्यार्थी विवरण संकलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | २६ | ५२ | |
| २ | विद्यालय मार्फत अभिभाबक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | १३० | २६० | |
| ३ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | प्रस्ताबनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकासको सुनिश्चतको लागि सहयोग कार्यक्रम सञ्चालन | विद्यालय | ७ | ७ | ७ | ८ | ७ | ३६ | ६७ | |
| ५ | बालविकासको सहजकर्ताको पारिश्रमीकमा थप प्रोत्साहन भत्ताको ब्यवस्था | जना | २६ | २६ | २६ | २६ | २६ | १३० | २६० | |
| ६ | योग्यता नपुगेका सहजकर्ताहरुको ९० घण्टा बराबरको सहजकर्ता तालिम सञ्चालन | जना | ० | २६ | ० | २६ | ० | ५२ | १९ | |
| ७ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि बार्षिक रुपमा क्षमताविकास तालिम कार्यक्रम सञ्चालन | जना | २६ | २६ | २६ | २६ | २६ | १३० | २६० | |
| ८ | बर्षको कम्तिमा १ पटक सहजकर्ताहरुसँग पालिका स्तरीय समीक्षा बैठक सञ्चालन | जना | २६ | २६ | २६ | २६ | २६ | १३० | २६० | |
| ९ | सिकाइका छ कुनाको स्थापना र सहयोग | विद्यालय | ७ | ७ | ७ | ८ | ७ | ३६ | ६७ | |
| १० | बाल विकास तथा शिक्षाको पाठ्यक्रमको पुर्ण कार्यान्वयन | विद्यालय | २६ | २६ | २६ | २६ | २६ | १३० | २६० | |
| ११ | वडागत नमुना बालविकास केन्द्रको स्थापना कार्यक्रम | वडा | २ | १ | २ | १ | १ | ७ | ७ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | जना | २६ | २६ | २६ | २६ | २६ | १३० | २६० | |
| १३ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | जना | २६ | २६ | २६ | २६ | २६ | १३० | २६० | |
| १४ | प्रति विद्यार्थी अनुदान सहयोग | जना | ३२१ | ३२१ | ३२१ | ३२१ | ३२१ | १३० | २६० | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

विद्यालय क्षेत्र सुधार येजना २०६६-२०७२ ले विद्यालय शिक्षाका पुनःसरचना गरेर कक्षा १-८ लाइ आधारभूत शिक्षाका रुपमा परिभाषित गरेका छ । पहिलेको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाएको आधारभुत तहले ब्यत्ति, समाज र राष्ट्रको बिकासमा महत्त्वपुर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१(१) मा यसलाई नागरिकको मौलिक हक अन्तर्गत राखेको छ । गुणस्तरिय आधारभुत शिक्षाले गरिबि घटाउन मद्दत गर्ने र व्यत्तिको जिबन स्तरमा उल्लेखनिय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्यायन प्रतिवेदनहरुले देखाएको छ । आधारभूत तहको शिक्षाको महत्त्वलाई द्धष्टिगत गरी शिक्षालाई गुणस्तरिय बनाउनको लागि केपिलासगढी गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेस गरिएको छ ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ ले आधारभुत तहको शिक्षा प्रदान गर्ने संघिय सरकार, प्रदेश सरकार तथा स्थानिय सरकार हुने र आधारभुत शिक्षाको सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने छ, भनि उल्लेख गरिएको छ । स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) मा आधारभुत तथा माध्यमिक तहको २३ वटा अधिकार स्थानिय सरकारको अधिकार क्षेत्र भित्र पर्ने कुरा उल्लेख गरिएको छ । यस कारण सबै नागरिकलाई आधारभूत तहको शिक्षाको सुनिश्चिता गर्ने स्थानिय सरकारको दायित्व रहेको छ ।

### ३.२.२ वर्तमान अवस्था

यस गाउँपालिकामा आधारभुत शिक्षामा उल्लेखनिय उपलब्धि हासिल गरेको नै देखिन्छ । सबै बालबालिकालाई समतामूलक शिक्षा प्रदान गर्ने अवसर सिर्जना गरिएको हुदा धैरै बालबालिकाहरुको आधारभुत तहमा पहुँच भएको देखिन्छ । यस केपिलासगढि गाउँपालिकामा जम्मा सामुदायिक ३५ वटा र संस्थागत २ वटा गरि जम्मा ३७ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । जस मध्ये सामूदायिक तर्फ जम्मा २६ वटा आधारभुत विद्यालयहरु संञ्चालित रहेका छन् । कक्षा १ बाट ५ १२६० जना विद्यार्थी रहेका र कक्षा ६ बाट ८ सम्म ७०३ रहेकाछन् । जसमा छात्राको संख्या बढी रहेका छन् ।

### ३.२.३ अवसर र चुनौतीहरु

शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानिय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकोले शिक्षामा सहभागिता र पहुँचमा बृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना भएको छ । निःशुल्क तथा अनिवार्य आधारभुत शिक्षाको सुनिश्चितता प्रदान गर्न स्थानिय तह तथा जिल्लामा घोषणा गर्ने लहर चलेको छ । शिक्षामा पहुँच र गुणस्तर अभिबृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको भुमिका महत्त्वपुर्ण बन्दै गएको अवस्था रहेको छ । स्थानिय सरकारको क्षमता विकास गर्दै आधारभूत शिक्षाको व्यबस्थापनलाई प्रभावकारी तुल्याई शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसर रहेको छ ।

निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षण सिकाई वातावरण विकास गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिबृद्धि गर्नु, शिक्षण शिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवं प्रबिधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई

विद्यालयमा भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाई उपलव्धि अभिबृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्धी मिलान तथा पुनर्बितरण गर्नु, विद्यालय सुपरिवेक्षण र अनुगमन तथा नियमलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु आधारभुत शिक्षासँग सम्बन्धित चुनौतिहरु हुन् ।

### ३.२.४ उद्देश्यहरु

- ९-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरु लाई आधारभूत शिक्षमा समतामूलक पहुँच र सहभागीता सुनिश्चित गर्नु ।
- आधारभूत तहका बालबालिकाहरुमा न्युनतम सिकाइ उपलव्धि सुनिश्चित गर्नु।
- विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री समावेशी र सुरक्षित बनाउनु ।
- विद्यार्थी सिकाई प्रति उत्तरदायी विद्यालयको व्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु ।

### ३.२.५ रणनीतिहरु

- विद्यालय वाहिर रहेका सवै वालवालिकाहरुको यथार्थ विवरण संकलन गरि भर्ना अभियान मार्फत पहुँच सुनिश्चित गरिनेछ ।
- विद्यार्थीहरुको आवधिक रुपमा सिकाइ मूल्याङ्कन गरि कार्यसम्पादन मूल्याङ्कनका आधारमा शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीयतह प्रति जवाफदेही वनाइनेछ ।
- कक्षा १ देखि ३ सम्मको शिक्षण सिकाइ सामाग्रीहरुको व्यवस्थापन तथा क्रमिक सिकाइ रणनीतिको आधारमा वालवालिकाहरुको सिक्नका लागि पढ्ने अवधारणालाई निरन्तरता दिइनेछ ।
- कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि बालमैत्री सिकाई वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितिय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितिय सीप केन्द्रित क्रियाकलापहरुलाई निरन्तर गरिने छ ।
- आधारभूत तहका शिक्षकहरुको क्षमता विकासका लागि मागमा आधारित तथा छोटो अवधिका तालिम सञ्चालन गरिनेछ ।
- विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र उपयोगी वनाइनेछ ।
- वि.व्य.स., शि.अ.सं. का पदाधिकारीहरुको क्षमता विकास र अभिभावकलाई अभिमुखिकरण गरिनेछ ।

### ३.२.६ उपलव्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

**उपलव्धि**

- अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि हुने ।

**प्रमुख नतिजाहरु**

- आधारभुत उमेर समूहका विद्यालय बाहिर रहेका सम्पुर्ण बालबालिकाहरुको शिक्षामा समतामूलक सहभागिता गरी समय अनुकुलको शिक्षा प्रदान हुने।
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने।
- स्थानिय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यन्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाई हुने।
- विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रिविधको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रुपमा विस्तार गरीने।
- जनसक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरिय शिक्षा र शैक्षिक सुशासन कायम हुने।

**प्रमूख क्रियाकलाप तथा लक्ष्यहरु**

| क्र.स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समुदाय भम्रण र विद्यार्थी विवरण संकलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | १३५ | २७० | |
| २ | विद्यालय मार्फत अभिभाबक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | १३५ | २७० | |
| ३ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | स्यमसेवक शिक्षकको व्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकासका लागि मर्मत तथा पुनस्थापना (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | विद्यालय | ७ | ७ | ८ | ७ | ७ | ३६ | ४८ | |
| ८ | सिकाइका लागि न्युनत्तम वातावरणमा आधारित विद्यालय सुधार योजनामा रही प्रस्ताबना केन्द्रित विद्यालय सहयोग कार्यक्रम | विद्यालय | ७ | ७ | ७ | ८ | ७ | ३६ | ४८ | |
| ९ | शैक्षिक सामग्रीको विकास वितरण तथा ब्यवस्थापन | विद्यालय | ५ | ६ | ५ | ५ | ५ | २६ | ४८ | |
| १० | छापामय कक्षाकोठा व्यवस्थापन | विद्यालय | ५ | ६ | ५ | ५ | ५ | २६ | ४८ | |
| ११ | शिक्षण सिकाइ सुधारका लागि शिक्षकको पेशागत विकास सम्बन्धि शिक्षक क्षमता कार्यक्रम | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | नयाँ पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी प्रवोधीकरण कार्यक्रम र कार्यान्वयन | विद्यालय | ७ | ७ | ७ | ८ | ७ | ३६ | ४८ | |
| १३ | अभिभाबकको साझेदारीमा सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | ७ | ७ | ७ | ८ | ७ | ३६ | ५६ | |
| १४ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | विद्यालय | ७ | ७ | ७ | ८ | ७ | ३६ | ५६ | |
| १५ | एक वडा एक नमुना आधारभुत विद्यालय निर्माण कार्यक्रम | पटक | १ | ० | १ | १ | १ | ४ | ७ | |
| १६ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धी वृद्दिका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | जना | ११४ | ११४ | ११४ | ११४ | ११४ | ५७० | ११४० | |
| १८ | सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | जना | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | ३२० | |
| १९ | सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | जना | २७ | २७ | २७ | २७ | २७ | १३५ | २७० | |
| २० | सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | जना | १९६३ | १९६३ | १९६३ | १९६३ | १९६३ | ९८१५ | १९६३० | |
| २१ | आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | जना | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | ३२० | |
| २२ | आधारभूत बिद्यालय (कक्षा १-८) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | १३५ | २७० | |
| २३ | Early Grade Learning (EGL) program को न्युनतम package कार्यक्रम व्यवस्थापन र संचालनका लागि बिद्यालयहरुलाई बजेट अनुदान | विद्यालय | ७ | ७ | ७ | ७ | ८ | ३६ | ४८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **२४** | आधारभूत तह (कक्षा १-८) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | विद्यार्थी | १९६३ | १९६३ | १९६३ | १९६३ | १९६३ | ९८१५ | १९६३० | |
| **२५** | आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान | विद्यार्थी | १२६० | १२६० | १२६० | १२६० | १२६० | ६३०० | १२६०० | |
| **२६** | आधारभूत तहमा अध्ययनरत बिद्यार्थीमध्ये करिब २०% बिद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति (सबै कर्णाली क्षेत्रका बिध्यार्थीलाई समेत) बापतको बजेट अनुदान | विद्यार्थी | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५०० | |
| **२७** | आवासीय सुबिधा प्राप्त गर्ने बाहेकका बिभिन्न अपाङ्गता भएका बिद्यार्थीहरुलाई थप सुबिधा बापतको बजेट अनुदान | विद्यार्थी | ४६ | ४६ | ४६ | ४६ | ४६ | २३० | ४६० | |
| **२८** | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | विदयार्थी | ३५४ | ३५४ | ३५४ | ३५४ | ३५४ | १७७० | ३५४० | |
| **२९** | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | १३५ | २७० | |
| **३०** | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन | विद्यार्थी | २३३ | २३३ | २३३ | २३३ | २३३ | ११६५ | २३३० | |

## ३.३ माध्मिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानिय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ प्रदेश र स्थानिय सरकारको साझा अधिकार भित्र पनि राखेको छ।संविधानमा उल्लेखित प्रावधानहरुले आम नागरिकका लागि गुणस्तरिय शिक्षा सुनिश्चत गर्न एकल तथा साझा सुचिका आधारमा तिनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभुत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरिय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्मिक तहमा परम्परागत प्राबिधिक र साधारण धारको शिक्षा छनोट गर्ने अबसर प्रदान गर्नुपर्छ। यस तहको शिक्षालाई जीवनपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनुपर्छ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेका भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा बिभिन्न किसिमका प्राविधिक र व्यवसायिक सीप हासिल गरेर भबिष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नु पर्दछ।

### ३.३.२ वर्तमान अवस्था

केपिलासगढी गाउँपालिका भित्र हाल कक्षा १-१२ सञ्चालित १ वटा र कक्षा १-१० सञ्चालित ८ वटा गरी जम्मा ९ वटा माध्यमिक तहको विद्यालयहरु रहेको छन्। शैक्षिक सत्र २०८१ अनुसार माध्यमिक तहमा जम्मा ४३१ जना बालबालिकाहरु अध्यायनरत् छन्, र कक्षा ११ र १२ मा कुल १११ जना रहेका छन्।

### ३.३.३ अवसर र चुनौतिहरु

**अबसरहरु**

- माध्यमिक शिक्षा निःशुल्क पाउने हक हुनेछ भनि ग्यारेन्टि गरिएको।
- शिक्षा क्षेत्रमा लगानि अभिबृद्धि गर्दै शिक्षामा भएको लगानिलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने।
- गा.पा. ले शिक्षक अनुदान कोटाको व्यवस्था गरेको।
- SEE मा उत्कृष्ट नतिजा ल्याउने विधार्थीलाई शिक्षामा सहुलियत प्रदान गर्ने प्रस्तावित कार्यक्रम राखेको।
- यस गा.पा.बाट Engineering and Medical Studies का लागि ५० प्रतिशत सहुलियत छात्रवृत्ति कार्यक्रम संचालन गर्न कार्यविधि निर्माण गरेको।

**चुनौतिहरु**

- माध्यमिक तहको तह पूरा गर्ने दर न्युन हुनु।
- बालबिवाहको कारण विद्यालय छोड्ने दर उच्च हुनु।
- माध्यमिक तहमा बिषयगत शिक्षकको अभाव हुनु।

- विज्ञान प्रयोगशालाको अभाव हुनु ।
- माध्यमिक तहका कुनै पनि विद्यालयमा विधुतिय पुस्तकालयको व्यावस्था नहुनु ।
- बिधार्थी संख्या अनुसार शिक्षक दरबन्दी नहुनु ।
- बिधार्थी उपस्थिति दरमा अनियमितता हुनु।
- शिक्षकलाई समयानुकुल तालिम वा पेशागत सहयोग नहुनु ।
- अभिभावकहरु आफ्नो बालबालिकाको शिकाई प्रति उत्तरदायी नहुनु ।
- समय समयमा अनुगमन तथा सुपरिनेक्षण नहुनु ।
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री नहुनु ।
- अझै पनि माध्यमिक बिद्यालयमा ICT को पहुँचमा कमी हुनु ।
- बिद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन नहुनु ।

**३.३.४ उद्धेश्यहरु**

- माध्यमिक तहमा सवैको पहुँचमा सुधार ल्याउनु ।
- माध्यमिक तहका वाल वालिकाहरुमा न्युनतम सिकाइ उपलव्धी हासिल गर्नु ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच बृद्धि गर्नु ।
- विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण वालमैत्री समावेशी र सुरक्षित वनाउनु ।
- माध्यमिक तहमा टिकाउदर वढाउनु तथा कक्षा छोड्ने दर घटाउनु ।
- विद्यार्थी सिकाइप्रति उत्तरदायी विद्यालयको ब्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु ।

**३.३.४ रणनीतिहरु**

- माध्यमिक तहका सवै वालवालिकाहरुलाई भर्ना अभियान मार्फत पहुँच अभिवृद्धि गरिनेछ ।
- सिकाइलाई वास्तविक जिवन तथा व्यवहारसँग सम्वन्धित गराउन विषयवस्तु अनुसारको प्रयोगात्मक अभ्यास परियोजना कार्य वा सामुदायिक कार्यलाई विद्यालयको प्रयोगात्मक मूल्याङ्न सँग जोडिनेछ ।
- अपुग विषयगत शिक्षकको मागलाई स्थानीय सरकार मार्फत सम्वोधन गरिनेछ ।
- माध्यमिक तहका शिक्षकहरुको क्षमता विकासका लागि मागमा आधारित तथा छोटो अवधिका तालिम सञ्चालन गरिनेछ ।
- विद्यालय शिक्षा देखि नै विज्ञान प्रविधि इन्जिनियरिङ कला जस्ता विषयहरुको सिकाइलाई अन्तरसम्वन्धित गरिंदै लगिनेछ ।
- वालक्लवहरु मार्फत समुदाय र विद्यालयको बीचमा सहयोग र भावनाको विकास गरिनेछ ।
- खोज तथा अनुसन्धानमा आधारित विद्यार्थी केन्द्रित र क्षेत्र भ्रमण विधिलाई प्राथमिकता दिइ श्रम वजारका खपत हुने जनशक्तिको आधारशिला तयार गरिनेछ ।
- माध्यमिक शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि सहज र उपयोगी वनाइनेछ ।

- सिकाइलाई दैनिक जीवनसँग सम्वन्धित गरि व्यवहार कुशल सिपलाई एकिकृत गरिनेछ।
- डिजिटलाइजेसन गरि शिक्षण सिकाइ सञ्चालन गरीनेछ ।

### ३.३.६ उपलव्धि तथा प्रमूख नतिजाहरु

**उपलव्धि**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**नतिजा**

- निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा बृद्धि हुने तथा कक्षा छेड्ने र दोहोर्याउने दरमा कमी आउने ।
- सबै माध्यमिक विद्यालयले आधारभुत मापदण्ड पूरा गरेको हुने ।
- माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने ।
- माध्यमिक शिक्षा पूरा गर्ने विधार्थीले न्युनतम सिकाई उपलव्धि हासिल गरेको हुने ।
- विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाई वातावरणको निर्माण भएको हुने ।
- विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन हुने ।
- माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरिय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।
- प्रत्येक माध्यमिक विद्यालयहरुमा पर्याप्त मात्रामा खेलकुद सामग्री र खेल शिक्षकलाई आवश्यकता अनुसार प्रशिक्षणको व्यवस्था हुने ।
- एउटा सामूदायिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान विषय अध्यायनका लागि पर्याप्त पूर्वाधार सहितको व्यवस्था हुनेछ ।
- प्रत्येक विद्यालयमा ICT को सुविधा विस्तार हुनेछ ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र. स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समुदाय भम्रण र विद्यार्थी विवरण संकलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| २ | विद्यालय मार्फत अभिभाबक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| ३ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | स्यमसेवक शिक्षकको व्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | विद्यालय | २ | २ | २ | १ | २ | ९ | १८ | |
| ८ | सिकाइका लागि न्युनत्तम वातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | विद्यालय | २ | २ | २ | १ | २ | ९ | १८ | |
| ९ | शैक्षिक सामग्रीको विकास वितरण तथा ब्यवस्थापन | विद्यालय | २ | २ | २ | १ | २ | ९ | १८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | पुस्तकालय विज्ञान प्रयोगशाला तथा आइसीटी ल्याबको थप व्यवस्थापन तथा सहयोग | विद्यालय | २ | २ | २ | १ | २ | ९ | १८ | |
| ११ | शिक्षण सिकाइ सुधारका लागि शिक्षकको पेशागत विकास सम्बन्धि शिक्षक क्षमता कार्यक्रम | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | |
| १२ | नयाँ पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी प्रवोधीकरण कार्यक्रम र कार्यान्वयन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| १३ | अभिभाबकको साझेदारीमा सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | ८० | १६० | |
| १४ | पालिका स्तरीय प्रविधिमा आधारित शिक्षा मेला तथा प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | नमुना विद्यालय निर्माण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ६ | |
| १६ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धी वृद्दिका लागि छलफल तथा अन्तरक्रिया | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ८० | १६० | |
| १७ | घुम्ति शिक्षक बैठक | पटक | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| १८ | पढ्दै कमाउदै कार्यक्रम | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| १९ | सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा ९-१0) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | जना | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| २० | सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा ११-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| २१ | सामुदायिक आधारभुत तह (कक्षा ९-१२) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | जना | १६ | १६ | १६ | १६ | १६ | ८० | १६० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२ | सामुदायिक आधारभुत तह (कक्षा ९-१२) बिद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | जना | ५४२ | ५४२ | ५४२ | ५४२ | ५४२ | २७१० | ५४२० | |
| २३ | माध्यमिक तह (कक्षा १-१२) का लागि प्र.अ.भत्ता | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| २४ | माध्यमिक तह बिद्यालय (कक्षा १-१२) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| २५ | माध्यमिक तह (कक्षा ९-१२) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | विद्यार्थी | ५४२ | ५४२ | ५४२ | ५४२ | ५४२ | २७१० | ५४२० | |
| २६ | माध्यमिक तहमा अध्ययनरत बिद्यार्थीमध्ये करिब २०% बिद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति (सबै कर्णाली क्षेत्रका बिध्यार्थीलाई समेत) बापतको बजेट अनुदान | विद्यार्थी | ५० | ७० | ८० | ९० | १०० | ३९० | ७८० | |
| २७ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| २८ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | विदयार्थी | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३००० | |

## ३.४ प्राविधिक शिक्षा  तथा व्यावसायिक शिक्षा

### ३.४.१ परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा व्यक्तिलाई आवश्यक ज्ञान, सीप र दक्षता सिकाएर आय आर्जन र आत्मनिर्भर बन्न सहयोग गर्ने शिक्षा हो। यसले व्यक्तिलाई "बोलिखानेभन्दा गरि खाने" बनाउँछ र घर–परिवार, समाज, समुदाय तथा राष्ट्रको विकासमा योगदान पुर्याउँछ । यस नगरपालिकामा कृषि पशुपालन, उद्योग, व्यापार र व्यवसाय क्षेत्रमा प्राविधिक ज्ञानको आवश्यकतालाई ध्यानमा राखेर शिक्षा दिइँदै आएको छ। कृषक धान, गहुँ, तोरी, तरकारी र फलफुल उत्पादन गर्दै स्थानीय तथा अत्तरिया बजारमा बिक्री वितरण गर्छन् भने पशुपालनमा दुध र मासु उत्पादनमा आधुनिक प्रविधि प्रयोग गर्न प्राविधिक ज्ञान आवश्यक छ । आधुनिक प्रविधि र सैद्धान्तिक ज्ञानको संयोजनले दक्ष र योग्य जनशक्ति उत्पादन गर्न, स्थानीय तथा राष्ट्रिय स्तरमा आर्थिक र सामाजिक प्रगति सुनिश्चित गर्न प्राविधिक–व्यावसायिक शिक्षाको आवश्यकता बढेको छ। यसले व्यक्तिको रुचि र क्षमता अनुसार आय आर्जन गर्न सिकाउँछ, स्वरोजगारलाई प्रवर्द्धन गर्छ र जीवनोपयोगी शिक्षा प्रदान गर्दछ । मुख्य चुनौती भनेको तालिम र सिप सिकाउने क्रममा आवश्यक आर्थिक स्रोत व्यवस्थापन गर्नु हो।

### ३.४.२ वर्तमान अवस्था

यस पालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा पढाइ हुने विद्यालय १ वटा छन् । जसमा बालि विज्ञान शिक्षण हुने गर्दछ । समाजमा गरिब, आर्थिक रुपमा विपन्न, सबै नेपालीले प्राविधिक शिक्षाको पहुँचमा रहुन भनि नेपाल सरकारले सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा को लागु गरि प्राविधिक शिक्षालाई नै आजको आवस्यकता भन्ने उदेश्यका साथ उक्त कार्यक्रम संचालन गरिरहेको  छ । माध्यमिक तहमा प्राविधिक शिक्षालाई आकर्षक बनाउनु आवश्यक देखिन्छ। यसको लागि शैक्षिक पूर्वाधारको विकास र विस्तार गर्नुका साथै विभिन्न वडाहरू मार्फत विद्यार्थीहरूमा आकर्षण बढाउने उपायहरू अपनाउनुपर्ने देखिन्छ। गाउँपालिकाका लागि सान्दर्भिक प्राविधिक शिक्षाका क्षेत्रहरू जस्तै कृषि, पशुपालन र इन्जिनियरिङमा प्राविधिक शिक्षा स्थापना र विस्तार गर्न पहल आवश्यक देखिन्छ। केपिलासगढीगाउँपालिकाले कृषि र पशुपालन क्षेत्रमा विशेष सम्भावना बोकेको हुनाले यस क्षेत्रसँग सम्बन्धित तथा अन्य सीपमूलक तालिमहरूको पनि व्यवस्थापन गरी विद्यार्थीहरूलाई सिपयुक्त बनाउनु अपरिहार्य छ। यसरी, गाउँपालिकाले प्राविधिक शिक्षा तथा सीपमूलक तालिममा विशेष पहल गर्दै सिपयुक्त र रोजगारमुखी जनशक्ति निर्माणमा अहम् भूमिका निर्वाह गर्न सक्ने देखिन्छ। साथै, पालिकाले अन्य तवरका सीपमूलक तालिमहरू सञ्चालन गरी विद्यार्थी र युवाहरूलाई व्यावहारिक सीपसँग सुसज्जित बनाउने दिशामा काम गर्नुपर्ने आवश्यकता रहेको छ।

### ३.४.३ उद्देश्य

- सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका उपलब्ध अवसर गराउने

### ३.४.४ रणनीतिहरू

उल्लेखित उद्देश्य हासिल गर्नका लागि  अपनाउने रणनीति निम्नानुसार  छन :

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा (TVET) का अवसरहरू सिर्जना गर्ने।

- बहुप्राविधिक शिक्षालय र तालिम केन्द्र स्थापना, सञ्चालन तथा नियमन गर्ने।
- सरकार, निजी क्षेत्र र सरोकारवालासँग समन्वय गरी गुणस्तर, पहुँच र प्रभावकारिता वृद्धि गर्ने।
- व्यापार र उद्योग क्षेत्रमा सहभागीता बढाउने।
- सक्षम, दक्ष र रोजगार योग्य जनशक्ति तयार गर्ने।
- आयमुखी गतिविधि मार्फत संस्थागत क्षमता विकास गरी आत्मनिर्भरता अभिवृद्धि गर्ने।
- महिला, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्ति र विपन्न समुदाय जस्ता पछाडि परेका वर्गलाई प्राथमिकता दिने र पहुँच विस्तार गर्ने।
- कृषि, पर्यटन, उर्जा, जलस्रोत, सम्पदा, खेलकूद, जलवायु परिवर्तन आदि क्षेत्रअनुकूल सीप विकासमा केन्द्रित कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीय तहमा सञ्चालित संस्थाहरूलाई आवश्यक सहयोग प्रदान गर्ने।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

- प्राविधिक शिक्षामा सीमान्तकृत र समाबेशी समूहका वालवालिकाहरुको पहूँचमा अभिबृद्धि गर्न अवसरहरु सुनिश्चित गर्ने ।
- पालिका भित्र तथा बिश्व वजारमा खपत हुने खालका क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्न बिद्यार्थीहरुलाई परामर्श दिने र त्यस्ता प्राविधिक धारका विधालय खोल्न अभिप्रेरित गर्ने ।

### ३.४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रस | प्रमूख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| २ | प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | ५ | २ | |
| ३ | विविध कारणले पछाडि परेका समूह र वर्गलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा सहज पहुँका लागि छात्रवृत्ति लगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन (गणित र विज्ञान विषयसमेत) | जना | २० | २० | २० | २० | २० | १०० | २०० | |
| ४ | सीप र आयआर्जनमा आधारित  एक विद्यालय एक उद्यम कार्यक्रम कार्यान्वयन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| ५ | पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| ६ | कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा कार्यरत शिक्षक, प्रशिक र सहायक प्रशिक्षकका लागि तलब र भत्ता बापतको बजेट अनुदान | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | |
| ७ | कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान | जना | १ | १ | १ | १ | २ | ६ | १२ | |

## ३.५ अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ

### ३.५.१ परिचय

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो। सिकाई कोक्रोदेखि मृत्यूपर्यन्त सम्म चलिरहने प्रकृया हो। विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाइ सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ। समूदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थीक, सास्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन्। समूदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्दै उनिहरुको जीवनस्तर उकास्न जीवन पर्यन्त सिकाईको अवसर सुनिश्चत गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ। औपचारिक शिक्षाको निश्चत समयावधिमा हासिल गरेको ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन। अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरिमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो। गुणस्तरीय र प्रतिस्पर्धी जीवन विताउन अनौपचारिक शिक्षाको विकल्प छैन। जीवन पर्यन्त सिकाईको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाईलाई आधिकारिक रुपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरीने सिकाइ हो।

### ३.५.२ वर्तमान अवस्था

अनौपचारिक तथा आजीवन सिकाइले शैक्षिक क्षेत्रमा महत्वपूर्ण भूमिका रहेको छ। नेपालमा अनौपचारिक शिक्षा विकासमा धेरै प्रयासहरू भईरहेको छ। विशेष गरी विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) कार्यान्वयन अवधिमा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइअन्तर्गत निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँचको वृद्धि भएको र साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रममा सुधार हुने नतिजाको अपेक्षा गरिएको छ। राष्ट्रिय शिक्षा नीति-२०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिष्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ।

केपिलासगढी गाउँपालिकाअन्तर्गत शिक्षा शाखाले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ। केपिलासगढी गाउँपालिकामा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइसम्बन्धी कार्य गर्न हाल २ वटा सामुदायिक सिकाइ केन्द्र (Community Learning Center-CLC) हरू स्थापना भएका छन्। शिक्षा क्षेत्रमा एउटा सिङ्गै क्षेत्र ओगटेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले संस्थागत र प्रणालीगत रूपमा क्षमता विकास गर्ने र सुदृढिकरण गर्ने विषयले खास महत्व नपाए पनि स्थानीय तहले आफ्नो क्षेत्रका सबै व्यक्तिहरूलाई साक्षर र सीपयुक्त बनाउन ठूलो भूमिका खेल्नुपर्ने देखिन्छ।

### ३.५.३ अवसर तथा चुनौतिहरु

**अवसर**

- औपचारिक सिकाइबाट बाहिर रहेका नागरिकहरुलाई साक्षर बनाई जिबनोपयोगी सिपको विकास गर्नु।

**चुनौतिहरु**

अनौपचारिक शिक्षा तथा आजीवन सिकाईका चुनौतिहरु देहाय बमोजिम पहिचान गरिएको छ :-

- अनौपचारिक शिक्षा तथा आजिवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्न ।
- साक्षरता, निरन्तर सिकाई, आयमुलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन गर्न ।
- मौलिक तथा परम्परागत सस्कृतिको पहिचान, संरक्षण प्रवर्धन गर्न ।
- अनौपचारिक शिक्षा तथा आजिवन सिकाईका लागि मापदण्ड नबनाउनु ।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाई सामाग्रीहरु विकासगर्न नसक्नु ।
- व्याक्तित्व विकासका लागि सामूदायिक सूचना केन्द्र, घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्न नसक्नु ।
- सामूदायिक सिकाई केन्द्रहरुको स्थावना नहुनु ।
- सहजकर्ताको क्षमता विकासका कार्यक्रमहरु संञ्चालन नहुनु  आदि ।

**३.५.४ उद्धेश्य**

यस योजनाले अनौपचारिक शिक्षा तथा आजिवन सिकाई सम्बन्धि निम्नलिखित उद्धेश्यहरु राखेको छः

- साक्षर केपिलासगढी गा.पा.को रुपमा विकास गर्नु ।
- साक्षरतालाई सीप सँग आवद्ध गरी रोजगारका अवसर प्रदान गर्नु ।
- सामूदायिक सिकाई केन्द्रको विकास र विस्तार गर्नु ।

**३.५.५ रणनीतिहरु**

यस योजनाका उद्धेश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिने छः

- साक्षर केपिलासगढी गा.पा. अभियान पूरा गर्न यस पालिकाले सामूदायिक सिकाई केन्द्र स्थापना, विद्यालय, विकास साझेदार, नागरिक समाज, टोल विकास, राजनैतिक दल सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरु परिचालन गरिनेछ ।
- सामूदायिक पुस्तकालय सबै वडाहरुमा स्थापना गरिनेछ ।
- मौलिक एवं परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवं हस्तान्तरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरीने छ ।
- स्थानिय तहले सञ्चालनमा रहेको सामूदायिक सिकाई केन्द्रहरुको आवश्यक्तानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी स्थानिय आवश्यकताका आधारमा सिकाई केन्द्र स्थापना तथा सञ्चालन गर्दै लगिने छ ।
- विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजिवन सिकाई सम्वन्धि अवधारणा पत्र तयार गरीनेछ ।
- सामूदायिक सिकाई केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विधुतिय पुस्तकालय बहुउद्धेश्यीय संयन्त्रको रुपमा सुद्दढीकरण गरी समावेशी एवं समतामा आधारित आजिवन सिकाइ थलोको रुपमा विकास गरीनेछ ।

### ३.५.६ उपलव्धि, नतिजा, प्रमूख क्रियाकलाप तथा लक्ष्य

**उपलव्धि**

- सबै नागरिकका लागि साक्षरता, निरन्तरता शिक्षा र जीवन पर्यन्त
- सिकाईको अवसर प्राप्त हुने।

**प्रमूख नतिजाहरु**

- साक्षर केपिलासगढी गा.पा.को रुपमा विकास हुने।
- लक्षित वर्ग र समूदायमा सिकाई अवसरहरुको सिर्जना हुने।
- अनौपचरिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने।
- सामूदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुने।
- विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाई सम्बन्धि अवधारणा पत्र तयार हुने।
- स्थानिय माग र आवश्यक्ताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुने।

केपिलासगढी गाँउपालिका १० वर्ष योजना (आ.व. २०८२/८३-९२/९३)

**प्रमूख क्रियाकलापहरू तथा लक्ष्य**

| क्रस | प्रमूख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पुर्ण साक्षरता घोषणाको लागि कार्यदल गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | सामुदायिक सिकाइ केन्द्र मार्फत पुर्ण साक्षरता कार्यक्रमहरु सञ्चालन | वडागत | २ | २ | २ | २ | २ | १० | २० | |
| ३ | पुर्ण साक्षरता घोषणा कार्यक्रम तथा अनिवार्य तथा निशुल्क कार्यक्रम | पटक | ० | ० | १ | ० | ० | १ | १ | |
| ४ | सामुदायिक सिकाइ केन्द्रको बार्षिक परीक्षण र समीक्षा कार्यक्रम | केन्द्र | २ | २ | २ | २ | ५ | १३ | २६ | |
| ५ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सहयोग | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ६ | सामुदायिक सिकाइ केन्द्र परिचालकको क्षमता विकास तालिम | जना | १५१५ | १५ | १५ | १५ | ३५ | १५९५ | ३१९० | |
| ७ | मा.वि. तहका विद्यार्थी तथा युवालाई निरन्तर सिकाइका लागि परिचालन गर्ने | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| ८ | प्रस्तावनाको आधारमा सामुदायिक सिकाइ केन्द्रलाई साक्षरता र आयआर्जन कार्यक्रम | संख्या | २ | २ | २ | २ | ५ | १३ | २६ | |
| ९ | एक निरन्तर सिकाइका लागि सूचना प्रविधि सहितको अध्ययन केन्द्रको स्थापना | वडागत | १ | १ | २ | १ | २ | ७ | १४ | |
| १० | हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | जना | २ | २ | २ | २ | २ | १० | २० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विकसित निर्देशिका अनुसार विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी सबैलाई विद्यालय भित्र ल्याइ आधारभूत तहमा अनिवार्य तथा निशुल्क शिक्षा लागु गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्न सोको तलबभत्ता बापतको बजेट अनुदान | जना | २ | २ | २ | २ | २ | १० | २० | |

कैपिलासगढी गाउँपालिका १० वर्षे योजना (आ.व. २०८२/८३-०९२/९३)

# परिच्छेद ४ अन्तरसम्बन्धित क्षेत्रहरु

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम शिक्षण–सिकाइको योजनाबद्ध रूप हो, जसले शिक्षक र विद्यालयमार्फत विद्यार्थीले के सिक्ने, कति सिक्ने र किन सिक्ने भन्ने स्पष्ट पार्छ र राष्ट्रिय, तहगत तथा कक्षागत उद्देश्य पूरा गर्न मुख्य माध्यमको रूपमा कार्य गर्दछ। समयसापेक्ष पाठ्यक्रम परिमार्जन हुँदै जान्छ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक साधन र स्रोत परिचालन गरिन्छ। पाठ्यक्रमअनुसार तयार पारिने व्यवस्थित विषयगत सामग्रीलाई पाठ्यसामग्री भनिन्छ, जसमा क्रियाकलाप र शिक्षण विधि समावेश हुन्छ। पाठ्यपुस्तकको प्रयोग बिना शिक्षण–सिकाइ अधुरो रहन्छ, र पाठ्यक्रमको उद्देश्य अनुसार शिक्षण–सिकाइलाई सिर्जनात्मक तथा उपलब्धिमूलक बनाउने सामग्रीलाई सिकाइ सामाग्री भनिन्छ। मूल्याङ्कन भनेको विद्यार्थीको सिकाइ प्रगतिलाई मापन, अवलोकन र विश्लेषण गर्ने प्रक्रिया हो, जसले शिक्षण–सिकाइको समग्र परिणामको लेखा–जोखा प्रदान गर्दछ। कक्षा १–३ मा लागु भएको एकीकृत पाठ्यक्रम अनुसार स्थानीय पाठ्यक्रम निर्माण भइसकेको छ र नगरपालिकाको आवश्यकता अनुसार स्थानीय पाठ्यसामग्री तयार गरी कार्यान्वयन गरिनेछ। शिक्षकहरूलाई प्रबोधीकरण तालिम दिई पाठ्यक्रमअनुसार शिक्षण–सिकाइ सुनिश्चित गरिने छ। अंग्रेजी शब्द Curriculum बाट आएको पाठ्यक्रमले विद्यार्थीको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक तथा संवेगात्मक विकासलाई लक्षित गर्दछ।

### ४.१.२ वर्तमान अवस्था

पाठ्यक्रम विकास र परिमार्जन निरन्तर हुने प्रक्रिया हो। नेपालको संविधान, शैक्षिक सुधारको आवश्यकता तथा विश्वस्तरमा भइरहेका नवीन अभ्यासलाई ध्यानमा राख्दै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ का आधारमा २०७७ देखि विद्यालय तहमा नयाँ पाठ्यक्रम कार्यान्वयन गरिएको छ। यस पाठ्यक्रमको उद्देश्य सामाजिक न्याय, सकारात्मक रूपान्तरण र विश्व प्रतिस्पर्धी सक्षम नागरिक तयार गर्नु हो। यस अन्तर्गत स्थानीय तहलाई स्थानीय पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी दिइएको छ र मूल्याङ्कन प्रणालीमा पनि सुधार गर्दै निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवस्था लागू गरिएको छ। नयाँ पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न विषयगत शिक्षक व्यवस्था, शिक्षक अभिमुखीकरण, स्थानीय पाठ्यसामग्री विकास, सूचना प्रविधिको प्रयोग तथा अपाङ्गता भएका बालबालिकाका लागि अनुकूल सिकाइ सामग्रीको व्यवस्था आवश्यक देखिन्छ। साथै निःशुल्क पाठ्यपुस्तक वितरण, पाठ्यक्रम विकास केन्द्रको सक्रिय भूमिका र स्थानीय पाठ्यक्रम विकासका मार्गदर्शन जस्ता पक्षहरू शिक्षा सुधारका महत्वपूर्ण अवसरका रूपमा रहेका छन्।

हाम्रो पालिकामा कक्षा ३ सम्म स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री तयार गरी लागु भैसकेको छ। स्थानीय पाठ्यक्रममा स्थानीय विषयहरू समावेश गरी तयार गरिएको छ। तर पनि स्थानीय पाठ्यक्रमको पठन पाठ्न तथा मूल्याङ्कनलाई व्यवस्थित गर्नुपर्ने, विभिन्न थिमहरुमा सिकाइ उपलब्धि बढाउन शिक्षकलाइ मेन्टरिङ तथा कक्षाकोठामा आधारीत कार्यमूलक अनुसन्धानलाई प्रणालीवद्ध गर्नुपर्ने आवश्यकता छ। आज पनि धैरै शिक्षक पाठ्यपुस्तक बोकेर मात्र कक्षामा प्रवेश गर्ने परम्परागत पद्धतिमा सीमित छन्, जसले शिक्षण–सिकाइलाई प्रभावकारी बन्न दिँदैन। यसकारण शिक्षालाई व्यवहारिक, रुचिकर, परिणाममुखी र भविष्यमुखी बनाउन सबैको उत्तिकै दायीत्व रहेको छ।

### ४.१.३ उद्देश्य

यस योजनाले पाठयक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

- विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्नु ।
- स्थानीय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा कार्यान्वयन गर्नु ।
- सिकाइका लागि मूल्याङ्कन प्रणालिका रुपमा रहेको तोकेको विद्यालय तहको मूल्याङ्कन प्रणाली लागु गर्नु ।
- सिकाइ उपलब्धिको विश्लेषण तथा छलफल गरी शिक्षण सुधार योजना बनाउने अभ्यास लागु गर्नु ।
- विद्यालय तहको परीक्षा प्रक्रिया तथा अभिलेखीकरणलाई थप प्रभावकारी बनाउनु ।
- पाठ्यक्रम तथा शैक्षिक सामाग्रीहरूको शिक्षक तथा विद्यार्थीको पहुँचमा वृद्धि गर्नु ।

### ४.१.४ रणनीतिहरू

यस योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छः

- विद्यालय तहमा तोकिएको पाठ्यक्रम पूर्ण रूपमा कार्यान्वयन गर्ने र नवनिर्देशित राष्ट्रिय पाठ्यक्रम प्रारूप लागू गर्ने।
- शिक्षकहरूलाई पाठ्यक्रमका उद्देश्य, संरचना र सामग्री अनुसार प्रबोधन तालिम प्रदान गरी पेशागत क्षमता वृद्धि गर्ने।
- स्थानीय परिवेशअनुसार स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री विकास गरी कार्यान्वयन गर्ने।
- मातृभाषा, स्थानीय भाषा र बहुभाषिक प्रयोगलाई आवश्यकतानुसार पाठ्यक्रममा समावेश गर्ने।
- विद्यालय मूल्याङ्कन प्रणाली लागू गरी निरन्तर मूल्याङ्कन, परियोजना कार्य, कक्षा सहभागिता र मूल्याङ्कन नतिजामा आधारित शिक्षण–सिकाइ सुधार सुनिश्चित गर्ने।
- परीक्षा सञ्चालन, अभिलेखीकरण र अंक व्यवस्थापनलाई प्रभावकारी बनाउने।
- शिक्षक र विद्यार्थी दुवैलाई आवश्यक पाठ्यपुस्तक, पाठ्यसामग्री, स्वयं-अध्ययन सामग्री र डिजिटल स्रोत उपलब्ध गराउने।
- सामुदायिक पुस्तकालय, ई–पुस्तकालय र सिकाइ केन्द्रमार्फत सामग्रीको पहुँच सुनिश्चित गर्ने।
- वातावरणीय चेतना, जलवायु परिवर्तन, स्वास्थ्य, पोषण र अन्य प्रासंगिक विषयलाई स्थानीय पाठ्यक्रम र सामग्रीमा समायोजन गर्ने।
- विपद्, महामारी वा अन्य संकटको अवस्थामा वैकल्पिक माध्यममार्फत सिकाइ निरन्तरता सुनिश्चित गर्ने।
- विद्यार्थीको सिकाइ उपलब्धि विश्लेषण गरी सुधार योजना तयार पार्ने, पाठ्यक्रम कार्यान्वयनको गुणस्तर अनुगमन गर्ने र आवश्यक प्रशासनिक सहायता उपलब्ध गराउने।
- पाठ्यक्रम र मूल्याङ्कन कार्यान्वयनमा देखा पर्ने कमजोरी पत्ता लगाएर शिक्षक र विद्यालयसँग समन्वय गर्दै प्रभावकारी सुधार सुनिश्चित गर्ने।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रमको पुनरालोकन विकास र कार्यान्वयन | पटक | ० | ० | ० | ० | १ | १ | २ | |
| २ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक विकास र वितरण | कक्षा | २ | २ | २ | १ | १ | ८ | १६ | |
| ३ | पाठ्यक्रम सम्बन्धी प्रवोधिकरणमा आधारित क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय तहको मूल्याङ्कन सम्बन्धी क्षमता विकास तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | स्थानीय पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको वितरण | विद्यालय | ० | २७ | ० | ० | ० | २६ | ५२ | |
| ६ | बार्षिक रुपमा सिकाइ उपलब्धी विश्लेषणको प्रतिवेदन तयार र छलफल अन्तरक्रिया कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | शिक्षण सुधार योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धि समीक्षाको लागि घुम्ति शिक्षक बैठक सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | पालिका स्तरीय कक्षा ५ र ८ को परीक्षा सञ्चालन | जना | ४६० | ४६० | ४६० | ४६० | ४६० | २३०० | ४६०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१०** | कक्षाकोठामा आधारित कक्षा पढाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| **११** | नासा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| **१२** | विद्यालय तह कक्षा १ बाट १२ सम्मको मूल्यांकन सहयोगी पुस्तिका तयार र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| **१३** | सबै विद्यालयका एकै प्रकारको पाठ्यक्रम लागु तथा मूल्यांकन प्रणालीमा कार्यान्वयनको लागि सहजीकरण तथा अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| **१४** | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

कैपिलासगढी गाउँपालिका १० वर्षे योजना

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षक समाज र राष्ट्रको आधार हुन्। उनीहरूको ज्ञान, लगनशीलता, दक्षता र समर्पणले विद्यार्थीको शैक्षिक उन्नति र व्यक्तित्व विकासमा प्रत्यक्ष प्रभाव पार्छ। योग्य र प्रेरणादायी शिक्षकले जिम्मेवार, सक्षम र परिवर्तनशील नागरिक तयार पार्छन्। शिक्षक केवल कर्मचारी होइनन्, उनी समाजका निर्माता र राष्ट्र निर्माणका आधारशिला हुन्। पद व्यवस्थापन अन्तर्गत दरबन्दी निर्धारण, रिक्त स्थानको पहिचान, पदपूर्ति, माग निर्धारण, दरखास्त आह्वान, जाँच र स्वीकृति, परीक्षा सञ्चालन (लिखित, मौखिक, प्रयोगात्मक), उम्मेदवार मूल्याङ्कन, छनोट, परिणाम प्रकाशन, नियुक्ति, पदस्थापन र कार्य विवरण तयार गर्ने कार्यहरू पर्दछन्। यस अन्तर्गत कर्मचारी मूल्याङ्कन, जिम्मेवारी निर्धारण, बढुवा, स्थानान्तरण, तालिम, अवलोकन भ्रमण, अनुशिक्षण, सेवा सुविधा, सामाजिक सुरक्षा र अन्य विकास गतिविधिहरू समेत समावेश छन्।

### ४.२.२ वर्तमान अवस्था

केपिलासगढीगाउँपालिकाको सामुदायिक विद्यालयको शिक्षक अवस्था दृष्टिगत गर्दा बालविकासमा २६ जना महिला शिक्षकहरू रहेको देखिन्छ। आधारभूत तह (कक्षा १-५) मा स्थायी दरबन्दी ८३, राहत ३०, पालिकाका १ गरी समेत ११४ जना रहेका छन् । आधारभूत तह (कक्षा ६-८) मा स्थायी दरबन्दी ९, राहत २०, पालिकाका अनुदान ३ र  शिक्षण सहयोग अनुदान २ गरी ३४ जना रहेका छन् । त्यसैगरी माध्यमिक तह (कक्षा ९-१०) मा स्थायी दरबन्दी १०,  राहत ८,  पालिकाका अनुदान १  र शिक्षण सहयोग अनुदान १२ गरी समेत गरी ३१ जना रहेका छन् ।  कक्षा ११ र १२ मा २ जना शिक्षकहरू रहेका छन् ।  प्राविधिक धारमा ८ जना शिक्षकहरू रहेका छन् ।  त्यसैगरी बालविका सहजकर्ता २६ जना, विद्यालय सहयोगी ३७ जना र विद्यालय लेखा कर्मचारी ७ जना रहेका छन ।

यस गाउँपालिकाभित्रका धेरै विद्यालयहरूमा शिक्षक अभाव गम्भीर समस्या बनेको छ। शिक्षक नहुँदा एकै शिक्षकले बहुकक्षीय कक्षाहरू सञ्चालन गर्न बाध्य छन्, जसले पठनपाठनको गुणस्तरमा प्रत्यक्ष असर पारिरहेको छ। विद्यार्थीहरू पाठ्यपुस्तक पूरा नपरी परीक्षा दिन बाध्य छन्, र आवश्यक ज्ञान, सीप तथा व्यवहारिक शिक्षा अभावले उनीहरूको शैक्षिक प्रदर्शनमा नकारात्मक प्रभाव पारिरहेको छ। कतै शिक्षक बढी र विद्यार्थी कम छन् भने कतै शिक्षक अपुग छ, जसले समग्र शैक्षिक नतिजामा कमी ल्याइरहेको छ। प्राथमिक तहका शिक्षकलाई माध्यमिक तहका विषय पढाउन लगाउनु, तालिमको अभाव, बालमनोविज्ञान तथा समावेशी शिक्षा बुझ्न नसक्नु जस्ता चुनौतीहरूले शिक्षकको दक्षता र विद्यार्थीको सिकाइमा नकारात्मक प्रभाव पारिरहेको छ।

समाधानका रूपमा शिक्षक दरबन्दी विद्यार्थी सङ्ख्याको आधारमा पुनः मूल्यांकन गरी सन्तुलित व्यवस्थापन गर्नुपर्छ। शिक्षकलाई आवश्यक तालिम प्रदान गर्नुपर्छ, विशेष गरी बालमनोविज्ञान, समावेशी शिक्षा र आधुनिक सिकाइ प्रविधिमा। बहुकक्षीय शिक्षणको विकल्प खोजी गर्दै डिजिटल सामग्री वा सहायक शिक्षकको व्यवस्था गर्न सकिन्छ। विद्यालयको नियमित निरीक्षण, अनुगमन र मूल्याङ्कन प्रणाली विकास गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु आवश्यक छ। शिक्षक व्यवस्थापन केवल दरबन्दी पूर्तिमा सीमित नभई दीर्घकालीन शैक्षिक सुधार र समाजको समृद्धि निर्माणको आधारको रूपमा हेरिनु पर्छ। यसरी प्रभावकारी शिक्षक व्यवस्थापनबिना शिक्षा सुधार सम्भव छैन, र शिक्षा सुधारबिना समाजको समग्र विकास असम्भव छ।

### ३.२.३ उद्देश्य

यस पालिकाको  शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्

- सिकाइ सुधारको लागि आवश्यक शिक्षकको क्रमश व्यवस्थापन गर्दै लैजानु ।
- शिक्षकले गर्ने शिक्षण पुर्वको तयारी दरलाई वृद्धि गर्नु ।
- शिक्षकको पेशागत विकासका गतिविधिको हुने सहभागितामा वृद्धि गर्नु ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयन गर्नु ।

### ४.२.४ रणनीतिहरू

यस योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छः

- वार्षिक रुपमा विद्यार्थी सङ्ख्याको आधारमा र आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरुवामा नियमितता गर्ने ।
- शिक्षक व्यवस्थापन चुस्त बनाउने: शिक्षकको चयन, नियुक्ति, बढुवा, मूल्याङ्कन, तालिम र प्रोत्साहन प्रक्रियालाई पारदर्शी, अनुमानयोग्य र कानूनी रूपमा सुनिश्चित गर्ने। उत्कृष्ट शिक्षक र कर्मचारीलाई वार्षिक प्रमाणपत्र र पुरस्कारबाट सम्मान गर्ने।
- विद्यालयमा शिक्षकको अभाव रोक्ने, आवश्यक विषयगत दक्षता अनुसार घुम्ती शिक्षक व्यवस्थापन गर्ने, र दरबन्दी अपुग भएमा संघ/प्रदेशसँग समन्वय गरी थप शिक्षक उपलब्ध गराउने।
- शिक्षक र प्रधानाध्यापकको पेशागत क्षमता विकास: अभिमुखीकरण, पुनरावृत्ति तालिम, विषयगत समूह सहयोग, सुपरिवेक्षण प्रणाली, गोष्ठी र कार्यशालाबाट दक्षता अभिवृद्धि गर्ने।
- डिजिटल सामग्री विकास, अनलाइन/भर्चुअल तालिम, योग्यता अभिवृद्धि र खुला विश्वविद्यालय/साझेदारीमार्फत शिक्षक तालिम उपलब्ध गराउने।
- अनुगमन, मूल्याङ्कन र शिक्षक सहयोग प्रणाली कार्यान्वयन गरी गुणस्तरीय शिक्षण–सिकाइ सुनिश्चित गर्ने।
- अध्ययन, अनुसन्धान र नवीन अभ्यासको प्रयोग तथा शिक्षकहरूको अनुसन्धानमूलक कार्य, अनुभव सत्र र प्रकाशनमार्फत पेशागत विकास र ज्ञानको आदानप्रदान प्रवर्द्धन गर्ने।
- समावेशी तथा बहुभाषिक शिक्षा प्रवर्द्धनका  तालिम, पाठ्यक्रम र सामग्री विकासमा मातृभाषा, स्थानीय भाषा र बहुभाषिक अभ्यास समावेश गर्ने।
- विपद्, महामारी वा अन्य संकटको अवस्थामा वैकल्पिक माध्यम, डिजिटल सामग्री र सहायक शिक्षकको व्यवस्थापन सुनिश्चित गर्ने।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- पेशागत विकास सक्रिय रहेका तालिमप्राप्त शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू**

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बार्षिक रुपमा आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरुवा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | स्यमसेवंक शिक्षको नियुक्ति | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ३ | पालिका स्तरीय शिक्षक पेशागत विकास तालिम | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | |
| ४ | पालिका स्तरीय शिक्षकको मागमा आधारित छोटो अवधिका तालिम | इभेन्ट | २ | २ | २ | २ | २ | १० | २० | |
| ५ | मासिक सिकाइ केन्द्रित स्टाफ बैठक | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ६ | चौमासिक घुम्ति शिक्षक बैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ७ | शिक्षकले कक्षाकोठामा विताउने समयको लागि लकबुक सञ्चालन | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ८ | शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयनको लागि शिक्षण सिकाइ समन्वयकर्ता अधिकृत नियुक्ति र परिचालन | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | शिक्षण सुधार योजनाको निर्माण तथा कार्यान्वयन | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| १० | शैक्षिक सामग्रीको निर्माण बार्षिक (४० थान) | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ११ | दैनिक पाठयोजना वा पाठनोट को निर्माण | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| १३ | पालिका स्तरीय कार्यमूलक अनुसन्धानको नतिजा प्रस्तुत गर्न शिक्षक सम्मेलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | निश्चत सूचकको आधारमा शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | विषयगत समिति परिचालन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| १६ | राम्रा अभ्यासहरुको लागि शिक्षक अध्ययन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

स्रोत र पूर्वाधारको अभावका कारण सिकाइको निरन्तरता सुनिश्चित गर्न कठिनाइ देखिएको छ। तर विद्यार्थीहरूले पढाइ छोडेको अवस्था कम देखिएको छ। सबैको पहुँच सुनिश्चित गर्न नेपालको संविधान, शिक्षा ऐन र सम्बन्धित नियमावली अनुसार व्यवस्था गरिएको छ। हाल कार्यान्वयनमा रहेका आधारभूत, प्राविधिक र प्राथमिक शिक्षा कार्यक्रम, नवदिर्षित लक्ष्य र सुधार योजना, साथै गाउँपालिकाको स्थानीय योजना मार्फत सबै वर्गका बालबालिकासम्म शिक्षा पहुँच पुऱ्याउने प्रबन्ध गरिएको छ। यस्ता योजना समयसँगै नीति र संस्थागत संरचनासहित व्यवस्थित रूपमा अगाडि बढाइएका छन्।"

### ४.३.२ वर्तमान अवस्था

समाजमा रहेको लैङ्गिक असमनता, महिला हिंसा, महिला उत्पीडन जस्ता विसङ्गतिलाई निरुत्साहित गरी जातीय विभेदको अन्त्य,आर्थिक तथा सामाजिकरुपमा पिछडिएका हरुलाई सहयोग र शिक्षामा सबैको पहुँच पुर्याउन राज्यले विभिन्न कार्य गर्दै आइरहेको छ। लैङ्गिक समानता र महिला तथा जातीय हिंसा विरुद्ध यस  नगरपालिका मा पनि विभिन्न कार्यहरु हुँदै आइरहेका छन्। नेपालको संविधान तथा कानुनमा व्यवस्था भएअनुरुप नगर कार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्ध संस्थामा जातजाती, महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ। दलित, छात्रा तथा सीमान्तकृत समुदायका बालबालिकाहरूका लागि छात्रवृत्तिको व्यवस्था, जातीय, भाषिक, सांस्कृतिक तथा शारीरिक विविधताका बीच विद्यालयले सबैलाई समेट्ने वातावरण बनाउँदै जानु,पालिकाले कमजोर वर्गका बालबालिकालाई शिक्षामा पहुँच पुर्याउन बर्सेनि बजेट विनियोजन, छात्रवृत्ति वितरण, शिक्षण सामग्री उपलब्ध गराउने, बालमैत्री विद्यालयको निर्माण आदि कार्य गर्नु र विभिन्न क्षेत्रमा आरक्षणको व्यवस्था गरिनुले शिक्षामा सुधार भइरहेका मान्न सकिन्छ।

यस गाउँपालिकाभित्र रहेका दृष्टिबिहीन न्यूनदृष्टियुक्त, बहिरा,सुस्त श्रवण, अटिज्म, बौद्धिक शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई श्रोत कक्षा बिशेष कक्षामा साथै सामान्य खालको अपांङ्गता भएका विद्यार्थीहरुलाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरीएको छ साथै सामाजिक आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा कक्षाकोठामा शिक्षण सिकाई क्रियाकलाप सन्चालन गरिएको छ। आर्थिक रूपमा पछाडि परेका तथा शारीरिक रूपले अपाङ्ग र अशक्त व्यक्तिहरूका लागि शिक्षामा पहुचँ विस्तार गरी सबै नागरिकलाई सबल र सक्षम बनाउनु  महत्त्वपूर्ण कार्य हो। सामुदायिक बिधालयमा शैक्षिक सत्र २०८२ अनुसार आधारभूत तह कक्षा १-८ सम्म १९६३ विद्यार्थीहरु अध्ययनरत छन, कक्षा ९-१२ मा ५४२ जना विद्यार्थीहरु अध्ययनरत छन भने बालविकास कक्षामा ३२१ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन।

### ३.३.३ उद्देश्य

यस पालिकाको  शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्

- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गताभएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्‍याउनु ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।
- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहगर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्नु ।
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउनु ।
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विवधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्नु ।

### ४.३.४ रणनीतिहरू

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छः

- विद्यालयबाहिर रहेका बालबालिकाको स्थिति, कारण र आवश्यकता पहिचान गर्ने र प्राप्त विवरणका आधारमा बालबालिकालाई विद्यालयमा समावेशगरी विशेष कार्यक्रम सञ्चालन गर्ने
- लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधार (जस्तै र्‍याम्प, छुट्टै शौचालय, सुरक्षित कक्षा पिउने पानी, पर्खाल) निर्माण गर्ने ।
- विपन्न, दलित, अपाङ्गता भएका, तथा सीमान्तकृत बालबालिकालाई पोशाक, स्टेशनरी, सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गर्ने ।
- सबै विद्यालयहरूमा भेदभावरहित, समावेशी र बालमैत्री वातावरण सिर्जना गर्ने ।
- बालमैत्री शिक्षण विधिहरूमा शिक्षकलाई अभिमुखीकरण गर्ने ।
- किशोरी शिक्षा तथा मनोसामाजिक सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने ।
- प्रत्येक विद्यालय तथा पालिकामा लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने , जसले लैङ्गिक मुद्दा सम्बोधन र समन्वय गर्ने।
- विद्यालयहरूमा अभिभावक बैठक, अभिमुखीकरण तथा समुदाय सहकार्य कार्यक्रम नियमित गर्ने ।
- विद्यालयको सबै गतिविधिमा वर्ग, जात, लिङ्ग, समुदाय, क्षमता आदिमा आधारित समावेशी सहभागिता सुनिश्चित गर्ने ।

### ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बालमैत्री प्रारुप सम्बन्धी विद्यालयको प्रतिनिधिलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | साझेदारीमा आधारित प्रस्ताबनाको आधारमा बालमैत्री प्रारुप कार्यान्वयन सहयोग कार्यक्रम | पटक | ७ | ७ | ७ | ८ | ७ | ३६ | ७२ | |
| ३ | लैङ्गिक सम्पर्क व्यक्तिको छनोट र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | छात्रा समावेशी सञ्चालनको निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | मनोपरामर्श, करियर तथा उत्प्रेरणा सम्बन्धि तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | पहुँचयुक्तता लेखाजोखा | विद्यालय | ७ | ७ | ७ | ८ | ७ | ३६ | ७२ | |
| ७ | पहुँचयुक्ता लेखाजोखाको आधारमा भौतिक संरचनालाई पहुँचयुक्त बनाउन सहयोग कार्यक्रम | विद्यालय | ७ | ७ | ७ | ८ | ७ | ३६ | ७२ | |
| ८ | प्रारम्भिक पहिचान र आवश्यक सहयोग कार्यक्रम | विद्यालय | ७ | ७ | ७ | ८ | ७ | ३६ | ७२ | |
| ९ | समावेशि शिक्षक शिक्षा तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालय जान नसक्ने बालबालिकाहरुको लागि घरमै विद्यालय कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | पिछडिएका वर्गका वालवालिकाहरुका लागि सिकाइ प्रोत्साहन तथा छात्रवृति कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाई सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु बितरणका लागि बजेट अनुदान वा समावेशी सिकाइ सामग्री | विद्यालय | ७ | ७ | ७ | ८ | ७ | ३६ | ७२ | |
| १३ | अपाङ्गता भएका बालबालिकाहरुको लागि प्रारम्भिक सिकाइ केन्द्र (स्रोत कक्षा सञ्चालन तथा व्यवस्थापन) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको स्वास्थ्य र पोषणले उनीहरूको शारीरिक, मानसिक, सामाजिक विकास तथा सिकाइमा ठूलो प्रभाव पार्छ। कुपोषण, सरसफाइको कमी र सन्तुलित आहारको अभावले रोग बढाई शिक्षामा नकारात्मक असर पार्छ। त्यसैले पोषणसँगै व्यक्तिगत, घरायसी, विद्यालय र वातावरणीय सरसफाइ आवश्यक हुन्छ। विद्यालयमा दिवा खाजा, स्वच्छ खानेपानी, स्वास्थ्य जाँच, खोप र छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन तथा निःशुल्क सेनिटरी प्याड वितरण जस्ता कार्यक्रमहरू मार्फत मा नेपाल सरकारले सहयोग गर्दै आएको छ ।

### ४.४.२ वर्तमान अवस्था

बालबालिकाको विकास र सिकाइ स्वास्थ्य तथा पोषणसँग प्रत्यक्ष सम्बन्धित छ। राम्रो स्वास्थ्य र पोषणले बालबालिकाको बौद्धिक, मानसिक, सामाजिक र शारीरिक विकासमा सकारात्मक प्रभाव पार्दै सिकाइ उपलब्धिमा सुधार ल्याउँछ। तर कुपोषण, असन्तुलित आहार, सरसफाइको कमी र पोषणयुक्त खानाको अभावले बालबालिकामा रोग उत्पन्न गरी विद्यालय नियमित जान नसक्ने अवस्था सिर्जना गरेको छ, जसले शैक्षिक वातावरण र मानसिक स्वास्थ्यमा नकारात्मक असर पार्छ।

स्वच्छता र सरसफाइमा व्यक्तिगत, घरायसी, विद्यालय तथा वातावरणीय सरसफाइ सबै आवश्यक छन्। विद्यालयमा दिवा खाजा, स्वच्छ खानेपानी, महिनावारी स्वच्छता व्यवस्थापन, स्वास्थ्य जाँच, खोप र निःशुल्क सेनिटरी प्याड वितरण जस्ता कार्यक्रमहरूले बालबालिकाको स्वास्थ्य र पोषणमा सहयोग पुर्याउँछन्। सरसफाइ तथा पोषणका लागि नीति तथा कार्यक्रमहरू जस्तै सरसफाइ तथा स्वच्छता गुरुयोजना २०११, विद्यालय स्वास्थ्य र पोषण रणनीति २००६, विद्यालय क्षेत्र विकास कार्यक्रम २०१६–२०२३, र बालमैत्री विद्यालय फ्रेमवर्कले स्पष्ट दिशानिर्देश दिएका छन्। यीमा युरिनलसहित फरक-फरक शौचालय, नियमित पानी र हातधुने व्यवस्था, स्वच्छ खानेपानी, वातावरणीय सरसफाइ, हरियाली, स्वच्छता शिक्षा र महिनावारी व्यवस्थापनको व्यवस्था समावेश छ। सारमा, विद्यालय र समुदायमा बालबालिकाको स्वास्थ्य शिक्षा, नियमित स्वास्थ्य परीक्षण, खोप, भिटामिन र पोषक तत्व वितरण नियमित रूपमा सञ्चालन गर्नु आवश्यक छ, जसले बालबालिकाको विकास, सिकाइ र समग्र पोषणमा सुधार ल्याउँछ।

यस केपिलासगढी गाउँपालिकाका सबै सामुदायिक विद्यालय हरुमा रहेका प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५सम्म रहेका सबै बालबालिकाका लागि दिवा खाजा कार्यक्रम संञ्चालन गरिएको छ । दिवा खाजा अन्तर्गत बिद्यालयले मेनु निर्माण गरी पत्रु जङ्क फुड खाजा निरुत्साहित गर्नलागि स्थानीय स्तरमा उत्पादन भएका अर्गानिक खाजा खुवाउने व्यवस्था गरेको छ । अझै केही बिद्यालयहरुले जङ्क फुड खाजा खुवाउने गरेकाले पालिकाले स्थानीय परिवेश अनुसारको खाजा मेनु तयार गरी कार्यान्वयन गर्न आवश्यक छ । केपिलासगढीगाउँपालिकाले माध्यमिक तहका सबै विद्यालयमा स्वास्थ्य र पोषणको महत्त्वलाई बढाउने उद्देश्यले स्वास्थ्य तथा पोषण सप्ताह (जेठ १–७ गते) नियमित रूपमा सञ्चालन गर्दै आएको छ। त्यसैगरी, महिनावारी स्वच्छता कार्यक्रम अन्तर्गत कक्षा ६–१२ का छात्रा–छात्राहरूलाई स्यानीटरी प्याड वितरण गर्ने कार्य पनि भइरहेको छ। हाल ९ वटा विद्यालयमा स्यानीटरी प्याड डिस्पोजलको व्यवस्था रहेको छ। विद्यालयमा शुद्ध खानेपानीको प्रयोग गर्ने २३ वटा विद्यालय रहेका छन् । ९ वटा माद्यमिक विद्यालयमहरुमा छात्रा–छात्रा शौचालय रहेको छ र ३५ वटा सामुदायिकमा खाने पानीको व्यवस्था पनि सुनिश्चित गरिएको छ। विद्यालय सरसफाइ अन्तर्गत कक्षाकोठा सरसफाइ, विद्यालयको वातावरणीय सरसफाइ, स्वच्छ खानेपानीको लागि फिल्टर र क्लोरिनेशन प्रणाली जस्ता कार्यहरू सञ्चालनमा छन्।

### ४.४.३ उद्देश्य

यस योजनाले दिवा खाजा सहित स्वास्थ्य तथा पोषण सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

- विद्यालयका बालबालिकाहरूलाई स्वस्थ्य तथा पोषणयुक्त आहारको सुनिश्चित गर्नु ।
- विद्यालयमा कार्यान्वयन रहेको खाजा कार्यक्रमको कार्यान्वयनमा सुधार ल्याउनु ।
- विद्यालयका बालबालिकाहरूको स्वास्थ्य पोषण तथा सरसफाई सम्बन्धी सकारात्मक व्यवहारको विकासमा सुधार ल्याउनु ।

### ४.४.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिनेछ ।

- दिवा खाजा कार्यक्रमलाई विस्तार गर्दै आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने।
- अभिभावकको सहभागितामा माध्यमिक तहका विद्यार्थीका लागि पनि खाजाको व्यवस्था गर्ने।
- दिवा खाजा सञ्चालनका लागि विद्यालयमा आवश्यक भौतिक तथा व्यवस्थापकीय सुविधा विस्तार गर्ने।
- विद्यार्थी सङ्ख्याअनुसार पर्याप्त पानी, साबुन र सरसफाइ सामग्रीको व्यवस्था गर्ने।
- छात्र र छात्राका लागि अलग–अलग शौचालय र युरिनल निर्माण गर्ने तथा हात धुने ठाउँको व्यवस्था गर्ने।
- किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन तथा महिनावारी स्वच्छता व्यवस्थापनको सुविधा उपलब्ध गराउने।
- विद्यालयमा स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसरको सरसफाइ र घेराबारको व्यवस्था गर्ने।
- प्राथमिक उपचार किट, आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि, भिटामिन ए र आइरन फोलिक एसिड वितरण गर्ने।
- छात्राहरूका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रसँग सहकार्य गरी नियमित र प्रभावकारी बनाउने।
- स्वास्थ्य, पोषण, सरसफाइ र दिवा खाजा कार्यक्रमको दिगोपनका लागि तीनै तहका सरकार, निजी क्षेत्र, अभिभावक र विकास साझेदारसँग सहकार्य गर्दै अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने।

कपिलवस्तु नगरपालिका दशवर्षे योजना (आ.व. २०८२/८३-०९२/९३)

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन | जना | १२६० | १२६० | १२६० | १२६० | १२६० | ६३०० | १२६०० | |
| ३ | आमा समूंह गठन गरी खाजा कार्यक्रमलाई व्यवस्थापन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १८० | ३६० | |
| ४ | साप्ताहिक खाजा कार्यक्रमको अनुगमन तथा निरिक्षण | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १८० | ३६० | |
| ५ | एक विद्यालय एक फुलबारी वा हरित विद्यालय कार्यक्रम | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १८० | ३६० | |
| ६ | साप्ताहिक सरसफाइ कार्यक्रम | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १८० | ३६० | |
| ७ | स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धित सचेतनामुलक कार्यक्रम | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १८० | ३६० | |
| ८ | चौमासिक रुपमा स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १८० | ३६० | |
| ९ | एक विद्यालय एक स्वास्थ्य किट वा प्राथमिक उपचार बक्स व्यबस्थापन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १८० | ३६० | |
| १० | छात्राको लागि सेनिटरी प्याड ब्यवस्थापन, वितरण तथा अनुगमन | जना | ७२१ | ७२१ | ७२१ | ७२१ | २७१८ | ५६०२ | ११२०४ | |

## ४.५ विद्यालय सुरक्षा, विपद  न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

विविध विद्यालय बालबालिकाले सुरक्षित र अनुकूल वातावरणमा शिक्षा प्राप्त गर्ने स्थान हो। त्यसैले विद्यालयको भौतिक संरचना, वातावरण तथा व्यवस्थापनलाई सुरक्षित बनाउनु अत्यन्त आवश्यक हुन्छ। विद्यालय सुरक्षा भन्नाले विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई विभिन्न जोखिम र खतराबाट जोगाई सुरक्षित वातावरणमा शिक्षण–सिकाइ सञ्चालन गर्ने व्यवस्था हो। नेपालमा भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता विभिन्न विपद्का जोखिमहरू रहेका छन्। यस्ता घटनाले विद्यालय भवन, शैक्षिक गतिविधि तथा विद्यार्थीको सुरक्षामा असर पार्न सक्छ। त्यसैले सम्भावित जोखिमलाई कम गर्न विपद् न्यूनीकरण सम्बन्धी योजना बनाउनु आवश्यक हुन्छ। यस अन्तर्गत सुरक्षित विद्यालय भवन निर्माण, जोखिम मूल्याङ्कन, आपतकालीन योजना तयारी, प्राथमिक उपचार सामग्रीको व्यवस्था तथा विपद्का समयमा कसरी सुरक्षित रहने भन्नेबारे सचेतना र अभ्यास कार्यक्रम सञ्चालन गरिन्छ। उत्थानशीलता भन्नाले विपद् वा संकटको अवस्थामा पनि विद्यालयले शिक्षण–सिकाइ प्रक्रियालाई निरन्तरता दिन सक्ने क्षमता हो। यसको लागि वैकल्पिक सिकाइ व्यवस्था, सरोकारवाला निकायसँग सहकार्य तथा आवश्यक स्रोत–साधनको व्यवस्थापन गर्नुपर्छ। यसरी विद्यालयलाई सुरक्षित र व्यवस्थित बनाउँदै विपद्का समयमा पनि शिक्षा निरन्तर सञ्चालन गर्न सक्ने वातावरण निर्माण गर्नु विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलताको मुख्य उद्देश्य हो।

### ४.५.२ वर्तमान अवस्था

यस गाउँपालिकामा आपतकालीन अवस्थामा पनि सिकाइलाई निरन्तरता दिन ReAL Plan कार्यान्वयन गरिएको छ, जसले अधिकार, समावेशीकरण, समानता र पहुँच सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। गाउँपालिकाका केही विद्यालय पुराना संरचनासहित रहेका छन्; केही भूकम्प प्रतिरोधक भवन भए पनि अन्य सुरक्षा उपकरण, आपतकालीन योजना र प्रशिक्षित शिक्षक पर्याप्त छैनन्। विद्यालयहरू शितलहर, तातो हावा, डुबान, आगलागी, चट्याङ र महामारी जस्ता जोखिममा छन् । उत्थानशील योजनाले आपतकालीन अवस्थामा विद्यार्थी, किशोरी, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको संरक्षण, वैकल्पिक सिकाइको व्यवस्था, सुरक्षित विद्यालय वातावरण र पुनःनिर्माणमा सहयोग सुनिश्चित गर्ने प्रावधान राखेको छ । कोभिड-१९ का समयमा अनलाइन कक्षा, टेलिभिजन/रेडियो कार्यक्रम, अध्ययन सामग्री वितरण, सामुदायिक शिक्षण केन्द्र, स्वास्थ्य सचेतना र अभिभावक संलग्नता जस्ता उपायहरू अपनाइएका थिए । यी उपायहरूले विद्यालयमा सिकाइ निरन्तरता र सुरक्षित वातावरण सुनिश्चित गर्न मद्दत गरेका छन्। २०७२ सालको महाभूकम्प र २०७६ सालको कोभिड-१९ ले यस पालिकामा शिक्षा क्षेत्रमा ठूलो असर पारेको छ । भूकम्पपछिका पुनर्निर्मित भवनहरू केही भूकम्प प्रतिरोधी भए पनि सबै विद्यालय भवनहरू अझै पूर्ण रूपमा बालमैत्री र सुरक्षित नभएका छन्। कोभिड-१९ का कारण लामो समय विद्यालय बन्द हुँदा शिक्षामा ठूलो अवरोध उत्पन्न भयो। शिक्षा पुनर्स्थापना कार्यक्रम शिक्षक, अभिभावक र स्थानीय तहको साझेदारीमा सञ्चालन भइरहेको छ भने स्रोत व्यवस्थापन र आवश्यक सहयोग प्रदान गर्ने उपायहरू पनि अगाडि बढाइँदैछन्।

### ४.५.३ उद्देश्यहरू

यस योजनाले यस क्षेत्रसँग सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु

- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।
- विपद् व्यवस्थापन प्रतिकार्यको योजना विकास गर्नु ।

### ४.५.५ रणनीतिहरू

आपत्कालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा सम्बन्धमा मुख्य रणनीतिहरू निम्नानुसार हुनेछन् ।

- विद्यालय र पालिका स्तरमा शिक्षा क्षेत्रमा प्रभाव पार्ने विपद् वा संकटको पूर्वानुमान, मूल्याङ्कन र विश्लेषण गरी प्रतिकार्य योजना तयार गर्ने।
- नयाँ विद्यालय भवन भूकम्प प्रतिरोधी निर्माण गरिने र २०८० मापदण्ड अनुसार अनुगमन, लैङ्गिक समता र समावेशीकरण सुनिश्चित गर्ने।
- विद्यार्थी र शिक्षकलाई सम्भावित प्रकोप र विपद् प्रतिरोधक उपायबारे जानकारी दिने र जनचेतना कार्यक्रम सञ्चालन गर्ने।
- विपद् वा महामारीका बेला शिक्षण–सिकाइ निरन्तरता सुनिश्चित गर्न E-learning, अनलाइन प्लेटफर्म र अन्य वैकल्पिक सिकाइ विधि अपनाउने।
- प्रत्येक वडामा आपतकालीन व्यवस्थापन संयन्त्र निर्माण गर्ने र प्रत्येक विद्यालयमा आपतकालीन कोष तथा प्राथमिक उपचार सामग्रीको व्यवस्था सुनिश्चित गर्ने।
- रेडक्रस र सम्बन्धित निकायसँग समन्वय गरी उद्धार, राहत र प्राथमिक उपचार सम्बन्धी तालिम सञ्चालन गर्ने।
- स्थानीय तह र विद्यालयको क्षमता विकास गरी पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना र जोखिम न्यूनीकरणका उपाय कार्यान्वयन गर्ने।
- विपद्का समयमा आवश्यक यन्त्र–सामग्री, खाद्यान्न, पोसाक र अन्य राहत सामग्रीको व्यवस्था गरी शिक्षण–सिकाइ निरन्तरता सुनिश्चित गर्ने।
- Education Cluster निर्माण गरी स्थानीय तह, विद्यालय र सरोकारवालाबीच समन्वय र जिम्मेवारीको प्रणाली तयार गर्ने।
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा र दिगो विकास कार्यक्रम कार्यान्वयन गर्दै सुरक्षित, दिगो र समावेशी विद्यालय वातावरण सुनिश्चित गर्ने।
- शिक्षक र विद्यार्थीलाई प्रकोप, महामारी वा अन्य संकटको सामना गर्ने पूर्वसावधानी, रोकथाम र सुरक्षित अभ्यासमा तालिम दिने र बालमैत्री, सुरक्षित विद्यालय वातावरण निर्माण गर्ने।

### ४.५.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू

**उपलब्धि**

- आपत्कालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारमा सुधार आउने छ ।
- विपद् प्रतिकार्य योजना तयार हुने ।
- विद्यालय तथा पालिकाको विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकास हुने ।
- विपतको समयमा पनि शिक्षणसिकाइ क्रियाकलाप निरन्तर सञ्चालन हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू**

| क्र .स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद सम्वन्धी विद्यालय तथा पालिका स्तरीय विपद प्रतिकार्य योजना निर्माण | पटक | ० | ० | १ | ० | ० | १ | १ | |
| २ | पालिका स्तरिय विद्यालय शिक्षा सहयोग विपद कोष कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | वडास्तरीय प्रतिकार्य कार्यदलको गठन र परिचालन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | संकटका बेलामा शिक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | स्काउट तथा जुरेसको जस्ता समूह गठन तथा परिचालन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | १० | |
| ६ | विपद् सम्बन्धी सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.६  विद्यालयको भौतिक पुर्वधार विकास

### ४.६.१ परिचय

शैक्षिक गुणास्तर प्राप्त गर्नका लागि सुरक्षित विद्यालय, पढ्नका लागि उचित वातावरण युक्त कक्षा कोठा, खेल्नका लागि खेल मैदान,  सफा शौचालय, खानेपानि, शैक्षिक सामाग्रि जस्ता भौतिक पुर्वधार विद्यालयका आधारभुत संरचना हुन। शिक्षा ऐनमा ब्यवस्था भए बमोजिम प्रारम्भिक वालविकास तथा आधारभुत तहका प्रारम्भिक कक्षा का लागि प्रति विद्यार्थि ०.७५ वर्गमिटर र उच्च आधारभुत तथा माध्यामिक तहका लागि प्रति विद्यार्थि १ वर्गमिटर वरावरको क्षेत्रफल हुनुपर्ने व्यवस्था रहेको छ।

### ४.६.२ वर्तमान अवस्था

केपिलासगढी गाउँपालिकाले विद्यालय भौतिक सर्वेक्षण २०८२ सञ्चालन गरेको थियो। सो सर्वेक्षण अनुसार कुल ३३७ वटा कक्षाकोठा रहेका छन् भने ३० वटा कोठामा मर्मत आवश्यक देखिएको छ। जम्मा विद्यालयको भवन संख्या १२० रहेको पाइको छ। हाल पालिकाभित्रका विद्यालयहरूमा पर्याप्त, सुरक्षित र बालमैत्री भौतिक संरचना उपलब्ध छैनन्। इन्सिनेटरको व्यवस्था नभएको र अपाङ्गमैत्री शौचालय शून्य रहेको देखिन्छ। पुराना भवनहरू ट्रसयुक्त र कमजोर छन् भने नयाँ भवनहरूको भौतिक पूर्वाधार भूकम्प प्रतिरोधी र अपाङ्गमैत्री हुन आवश्यक छ। सर्वेक्षण अनुसार हालका विद्यालय भवनमध्ये करिब ६० प्रतिशत कच्ची संरचना र भूकम्प प्रतिरोधी नभएको देखिन्छ।

सुरक्षाका दृष्टिले केहि विद्यालयमा घेरबार छैन र केही विद्यालयमा खेल मैदानको अभाव छ। यस पालिका भित्रका विद्यालयहरुमा ५८ वटा शौचालयको संख्या छ भने करिब सबै १३ वटा जति विद्यालयमा छात्रा–छात्राका लागि छुट्टाछुटै शौचालयको व्यवस्था छ। तर केवल २९ प्रतिशत विद्यालयले प्रशोधित पानी प्रयोग गर्दै। समग्र रूपमा विद्यालय भौतिक पूर्वाधारको अवस्था सामान्य भए पनि सुधार गर्नुपर्ने धेरै ठाउँहरू विद्यमान छन्। यस्ता भौतिक संरचना निर्माण र सुधारमा गाउँपालिकाको एकल प्रयास पर्याप्त नहुने हुँदा प्रदेश सरकार, संघीय सरकार, समुदाय र विभिन्न संघसंस्थाको सहयोग लिन सकिएमा शिक्षण–सिकाइमा प्रभावकारी योगदान दिन सकिन्छ। भविष्यमा सबै विद्यालयका भौतिक पूर्वाधार अपाङ्गमैत्री, लैङ्गिकमैत्री र सुरक्षित बनाउने तथा भौतिक पूर्वाधार निर्माण निर्देशिका अनुसार कार्यान्वयन गर्न स्थानीय तहले पनि आवश्यक कार्यविधि विकास गर्नु आवश्यक देखिन्छ।प्राय धेरै जसो विद्यालयहरुमा वालमैत्री धाराहरुको व्यवस्था रहेको छ।

| क्र.स. | विद्यालयको नाम | भवन संख्या | कक्षा कोठा संख्या | सौचालय संख्या |
|---|---|---|---|---|
| १ | **श्री कुहुँडाँडामाध्यमिक विद्यालय** | ७ | १८ | ३ |
| २ | **श्री पत्करुआधारभुत विद्यालय** | २ | १० | १ |
| ३ | **श्री गौरी पञ्चकन्या माध्यमिक विद्यालय** | ६ | १२ | २ |
| ४ | **श्री तोमानेआधारभुत विद्यालय** | ४ | ११ | १ |
| ५ | **श्री गंगाजमुनाआधारभुत विद्यालय** | २ | ५ | १ |

| | | | | |
|---|---|---|---|---|
| ६ | श्री लालीगुराँस आधारभुत विद्यालय | ३ | ७ | १ |
| ७ | श्री सातकन्याआधारभुत विद्यालय | २ | ५ | २ |
| ८ | श्री जागेश्वरीआधारभुत विद्यालय | २ | ४ | १ |
| ९ | श्री जनसेवा आधारभुत विद्यालय | २ | ५ | १ |
| १० | श्री नवज्योति आधारभुत विद्यालय | १ | ४ | १ |
| ११ | श्री शुक्रजितमाध्यमिक विद्यालय | ५ | १३ | २ |
| १२ | श्री खार्तम्छाआधारभुत विद्यालय | २ | ५ | १ |
| १३ | श्री सिंहकालीआधारभुत विद्यालय | २ | ७ | २ |
| १४ | श्री चन्द्रोदय आधारभुत विद्यालय | २ | ७ | १ |
| १५ | श्री राष्ट्रिय माध्यमिक विद्यालय | ६ | १७ | २ |
| १६ | श्री मनकामना आधारभुत विद्यालय | ३ | १० | २ |
| १७ | श्री शिद्धआधारभुत विद्यालय | ४ | ८ | १ |
| १८ | श्री कालिका आधारभुत विद्यालय | १ | ४ | १ |
| १९ | श्री पृथीमाध्यमिक विद्यालय | १५ | ४६ | ४ |
| २० | श्री जाल माध्यमिक विद्यालय | ५ | १५ | २ |
| २१ | श्री कालिका जनजागृति आधारभुत विद्यालय | ३ | ९ | २ |
| २२ | श्री कालिका आधारभुत विद्यालयदाम्खु | २ | ७ | २ |
| २३ | श्री सिंहदेवीआधारभुत विद्यालय | १ | २ | १ |
| २४ | श्री शिक्षा जयन्ती आधारभुत विद्यालय | २ | ४ | १ |
| २५ | श्री थर्पु डाँडामाध्यमिक विद्यालय | ३ | १४ | २ |
| २६ | श्री सम्रेश्वरआधारभुत विद्यालय | ४ | ८ | १ |
| २७ | श्री मालिकादेवी प्राथमिक विद्यालय | २ | ६ | २ |
| २८ | श्री जनता आधारभुत विद्यालय | १ | ४ | १ |
| २९ | श्री रेनुका माध्यमिक विद्यालय | ५ | १२ | २ |
| ३० | श्री कालिकादेवीआधारभुत विद्यालय | २ | ६ | २ |
| ३१ | श्री युवा ज्योति आधारभुत विद्यालय | २ | ७ | २ |
| ३२ | श्री सुर्य माध्यमिक विद्यालय | ६ | १७ | २ |

| | | | | |
|---|---|---|---|---|
| ३३ | **श्री चन्द्र आधारभुत विद्यालय** | ३ | ६ | १ |
| ३४ | **श्री सिंहदेवीआधारभुत विद्यालय** | ३ | ८ | २ |
| ३५ | **श्री मंगल आधारभुत विद्यालय** | १ | ६ | १ |
| ३६ | **श्री हिमालय आधारभुत विद्यालय** | २ | ४ | १ |
| ३७ | **कालिका आधारभुत विद्यालय** | २ | ४ | १ |
| | जम्मा | १२० | ३३७ | ५८ |

### ४.६.३ अवसर र चुनौतिहरु

**अवसर**

अपाङ्गमैत्री, बालमैत्री, भुकम्प प्रतिरोधी भौतिक संरचनाको निर्माण गर्न।

**चुनौतिहरु**

विद्यालय पुर्वधार विकाससंग सम्बन्धित निम्नलिखित चुनौतिहरु रहेको देखिन्छ।

- भुकम्पले क्षति ग्रस्त भौतिक पुर्वधार र कोभिड-१९ ले असर पुर्याएको शैक्षिक गतिविधिहरुलई बृद्धि र विकास गर्ने।
- पुर्वधार विकास का बिधि तथा प्रक्रियाहरुलाई गुणास्तरीय पारदर्शि एवम जवाफदेहि बनाउनु।
- शुरक्षित बिद्यालयका भौतिक पुर्वधारका लागि उपयुक्त मापदण्ड विकास गर्नु।
- आवश्यक श्रोत साधनको व्यवस्थापन गर्नु।
- पुर्वधारहरुलाई अपाङ्गमैत्री र लैङ्गिक मैत्री वनाउनु आदि

### ४.६.४ उदेश्यहरु

- शुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।
- अपाङ्गमैत्री, बालमैत्री कक्षा कोठा व्यवस्थापन गर्दै कक्षा कोठा व्यवस्थापन गर्ने।
- विद्यालयको कक्षाकोठाहरु धुलोरहित वनाउनको लागि योजना तर्जुमा गर्ने।

### ४.६.५ रणनितिहरु

- यस स्थानिय तह अन्तर्गतका विद्यालय भवनहरु वालमैत्री, अपाङ्गमैत्री बनाईने छ।
- विद्यालयको तह र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने पुर्वाधारको पुनर्परिभाषित गरिने
- कक्षाकोठा ब्यवस्थापनको लागि उपयुक्त किसिमको डेस्क बेन्चको प्रवन्ध मिलाईने छ।

- विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार  तथा विभिन्न संघ संस्था तथा दातृ निकायहरुसँग लागत साझेदारी गरिनेछ।
- विद्यालयहरु निर्माण गर्दा कक्षाकोठा शिक्षक प्रधानाध्यापक पानी शौचालय चमेना गृह सबैको योजना समावेश गरि डिजाइन गरिनेछ।

### ४.६.६ उपलव्धि, नतिजाहरु र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

**उपलव्धि**

- बिद्यालयमा रहेका भौतिक संरचना, खेलमैदान, खानेपानि, सुचना प्रबिधिको बिस्तार भई सिकाईलाई प्रभावकारी, गुणस्तरीय र उपयुक्त वनाउन सहयोग पुग्नाका साथै बिद्यालय शिक्षाको ब्यवस्थापनमा सुधार भई शुसासन प्रवर्द्धन हुने।

**नतिजाहरु**

- क्षतिग्रस्त संरचना र कोभिड-१९ का कारणले असर परेको शैक्षिक प्रणालिमा राष्ट्रिय उदेश्यअनुरुपको लक्ष्यमा पुग्ने।
- कक्षा कोठा धुलोरहित भई Cemented वाल मैत्री, अपाङ्गमैत्री, कक्षाकोठा सञ्चालन हुने।
- सामुदायिक सिकाई केन्द्रमा सुचना प्रबिधिको प्रयोग विस्तार हुने।
- सुचना प्रविधिमा आधारीत शिक्षक सहायता प्रणालिको विकास तथा सञ्चालन हुने।
- अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन प्रणालिमा सुधार भई लागत, जनशक्ति र समयको बचत हुने।
- भौतिक पूर्वाधार विकासका लागि १० वर्षे मास्टर प्लान गर्ने।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | १० | |
| २ | नयाँ भौतिक संरचना निर्माण (भवन, शैचालय,घेराबारा,खानेपानी छात्रबास) | पटक | ७ | ७ | ८ | ७ | ७ | ३६ | १६ | |
| ३ | शुद्द खानेपानीको व्यवस्था | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सुचना र प्रविधिलाई अङ्ग्रजीमा Information Technology -IT भनिन्छ। सुचना भनेको सन्देश तथा घटना, तथ्याङ्क, सङ्केत आदि हो भने प्रविधि भनेको कार्यसम्पादनमा सहजता ल्याउन तयार पारिएको वैज्ञानिक सामग्री वा साधन हो। यस्ता साधनहरुमा कम्प्युटर, ल्यापटप, ट्यावलेट, प्रोजेक्टर, मोबाइल जस्ता पर्ने र तिनका माध्यमबाट सुचना आदानप्रदान गर्ने कार्य सुचना तथा प्रविधि हो। शिक्षामा सुचना र प्रविधि भनेको मुलतः शैक्षिक प्रकृया वा शिक्षण सिकाइमा आवश्यक प्रविधि प्रयो गरि सुचना आदानप्रदान कार्य हो। वर्तमान समयमा शिक्षामा सुचना प्रविधिका प्रचलित साधनहरुका रुपमा रेडियो, टि. भी., मोबाइल, टेलिफोन, कम्प्युटर,ल्यापटप, ट्यावलेट, आइप्याड, प्रोजेक्टर, सि.डी, पेनड्राइभ, डाटा कार्ड आदि प्रयोग हुने गरेका छन्। त्यस्तै इन्टरनेट तथा विविध वेब पेजहरु, युटुब, फेसबुक, एप्स तथा विभिन्न प्रोग्रामहरु, विविध श्रव्यदृष्य सामग्रीहरु, माइक्रोसफ्ट अफिस प्याकेज आदि सफ्टवेयरका प्याकेजहरुले पनि शिक्षामा सुचना प्रविधिको प्रयोगलाई सहज बनाएको छ।

सुचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक वनाउन, सिकाइप्रति विद्यार्थीहरुलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरि सुशासन कायम गर्न सहयोग गर्दछ। शिक्षामा सुचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीहरुका लागि सुचना तथा सञ्चार प्रविधिको आधारभुत पहुँच पुऱ्याई

डिजिटल भिन्नता कम गर्ने, सुचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग गरि सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्दतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभुतिका लागि सुचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउँछ ।

कोभिड १९ को महामारीले शिक्षामा सुचना तथा सञ्चाार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपद तथा महामारिमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेको क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरि सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकेको छैन । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्नेगरि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु चुनौतिपूर्ण कार्य रहेको छ ।

### ४.७.२ वर्तमान अवस्था

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगको वर्तमान अवस्थाको विश्लेषण गर्दा आवश्यक नीत, कानुन तथा रणनीतिहरुको अवस्था र निनको कार्यान्वयन, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धि गुरु योजना तथा यसको कार्यान्वयन र विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम, लक्ष्य र प्रगतिको समिक्षा गर्नुपर्ने हुन्छ । नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ । डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय तथा क्याम्पसहरुमा सूचना तथा सञ्चार प्रविधि शिक्षा जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धि क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धि साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवद्र्दन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि नीतिहरु उल्लेख गरेको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरुमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धि संरचना तयार गर्ने, कनेक्टिभिटि पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ ।

वि.सं. २०७६ देखि नेपाल दुरसञ्चार प्राधिकरणले पनि ग्रामिण दुरसञ्चार विकास कोष मार्फत केही विद्यालयहरुलाई प्रस्ताव आह्वान गरी कनेक्टिभिटी र अन्य संरचनामा सहयोग गरिरहेको छ । नेपाल सरकारको तर्फबाट हरेक माध्यमिक विद्यालयमा निःशुल्क इन्टरनेट जडान गरिएको छ ।

यस गाउँपालिकामा हालसम्म सूचना तथा सञ्चार प्रविधिको प्रयोग आशिंक रुपमा केही विद्यालयहरुमा मात्र व्यवस्थापन र प्रयोग गरिएको छ । यस गाउँपालिकामा ९ ओटा सामुदायिक माध्यमिक विद्यालयमध्ये श्री थर्पुडाँडा माध्यमिक विद्यालयमा नेपाल दुरसञ्चार प्राधिकरणले ग्रामिण दुरसञ्चाार विकास कोष मार्फत कनेक्टिभिटी र अन्य संरचना व्यवस्थापनमा सहयोग गरेको छ भने यस गा.पा. ले प्रत्येक मा. वि. लाई ई-हाजिरी र सोलार व्यवस्थापन गर्ने योजनामा छौ । साथै राष्ट्रिय मा.वि. बास्पानीमा ई-लाइब्रेरीको समेत थप व्यवस्थापन भएको छ । श्री पृथ्वी मा.वि. र कुहुडाँडा मा.वि.मा १२ वटा ल्यापटप सहितको कम्प्युटर ल्याव रहेको छ । अन्य माध्यमिक विद्यालयहरुमा आशिंक रुपमा सुचना तथा सञ्चार प्रविधिको व्यवस्थापन गरिएको छ तथा अन्य आधारभुत विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापन र प्रयोग गर्न सकिएको छैन ।

### ४.७.३ अवसर र चुनैतिहरु

**अवसर**

- शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट शिक्षकको शिक्षणलाई सहजीकरण गर्न तथा विद्यार्थीको सिकाइलाई दिगो बनाउन र समग्रमा शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन सकिनेछ।

**चुनौती**

- सुचना तथा सञ्चार प्रविधिले शिक्षण र सिकाइलाई प्रभावकारी बनाउन सक्छ भन्ने कुरा अध्ययनले देखाएको छ। यसो भएता पनि सूचना तथा सञ्चार प्रविधि र शिक्षा प्रणालीलाई मिलाएर लैजान कठिन देखिएको छ।
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि डिजिटल सामग्रीको पर्याप्तता नहुनु।
- धेरैजसो विद्यालयहरुमा कम्प्युटर लगाएत सूचना प्रविधि सम्बन्धि सामग्री तथा इन्टरनेट कनेक्टिभिटीको अभाव हुनाले यसलाई पूर्ण रुपमा विद्यालयमा आधारित बनाउन नसक्नु।
- सरकारी अनुदानमा खरीद गरिने साधनमा कमजोर गुणस्तर हुने र ती सामग्रीहरु छिट्टै विग्रने तथा लामो समय मर्मत सम्भार नभइ काम नलाग्ने हुनु ।
- विद्यालयमा प्राविधिक साधनको प्रयोग प्रशासनिका कामका लागि र शिक्षकले फुर्सदको समय विताउने माध्यमको रुपमा हुनु।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा दक्ष जनशक्तिको अभाव हुनु।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विद्यालयहरुमा इच्छाशक्तिको अभाव हुनु।

### ४.७.४ उद्धेश्यहरु

- शिक्षण सिकाइलाई गुणस्तरीय तथा प्रभावकारी बनाउनको लागि सुचना तथा प्रविधिको पहुँचका विस्तार गर्नु।
- विद्यालय तहको शासकीय प्रबन्धलाई प्रभावकारी बनाउन सुचना तथा प्रविधिको प्रयोमा वृद्धि गर्नु।
- बालबालिकाहरुलाई आधुनिक सुचना तथा प्रविधिहरुको ज्ञान तथा सीपको अवसर प्रदान गर्नु।

### ४.७.५ रणनितिहरु

- सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभुत संरचना तथा उपकरणको प्रवन्ध गरिनेछ।
- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सबै शिक्षकहरुको क्षमता विकास गरिनेछ।
- शिक्षण सिकाइ क्रियापलापमा सूचना तथा सञ्चार प्रविधिको व्यापक प्रयोग गरिनेछ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यवस्थित गर्न सुरक्षित भौतिक संरचनाको निर्माण गरिनेछ।

### ४.७.६ उपलव्धिहरु, नतिजा र  प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

**उपलव्धि**

- प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गरि सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाई विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार तथा सुशासन कायम हुने।

**नतिजा**

- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।
- विद्यालय तहका सम्पूर्ण विद्यार्थीहरुले सूचना तथा सञ्चार प्रविधि सम्बन्धि सिकाइमा आधारभुत ज्ञान प्राप्त गरेको हुने।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा दक्ष जनशक्तिको पर्याप्तता हुने।
- पर्याप्त सुरक्षित भौतिक संरचनाको निर्माण हुने।
- शिक्षण सिकाइ क्रियापलापमा सूचना तथा सञ्चार प्रविधिको व्यापक प्रयोग हुने।

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | एक विद्यालय सुचना प्रविधिको न्युनत्तम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर र इन्टरनेट) कार्यक्रम | संख्या | ७ | ७ | ७ | ७ | ७ | ३५ | ७० | |
| ३ | ICT Lab को स्थापना | संख्या | ९ | ९ | ९ | ९ | ९ | ३५ | ३५ | |
| ४ | शिक्षण सिकाइमा आइसीटी सम्बन्धी शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विद्यालय सञ्चालनमा आइसीटीको प्रयोग सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकासको कलस्टर स्तरीय जनशक्तिको पहिचान, क्षमता विकास तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | एक शिक्षक एक ल्यापटप सहयोग कार्यक्रम | विद्यालय | ७ | ८ | ७ | ७ | ७ | ७ | १४ | |
| ८ | आइसीटी सम्बन्धी शिक्षक तथा विद्यार्थीको नवप्रवर्तनात्मक क्षमता सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

शिक्षा क्षेत्रलाई  शिक्षा पद्धतिमा निर्णय लिने र कार्यान्वयन गर्ने सम्पूर्ण प्रक्रिया नै शासकीय प्रबन्ध (Governance) हो, जसमा आवश्यक संरचना र प्रक्रिया दुवै समावेश हुन्छ। विद्यालय क्षेत्रमा योजना प्रभावकारी र कुशलतापूर्वक लागू गरी बालबालिका र विद्यार्थीको आवश्यकताअनुसार सिकाइ सुधार गर्ने प्रणालीलाई सुशासन भनिन्छ। सुशासनले संरचना, भूमिका र कार्यप्रणाली समेट्दै सहभागीता, सहमति, जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्छ, साथै विधिको सर्वोच्चता र समानताको सम्मान कायम राख्छ । संघीय संरचनाअनुसार शिक्षा क्षेत्रमा संघ, प्रदेश, स्थानीय सरकार, विद्यालय, समुदाय, गैरसरकारी संस्था र विकास साझेदारहरूको भूमिका महत्वपूर्ण हुन्छ। सुशासन कायम गर्न सबै सरोकारवालाको सक्रिय सहभागिता आवश्यक छ। त्यसका लागि उपयुक्त संस्थागत संरचना, क्षमता विकास योजना, जिम्मेवार कार्यान्वयन, प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली स्थापना गर्नुपर्छ । नेपालको संविधानले शिक्षा अधिकार तीन तह संघ, प्रदेश र स्थानीय बीच बाँडेकोले संघीय संरचनाले ल्याएको दायित्व, प्रविधि, मूल्य मान्यता र दृष्टिकोणका परिवर्तनहरूलाई ध्यानमा राख्दै काम गर्नुपर्छ। यसरी सुशासनको प्रवर्द्धनले योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न र समग्र व्यवस्थापन प्रभावकारी बनाउन मद्दत गर्दछ ।

### ५.१.२ वर्तमान अवस्था

शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले सञ्चालन गर्दै आएको छ । सवै विद्यालयमा सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक–अभिभावक संघको कार्यकारी समिति रहेका छन्। सामुदायिक विद्यालयमा एक–एक जना विद्यालय सहायकको व्यवस्था छ। विद्यालय व्यवस्थापन समितिको बैठक अधिकांश विद्यालयमा नियमित भए पनि शिक्षक–अभिभावक संघको बैठक अपेक्षाकृत कम हुँदै आएको देखिन्छ। सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण सबै विद्यालयले सञ्चालन गर्छन्। तर, नागरिक सुझावपत्र, गुनासो सुनुवाइ संयन्त्र, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरूले आंशिक मात्र उपलब्धि हासिल गरेका छन्। यस योजनाको उद्देश्य प्रारम्भिक बालविकास, आधारभूत शिक्षा र माध्यमिक शिक्षा क्षेत्रमा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरको विस्तार, समता र समावेशीकरण प्रवर्द्धन गर्नु तथा जवाफदेही शैक्षिक सुशासन स्थापना गर्नु हो। यसका लागि आवश्यक संस्थागत संरचना, प्रक्रिया र क्षमता विकास पहिचान गरिएको छ। शिक्षा विकास कार्यक्रमको प्रभावकारी र कुशल कार्यान्वयन सुनिश्चित गर्न विद्यमान पद्धति, चुनौतीहरू र सुधारका प्रस्तावहरू समीक्षा र पहिचान गरिएका छन्। यसै गरी शैक्षिक सत्र विद्यालयको विद्यालय सुधार योजना सबै बिद्यालयले तयार गरेको  र सामाजिक परीक्षण पनि सबै विद्यालय ले सम्पन्न गरेका छन् । समग्रमा यस गाउँपालिकामा विद्यालय ले अभिभावक भेला, अतिरिक्त क्रियाकलाप गरेका छन् । समग्रमा शैक्षिक सुशासन तथा जवाफदेहिता अन्तर्गत यस गाउँपालिकामा विभिन्न किसिमका कार्यक्रमहरु भएको देखिन्छ । विद्यालयमा गुनासो सुनुवाइ सयन्त्रको विकास, लैङ्गिक सम्पर्क व्यक्ति र पद्धतिको कार्यान्वयन तथा जवाफदेहिताका अन्य क्रियाकलापहरुमा ध्यान पुर्याउन सके सुशासनका कार्यहरु थप प्रभावकारी बनाउन सकिन्छ । सुशासन कायम गर्न तथा शैक्षिक क्षेत्रमा जवाफदेहिता कायम गर्नका निमित्त संस्थागत क्षमता विकास र परिचालन प्रभावकारी रूपमा गर्नु आवश्यक देखिन्छ ।

### ५.१.३ उद्देश्यहरू

यस योजनाले शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकाससँग सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु
- जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु

### ५.१.४ रणनीतिहरू

यस योजनाले  यस योजनाले शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकाससँग सम्बन्धीत निम्न लिखित रणनीतिहरू राखेको छः

- स्थानीय तहमा शिक्षा व्यवस्थापन प्रभावकारी बनाउने नीति, योजना र मार्गदर्शन तयार गर्ने।
- संस्थागत संरचना अनुसार जनशक्ति व्यवस्थापन गर्ने।
- कार्यरत जनशक्तिको क्षमता वृद्धि गर्ने।
- स्थानीय तहमा शिक्षक सहयोग प्रणाली र उपयोगी प्राविधिक प्रणाली स्थापना गर्ने।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा पदाधिकारीलाई जिम्मेवार बनाई क्षमता विकास गर्ने।
- कार्यसम्पादन प्रभावकारी बनाउन आवश्यक स्रोत र साधनको व्यवस्था सुनिश्चित गर्ने।

- औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका लागि स्थानीय तथा सामुदायिक स्तरमा आवश्यक संयन्त्र तयार गर्ने।
- शिक्षक दरबन्दी मिलान, सरुवा, मूल्याङ्कन, विद्यालय नक्साङ्कन, सञ्चालन अनुमति, पुस्तकालय/वाचनालय व्यवस्था, अनौपचारिक शिक्षा र साक्षरता कार्यक्रम सञ्चालन गर्न शिक्षा शाखामा संरचना विकास गर्ने।
- शिक्षक दरबन्दी अभाव भएमा प्रदेश सरकारसँग समन्वय गरी पदपूर्ति र तलबमानमा समानता सुनिश्चित गर्ने।
- विद्यालय सञ्चालनका लागि सक्षम र अधिकार प्राप्त प्रधानाध्यापकको व्यवस्था गर्ने।
- बालबालिका, अभिभावक र शिक्षकलाई जिम्मेवार बनाउने, शिक्षक छनोटका लागि मनोवैज्ञानिक, मनोसामाजिक र प्रविधि सम्बन्धी दक्षता मूल्याङ्कन गर्ने, र तीन तहको सरकारबीच सहकार्यका लागि समन्वयात्मक वातावरण सिर्जना गर्ने।

## ५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

**उपलब्धि**

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ।
- संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ।

### प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | गाउँपालिकाको शिक्षा ऐन संशोधन | पटक | १ | ० | ० | ० | ० | १ | २ | |
| २ | कार्यविधि निर्माण गरी विद्यालय विकास प्रस्ताबनाको आधार खुल्ला प्रतिस्पर्धाबाट प्रअको छनोट र नेतृत्व सम्बन्धी तालिम | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | विब्यस तथा प्रअको क्षमता विकास कार्यक्रम | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५० | |
| ४ | आचारसंहिताको निर्माण र कार्यान्वयन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५० | |
| ५ | प्रधानाध्यापक सँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | कार्यविधि तयार सहित उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा तथा पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | बार्षिक विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | वडाको संयोजकत्वमा विज्ञ समुहबाट विद्यालय अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन तथा अक्षयकोष एवम् आर्थिक स्रोत संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | शिक्षा समितिको नियमित बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | विब्यसशिअस परिचालन सहयोग कार्यक्रम | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५० | |
| १४ | प्रअको नियमित मासिक बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

नेपालका ग्रामीण क्षेत्रमा शिक्षाको पहुँच र गुणस्तर सुधार गर्न स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन आवश्यक छ। स्थानीय सरकारले भौगोलिक, सामाजिक र आर्थिक अवस्थालाई ध्यानमा राखी पूर्वाधार विकास, शिक्षक तालिम, शैक्षिक सामग्री र समावेशितामा आधारित रणनीति तयार गर्नुपर्छ। स्रोत–साधनको कुशल परिचालन, स्थानीय निकायको सशक्तिकरण र समुदायको सक्रिय सहभागिताले योजना कार्यान्वयनलाई प्रभावकारी बनाउँछ। योजना कार्यान्वयनमा वार्षिक योजना तथा बजेट तर्जुमा, कार्यक्रम निर्धारण, वित्तीय व्यवस्थापन, अनुगमन र मूल्याङ्कन महत्वपूर्ण पक्ष हुन्। संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्दै स्पष्ट जिम्मेवारी र प्रभावकारी कार्यान्वयन प्रणाली आवश्यक हुन्छ। शिक्षा योजना कार्यान्वयनमा गाउँपालिका, विद्यालय, शिक्षक, अभिभावक, समुदाय र अन्य सरोकारवालाहरूको महत्वपूर्ण भूमिका रहन्छ। विशेषगरी प्रधानाध्यापकको नेतृत्व, शिक्षकहरूको समर्पण, र समुदायको स्वामित्व भावनाले योजना सफल बनाउन मद्दत गर्दछ। प्रभावकारी व्यवस्थापन, जनशक्ति विकास र नियमित शैक्षिक कार्यक्रम सञ्चालनमार्फत शिक्षा योजनालाई सफल र परिणाममुखी बनाउन सकिन्छ ।

### ५.२.२ वर्तमान अवस्था

शिक्षा योजना कार्यान्वयनमा गाउँपालिका र गाउँ शिक्षा समितिको मुख्य जिम्मेवारी भए पनि विद्यालय, शिक्षक, विद्यार्थी, वडा कार्यालय, संघीय तथा प्रदेश सरकार, स्थानीय समुदाय, अभिभावक, विद्यालय व्यवस्थापन समिति लगायत सबै

सरोकारवालाको महत्वपूर्ण भूमिका रहन्छ। विशेषगरी प्रधानाध्यापकको नेतृत्व, शिक्षकहरूको समर्पण तथा समुदायको सक्रिय सहभागिताबाट वार्षिक शैक्षिक कार्यक्रम सञ्चालन, आर्थिक व्यवस्थापन र विभिन्न शैक्षिक क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन सम्भव हुन्छ, जसले शिक्षा योजनालाई सफल र परिणाममुखी बनाउन सहयोग पुऱ्याउँछ।

हाल स्थानीय तहले आफ्नो शैक्षिक क्षेत्राधिकार अन्तर्गतका कार्यहरूमा अनुगमन, नियमन तथा मूल्याङ्कन गर्दै आएको छ। गाउँपालिकाको शिक्षा शाखाबाट समय–समयमा विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन गरिने गरेको छ र कहिलेकाहीँ जनप्रतिनिधिहरूलाई समेत सहभागी गराई संयुक्त अनुगमन गर्ने अभ्यास पनि रहेको छ। विद्यालय स्तरमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको नेतृत्वमा आन्तरिक अनुगमन गर्ने व्यवस्था रहेको छ । यद्यपि अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक संरचना र निकायहरू गठन भए पनि ती पूर्ण रूपमा सक्रिय हुन सकेका छैनन्। अनुगमनका क्रममा सुधारात्मक सुझावहरू दिइए पनि तिनको प्रभावकारी कार्यान्वयन गर्ने प्रणाली अझ सुदृढ हुन बाँकी छ। साथै समग्र कार्यक्रम कार्यान्वयनको नियमित प्रगति समीक्षा, प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको स्थायी प्रणाली विकास र परिचालनमा पनि चुनौतीहरू देखिएका छन्। शिक्षा क्षेत्रमा भएका सफलता, सिकाइ तथा राम्रा अभ्यासहरूको व्यवस्थित दस्तावेजीकरण र प्रचार–प्रसारको आवश्यकता पनि देखिन्छ।

### ५.२.३ उद्देश्यहरू

यस योजनाले स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- वार्षिक शिक्षा योजना तथा बजेट तर्जुमा गरी कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तथा आवश्यक स्रोत–साधनको व्यवस्थापन गर्नु ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरू तयार गरी लागू गर्नु ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत कार्यक्रमको प्रगति विवरण संकलन, समीक्षा तथा सुधार गर्दै परिणाममा आधारित अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्नु ।
- शिक्षक सहायता प्रणालीमार्फत क्षमता विकास र शैक्षिक कार्यक्रम सञ्चालन तथा समस्या समाधान गर्नु ।

### ५.२.४ रणनीति

यस योजनाले स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध सम्बन्धी निम्न लिखित रणनीतिहरू राखेको छः

- नीति निर्माण, बजेट तयारी र अनुगमनमार्फत कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।
- संघीय, प्रदेश र स्थानीय स्रोतहरू समेकन गरी शिक्षा कार्यक्रम योजना बनाउने।
- पारदर्शी कार्यान्वयनका लागि नीति, कार्यविधि र निर्देशिका तयार/संशोधन गर्ने।
- IEMIS मार्फत सूचना संकलन, विश्लेषण र अनुगमन गर्ने।
- सबै विद्यालयले SIP निर्माण, अद्यावधिक र कार्यान्वयन गर्ने ।
- प्रधानाध्यापकलाई नेतृत्वदायी भूमिका दिई क्षमता अभिवृद्धि गर्ने।
- शैक्षिक सामग्री खरिद, शिक्षक व्यवस्थापन र कक्षा सञ्चालनका मापदण्ड लागू गर्ने।

- अभिभावक बैठक, सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण प्रभावकारी बनाउने।
- सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता, जीवनोपयोगी सीप र आजीवन सिकाइ कार्यक्रम सञ्चालन गर्ने।

## ५.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित हुनेछ ।
- अनुगमनमार्फत योजना कार्यान्वयनमा आएका समस्या र चुनौतीहरू समयमै सम्बोधन गरिनेछ र मूल्याङ्कनको आधारमा सुधार तथा आवश्यक नयाँ योजना निर्माणका लागि मार्गदर्शन प्राप्त हुनेछ।
- कार्यक्रमको आवधिक समिक्षा गरी सफलतालाई कायम राख्ने, कमजोरी सुधार गर्ने र पुन: योजना अध्यावधिक गर्ने ।

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वडा शिक्षा समिति गठन र परिचालन | वडा | ७ | ७ | ७ | ७ | ७ | ३५ | ७० | |
| २ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | एकीकृत शैक्षिक सूचना प्रणाली सृदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | योजनाको समीक्षा तथा पुर्न योजना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | योजना कार्यान्वयनको आन्तरिक तथा बाह्य अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | योजना कार्यान्वयनका लागि अन्य संघ सस्थासँग समन्वय साझेदारी र सहकार्य गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | कार्यक्रम कार्यान्वयन मार्गदर्शन, कार्यविधि र निर्देशिका तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | बार्षिक प्रगति प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | शैक्षिक तथ्यांकको विश्लेषण गरी शैक्षिक स्मारिका प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद- ६ लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचयः

नेपालको संविधान र शिक्षा सम्बन्धी कानुनअनुसार, सबै नागरिकलाई आधारभूत तहसम्म निःशुल्क र अनिवार्य शिक्षा प्राप्त गर्ने अधिकार छ भने माध्यमिक तहसम्म पनि निःशुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था गरिएको छ। यसले सार्वभौमिक शिक्षा अधिकार (Right to Education)को सिद्धान्तलाई आधार बनाउँछ। स्थानीय सरकारलाई शिक्षा क्षेत्रमा अधिकार सुम्पिनु सशक्त शासन (Empowered Governance)को अभ्यास हो। विकेन्द्रीकरणले स्थानीय तहलाई निर्णय लिन सक्ने अधिकार दिएको हुँदा सेवा गुणस्तर, जवाफदेहिता र सामाजिक सहभागिता बढ्छ। स्थानीय सरकारले शिक्षा सम्बन्धी २३ वटा अधिकार (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार) पाएको कुरा यस क्षेत्रको स्पष्ट उदाहरण हो। विद्यालय प्रशासन, नीति निर्माण, योजना कार्यान्वयन र अनुगमनमा स्थानीय तह, समुदाय र अभिभावकको सक्रिय सहभागिता हुनु सहभागितामूलक शासनको अभ्यास हो। शिक्षा सुशासन (Education Good Governance)को सिद्धान्तअनुसार, नीति निर्माण र कार्यान्वयनमा सरोकारवालाको प्रत्यक्ष संलग्नता हुँदा शिक्षा प्रणाली प्रभावकारी हुन्छ। शिक्षा क्षेत्रमा गरिएको लगानी र अनुदान पारदर्शी, उद्देश्यअनुरूप र नीतिनिष्ठ रूपमा खर्च हुनु वित्तीय सुशासन (Financial Governance)को अंश हो। स्रोतको आकलन, बजेट विनियोजन र खर्चको अनुगमन Public Financial Management (PFM) सिद्धान्तसँग सम्बन्धित छ।

शिक्षामा गरिएको लगानीले दीर्घकालीन रूपमा उत्पादनशील मानव पूँजी विकास गर्दछ भन्ने मानव पूँजी सिद्धान्त (Human Capital Theory)सँग जोडिन्छ। आधारभूत तहमा सबैलाई शिक्षा उपलब्ध गराएर दीर्घकालीन सामाजिक–आर्थिक रूपान्तरण सम्भव हुन्छ। शिक्षा पूर्वाधारमा लगानी Return on Investment (ROI)सँग सम्बन्धित हुन्छ। हाल शिक्षा क्षेत्रमा लगानी न्यून (२०%) भएकाले यसलाई आवश्यक स्तरमा पुऱ्याउनु शिक्षा विकासको प्राथमिकता हो। शिक्षा नीतिको प्रभावकारी कार्यान्वयनका लागि तलदेखि माथि (bottom-up) प्रक्रिया, समन्वय र अन्तर-तह सहकार्य आवश्यक छ। संघीय संरचनाभित्र शिक्षा नीति कार्यान्वयन यही सिद्धान्तसँग मेल खान्छ। सुधार, विकेन्द्रीकरण, वित्तीय पारदर्शिता र स्थानीय सशक्तीकरणका यी प्रयास समाजशास्त्र, विकास अध्ययन र सार्वजनिक नीति सिद्धान्तसँग गहिरो रूपमा सम्बन्धित छन्। यी सिद्धान्तहरूको व्यावहारिक कार्यान्वयनले मात्र शिक्षा क्षेत्रलाई गुणस्तरीय, समावेशी र न्यायोचित बनाउन सक्छ।

## ६.२ वर्तमान अवस्थाः

विश्वव्यापी रूपमा दिगो विकास लक्ष्य (SDGs) प्राप्त गर्न शिक्षा क्षेत्रमा कुल बजेटको कम्तिमा २० प्रतिशत विनियोजन गर्ने प्रतिवद्धता भए पनि, हाल शिक्षा क्षेत्रको बजेट क्रमशः घट्दै गएको देखिन्छ। ससर्त अनुदानको ९५ प्रतिशतभन्दा बढी रकम शिक्षक तलब, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता प्राथमिक आवश्यकतामा खर्च हुने गर्दछ। गुणस्तर सुधार र क्षमता विकासका कार्यक्रमहरू प्रायः स्थानीय सरकारको नेतृत्वमा सञ्चालन हुनेछन् । शिक्षा योजना कार्यान्वयनका लागि वित्तीय स्रोत मुख्य रूपमा संघीय, प्रदेश र स्थानीय सरकारबाट उपलब्ध गराइनेछ, र अभिभावक तथा समुदायको भूमिका पूरकका रूपमा रहनेछ। क्षेत्रगत साझेदारीका लागि शिक्षा क्षेत्रमा कार्यरत संघसंस्थाहरूलाई विशेषज्ञताका आधारमा समावेश गर्न सकिने व्यवस्था छ।

वित्तीय व्यवस्थापनका प्राथमिकतामा पर्याप्त स्रोत सुनिश्चित गर्नु, विद्यालयलाई आवश्यकता अनुसार स्रोत उपलब्ध गराउनु, र स्रोत–साधनको प्रभावकारी व्यवस्थापनमार्फत वित्तीय सुशासन कायम गर्नु पर्दछ। नतिजामुखी विनियोजन पद्धतिअनुसार,

विद्यालयहरूले नियमित अनुदानसँगै एकमुष्ट, माग आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदान पाउनेछन्। शिक्षा योजना कार्यान्वयनका लागि स्रोतको आकलन तयार गरिएको छ र पहिलो पाँच वर्षको अनुमानित बजेट प्रस्तुत गरिएको छ। पाँच वर्षको मूल्याङ्कनपछि आवश्यकतानुसार आगामी पाँच वर्षका लागि थप स्रोत व्यवस्थापन गरिनेछ। स्थानीय तहको कुल बजेट ५० करोड ७ लाख ५९ हजार ३ सय ७३ रुपैयाँ रहेको छ। यसमध्ये शिक्षा क्षेत्रमा १८ करोड १६ लाख ३४ हजार ५ सय रुपैयाँ बजेट विनियोजन गरिएको छ। साथै, सशर्त अनुदान बाहेक शिक्षा क्षेत्रमा छुट्याइएको बजेट १ करोड २६ लाख ६६ हजार ५ सय रुपैयाँ रहेको छ।

त्यसैगरी विकास प्रक्रियामा जनसहभागिता अभिवृद्धि गर्ने, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन गर्ने, व्यवसायिक तथा प्रविधिमैत्री शिक्षामा जोड दिने, लगानीकर्तासँग समन्वय सुदृढ गर्ने तथा राजश्व प्रणालीमा सुधार गर्दै करको दायरा विस्तार र चुहावट नियन्त्रण गरी राजश्व परिचालन वृद्धि गर्नु आवश्यक रहेको देखिन्छ। साथै, सीमित स्रोत–साधन, विकासप्रति जनताको उच्च अपेक्षा, आकस्मिक प्रकोप तथा विपद्, भूमिहीन तथा अव्यवस्थित बसोबास, तीव्र सहरीकरण, खेतीयोग्य जमिनको भू–खण्डीकरण तथा व्यवसायहरूको दर्ता र सूचीकृत नहुनु जस्ता विषयहरूलाई बजेट कार्यान्वयन र राजश्व संकलनका प्रमुख चुनौतीका रूपमा पहिचान गरिएको छ।

## ६.३ अवसर तथा चुनौतीहरू

| **अवसर** | **चुनौतीहरू** |
|---|---|
| संविधान, नीति र कानूनी व्यवस्थाले शिक्षा क्षेत्रको विकास लाई सुनिश्चित गर्ने आधार। | राजस्व संकलनमा अस्थिरता र अपर्याप्तता। |
| स्थानीय सुधार र कार्यक्रम कार्यान्वयनमा समुदाय र सरोकारवालाको सक्रिय सहभागिता। | शिक्षा क्षेत्रमा लगानी बढाउने र उपलब्ध स्रोतको प्रभावकारी व्यवस्थापनमा कठिनाइ। |
| अनुदान र लगानीलाई परिणाममुखी, पारदर्शी र सामाजिक उत्तरदायित्वसँग जोड्ने सम्भावना। | सीमित क्षेत्रीय स्रोतहरूलाई सामाजिक उत्तरदायित्व र दीगो विकाससँग जोड्ने चुनौती। |
| स्थानीय तहले आफ्नै स्रोत परिचालन गरेर दीगो, प्रभावकारी र स्थायित्वपूर्ण शिक्षा सेवा प्रवाह गर्न सक्ने क्षमता। | विद्यार्थीको शिक्षाको गुणस्तर सुधारका लागि पर्याप्त बजेट र स्रोत सुनिश्चित नगर्नु। |
| नयाँ कार्यक्रम र परियोजनाहरूको लागि नीति, संरचना र बजेट व्यवस्थापनलाई सुधार गर्ने अवसर। | प्रशासनिक क्षमता र प्रक्रिया कार्यकुशल बनाउन व्यक्ति र संस्थाको क्षमता अभाव । |
| | वार्षिक बजेट र अनुदान अनुमान अनुसार स्रोतको सुनिश्चितता र प्रभावकारी परिचालन। |

## ६.४ उद्देश्यः

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन्ः

- योजना अवधिका लागि आवश्यक आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- विद्यालय शिक्षाका कार्यक्रमहरू कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
- विद्यालय शिक्षाको बजेटमा वृद्धि गर्नु ।

- शैक्षिक पूर्वाधार, गुणस्तर अभिवृद्धि, शिक्षकको दक्षता विकास, सूचना प्रविधिको एकीकरण, समावेशी शिक्षा, र कमजोर समूहहरूको पहुँच विस्तारजस्ता क्षेत्रहरूलाई प्राथमिकता क्षेत्रका रूपमा पहिचान गर्नु ।

## ६.५ रणनीतिहरूः

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहायबमोजिम हुनेछन्:

- गाउँपालिकाले शिक्षा क्षेत्रलाई प्रमुख प्राथमिकता बनाई शिक्षा क्षेत्रको बजेटमा क्रमशः वृद्धि गरिने छ ।
- विद्यालय मूल्याङ्कन र आवश्यकता अध्ययन गर्ने।
- समावेशी शिक्षा अनुसार बालबालिका, अपाङ्गता भएका र सीमान्तकृत समूहको अवस्था विश्लेषण गर्ने।
- शिक्षक तालिम र भौतिक पूर्वाधार सुधारका लागि तत्काल र दीर्घकालीन योजना बनाउने।
- संघीय, प्रदेश र स्थानीय सरकारको अनुदान पहिचान गर्ने।
- निजी क्षेत्र, संघसंस्था, दातृ निकाय र अन्तर्राष्ट्रिय साझेदारसँग सहकार्यको रूपरेखा तयार गर्ने।
- अभिभावक र समुदायबाट श्रम, स्रोत र समयमार्फत सामुदायिक लगानी सञ्चालन गर्ने।
- वैकल्पिक स्रोत (जस्तै शिक्षा कोष/Matching Fund) स्थापना र परिचालन गर्ने।
- प्राथमिकता र आपतकालीन आवश्यकताका आधारमा कार्यक्रमको कार्यान्वयन क्रम तय गर्ने।
- बजेट निर्माणमा विद्यालय, शिक्षक, अभिभावक र विद्यार्थीको सुझाव समावेश गर्ने।
- कम लागतमा उच्च प्रभाव पार्ने (Low Cost–High Impact) कार्यक्रम लागू गर्ने।
- सरोकारवालाहरू (संघसंस्था, अभिभावक, निजी क्षेत्र, सञ्चारमाध्यम) को सक्रिय सहभागिता सुनिश्चित गर्ने।
- विद्यालय व्यवस्थापन समिति र शिक्षा समितिहरूलाई सक्षम बनाएर नियमित समन्वय बैठक सञ्चालन गर्ने।

## ६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमानः

वर्षका लागि तयार गरेको शिक्षा क्षेत्रको योजना (२०८३-२०८८) गाउँपालिकामा शिक्षा क्षेत्रलाई प्राप्त हुने बजेटलाई आधार बनाइएको छ। त्यसैगरी बजेटको प्रमुख स्रोतहरूमा तलका निकायहरू रहने अनुमान गरिएको छ ।

- सङ्घीय ससर्त
- प्रदेश बजेट
- स्थानीय तहको बजेट
- विभिन्न सङ्घसंस्था तथा परियोजनाहरू
- अभिभावकहरू

यो शिक्षा योजना पाँच वर्षलाई लक्षित गरिएता पनि दश वर्षसम्म निरन्तर सञ्चालन गर्ने गरी क्रियाकलापहरू तय गरिएकाले बजेटको अभाव हुने देखिन्छ। यो योजना अनुरुप गाउँपालिकाले हरेक वर्ष वार्षिक कार्ययोजना बनाई बजेटको व्यवस्थापन पुनरावलोकन गर्न सक्नेछ। तर पनि हाल गाउँपालिकाको स्रोतलाई आंकलन गर्दै यस शिक्षा योजनालाई प्रस्तावित बजेट अनुमान

गरिएको छ।

| क्र.स. | शिर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | बजेट स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | ३९३.४९ | ७४.७६ | ७४.७६ | ७४.७६ | ७४.७६ | ७४.७६ | २९५.१२ | ३९.३५ | १९.६७ | १९.६७ | १९.६७ | ०.०० |
| २ | आधाभूत शिक्षा | ४९७२.८९ | ९४४.८५ | १०४४.३१ | १०९४.०३ | ९९४.५८ | ८९५.१२ | ३७२९.६६ | ४९७.२९ | २४८.६४ | २४८.६४ | २४८.६४ | ०.०० |
| ३ | माध्यमिक शिक्षा | २६२९.३८ | ४९९.५८ | ५५२.१७ | ५७८.४६ | ५२५.८८ | ४७३.२९ | १९७२.०४ | २६२.९४ | १३१.४७ | १३१.४७ | १३१.४७ | ०.०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ४९३.५० | ९३.७७ | १०३.६४ | १०८.५७ | ९८.७० | ८८.८३ | ३७०.१३ | ४९.३५ | २४.६८ | २४.६८ | २४.६८ | ०.०० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १०४४.५० | १९८.४६ | २१९.३५ | २२९.७९ | २०८.९० | १८८.०१ | ७८३.३८ | १०४.४५ | ५२.२३ | ५२.२३ | ५२.२३ | ०.०० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ८९.१८ | १६.९४ | १८.७३ | १९.६२ | १७.८४ | १६.०५ | ६६.८८ | ८.९२ | ४.४६ | ४.४६ | ४.४६ | ०.०० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १३४.३० | २५.५२ | २८.२० | २९.५५ | २६.८६ | २४.१७ | १००.७३ | १३.४३ | ६.७२ | ६.७२ | ६.७२ | ०.०० |
| ८ | शिक्षामा समता र समावेशीकरण | १४२.४२ | २७.०६ | २९.९१ | ३१.३३ | २८.४८ | २५.६४ | १०६.८२ | १४.२४ | ७.१२ | ७.१२ | ७.१२ | ०.०० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १८७.८९ | ३५.७० | ३९.४६ | ४१.३४ | ३७.५८ | ३३.८२ | १४०.९२ | १८.७९ | ९.३९ | ९.३९ | ९.३९ | ०.०० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१०** | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ३९.५० | ७.५१ | ८.३० | ८.६९ | ७.९० | ७.११ | २९.६३ | ३.९५ | १.९८ | १.९८ | १.९८ | ०.०० |
| **११** | विद्यालय भौतिक पूर्वाधार विकास | १०९१.७० | २०७.४२ | २२९.२६ | २४०.१७ | २१८.३४ | १९६.५१ | ८१८.७८ | १०९.१७ | ५४.५९ | ५४.५९ | ५४.५९ | ०.०० |
| **१२** | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | २५३.०० | ४८.०७ | ५३.१३ | ५५.६६ | ५०.६० | ४५.५४ | १८९.७५ | २५.३० | १२.६५ | १२.६५ | १२.६५ | ०.०० |
| **१३** | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ९२.३० | १७.५४ | १९.३८ | २०.३१ | १८.४६ | १६.६१ | ६९.२३ | ९.२३ | ४.६२ | ४.६२ | ४.६२ | ०.०० |
| **१४** | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | २४.०० | ४.५६ | ५.०४ | ५.२८ | ४.८० | ४.३२ | १८.०० | २.४० | १.२० | १.२० | १.२० | ०.०० |
| **१५** | अनुगमन तथा मूल्याङ्कन | १०.९५ | २.०८ | २.३० | २.४१ | २.१९ | १.९७ | ८.२१ | १.१० | ०.५५ | ०.५५ | ०.५५ | ०.०० |
| **कुल** | | **११५९९** | **२२०४** | **२४२८** | **२५४०** | **२३१६** | **२०९२** | **८६९९** | **११६०** | **५८०** | **५८०** | **५८०** | |

**(वजेट रु. लाख मा )**

# परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन

## ७.१. परिचय

शैक्षिक कार्यक्रममा स्रोत र साधनको पुनर्विनियोजन तथा नविकरण कस्तो भइरहेको छ, लगानी प्रभावकारी रूपमा प्रयोग भएको छ कि छैन, कार्यान्वयन प्रक्रियामा त्रुटि छन् कि छैनन्, र तय गरिएको कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भइरहेको छ कि छैन भन्ने कुरा सुनिश्चित गर्न गरिने गतिविधिलाई अनुगमन भनिन्छ। अनुगमनले कार्यक्रमको प्रगति, लक्ष्यको उपलब्धि र वर्तमान अवस्था बारे तथ्याङ्कमा आधारित जानकारी उपलब्ध गराउँछ । त्यसैगरी, शैक्षिक कार्यक्रमको गुणस्तर, उपयोगिता, क्षमता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित, उद्देश्यपूर्ण र विस्तृत जाँच–परीक्षण गरिने प्रक्रिया मूल्याङ्कन हो। मूल्याङ्कनले कार्यक्रमको नतिजा र प्रभावको विस्तृत समीक्षा प्रदान गर्दछ । अनुगमन सामान्यतया कार्यान्वयनको क्रममा गरिन्छ भने मूल्याङ्कन कार्यतालिका सम्पन्न भएपछि पनि गर्न सकिन्छ। दुवै प्रक्रिया कार्यक्रममा भएको लगानीलाई पारदर्शी, लक्ष्यमुखी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग गर्छ। योजना प्रभावकारी रहेको छ कि छैन भनेर मूल्याङ्कन गर्न यसको पूर्ण अनुगमन र मूल्याङ्कन अनिवार्य हुन्छ। यसको उद्देश्य दीर्घकालीन लक्ष्य र उद्देश्यहरू पूरा भए वा नभएको तथ्यमा आधारित निष्कर्ष निकाल्नु हो। गाउँपालिका र यसको शिक्षा, युवा तथा खेलकुद शाखाले योजना कार्यान्वयन गर्ने जिम्मेवारी पाउनेछन् भने गाउँस्तरीय शिक्षा समिति र अन्य सम्बन्धित पक्षहरूले पनि अनुगमन र मूल्याङ्कनमा सहभागी हुन सक्नेछन्।

## ७.२. वर्तमान अवस्था

